




# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)



» बिहीबार, असार २९, २०७४ » Thursday, July 13, 2017 » www.newsofnepal.com » नेसं ११३७ दिला ला: ४ » वर्ष २३, अंक १८४ » पृष्ठ १२ » मूल्य रू. १०/–







# काष्ठमण्डप अलपत्र

## विभिन्न निकायको हानाथापले गर्दा भूकम्प गएको यतिको समय भइसक्दा पनि अझै कुनै काम अघि बढ्न सकेको छैन।

ईश्वरराज ढकाल, काठमाडौं

काष्ठमण्डप पुनर्निर्माण अभियान परियोजना कार्यान्वयनका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, पुरातत्त्व विभाग, काठमाडौं महानगरपालिका तथा काष्ठमण्डप पुनर्निर्माण अभियानबीच सहमति भएको छ। तर त्यो सहमति अहिले कार्यान्वयनमा समस्या देखिएको छ। कसले बनाउने काण्ठमण्डप? स्थानीय जनताबीच नै विवाद देखिएको छ।

काण्ठमण्डप पुनर्निर्माणमा विवाद देखिएपछि अहिले सो क्षेत्रमा स्थानीय बासिन्दाले तालाबन्दी गरेको अवस्था छ। कामपा हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम कार्यालयका प्रमुख उदय पसखल भन्नुहुन्छ- 'हामीले ताला लगाएका होइनौं, स्थानीयले ताला लगाएर हामीलाई साँचो दिइएको हो।'

कसले बनाउने भन्ने विषयमा विवाद भएपछि यस्तो भएको हुनसक्ने उहाँको भनाइ छ। कामपाको सम्पत्तिका रुपमा रहेको काष्ठमण्डप पुनर्निर्माण गर्न महानगरपालिकाले टेन्डरसमेत आह्वान गरिरहेको थियो। तर त्यो टेन्डर प्रक्रियासमेत अवरुद्ध भएको छ।

'करिब १९ करोड रुपियाँ लागतमा टेन्डर आह्वान गरिएको थियो। अहिले के भयो जानकारी छैन।' -कामपा सम्पदा महाशाखाका प्रमुख अर्चना श्रेष्ठको भनाइ छ। उहाँले १९ करोडमध्ये १३ करोड रुपियाँको त काठमै खर्च हुन्छ। ९ करोड रुपियाँमध्ये निर्माणमा खर्च हुने गरी काम भइरहेको जानकारी दिनुभयो।

'काठ लिन धनगढी जानेसमेत तयारी भएको थियो। अहिले त्यतिकै रोकिएको छ।' -उहाँले भन्नुभयो।



फाइल तस्वीर

काठमाडौंलाई परिचय दिने काण्ठमण्डप २०७२ सालको शक्तिशाली भूकम्पबाट ध्वस्त भएको थियो। सातौं शताब्दीको भनिएको सो काण्ठमण्डपको पूर्ण अध्ययन बेलायतको दुरहाम विश्वविद्यालय र नेपालका पुरातत्त्व विज्ञबाट भएको थियो।

अध्ययनकै क्रममा स्थानीयले काण्ठमण्डप पुनर्निर्माण अभियान गठन गरी ठेक्कापट्टा नभई अमानतमा पुनर्निर्माण गर्न समितिसमेत गठन गरिएको थियो। वीरेन्द्रभक्त श्रेष्ठको संयोजकत्वमा गठित समिति आफैले पुनर्निर्माण गर्ने गरी देशव्यापी अभियान चलाएको थियो। कसले पुनर्निर्माण गर्ने भन्ने विषयमा पटकपटक विरोध भएपछि अभियानले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई समेत पत्राचार गरेको थियो।

**स्थानीय जनता चाँडो पुन: निर्माण होस् भन्ने चाहन्छन्।**

सरकार! काष्ठमण्डप कहिले बन्छ?

पृष्ठ २

त्यसलगत्तै यही वैशाख २९ गते प्राधिकरण, पुरातत्त्व विभाग, काठमाडौं महानगरपालिका र अभियानका तर्फबाट अभियानलाई नै बनाउन दिने गरी समझदारी भएको थियो।

तर त्यो समझदारीअनुसार अभियानबाटै बनाउन मिल्ने व्यवस्था नभएको हनुमानढोका दरबारक्षेत्र संरक्षण कार्यक्रम कार्यालयका प्रमुख पसखलको भनाइ छ। नयाँ कार्यविधि बनाउने गरी समझदारी भएको हो, सम्झौता नै भएको होइन। कार्यविधि बनाएपछि कसले बनाउने भन्ने विषयमा निर्णय गर्न सकिने उहाँको भनाइ थियो।

(क्रमश: पृष्ठ ९ मा)

### सातौं शताब्दीको चिनो

- इतिहासका कतिपय पुस्तकमा काष्ठमण्डप १२औं शताब्दीमा बनेको उल्लेख भए पनि पछिल्लो अध्ययनबाट यसको निर्माण सातौं शताब्दीमा भएको पुष्टि भएको छ। काष्ठमण्डप बनाउँदा प्रयोग गरिएको कोइला र माटोकोअन्तर्राष्ट्रियरूपमा गरिएको पछिल्लो अध्ययन र परीक्षणबाट यो कुरा पत्ता लागेको हो।
- काष्ठमण्डप कहिले बन्यो भनेर इतिहासमा एउटै तिथिमिति उल्लेख छैन। वंशावलीअनुसार काष्ठमण्डप लक्ष्मीनरसिंह मल्लको पालामा बनेको उल्लेख छ। जसमा विसेत नाम गरेका तान्त्रिकले गोरखनाथको कृपाबाट पाएको कल्पवृक्षबाट काष्ठमण्डप नामक सत्तल बनाए र यही सत्तलको नामबाट काठमाडौं नाम रहन गएको हो।

# देउवा आफ्नैको निशानामा

## पार्टी पराजित भएकामा कार्यकर्ता रुष्ट

रामकृष्ण चपागाई
काठमाडौं

सरकारको नेतृत्व गरिरहेको प्रमुख दल नेपाली कांग्रेसले स्थानीय तहको निर्वाचनमा अनपेक्षित हार बेहोरेपछि नेतृत्वको चर्को आलोचना भइरहेको छ। प्रधानमन्त्रीसमेत रहनुभएका सभापति शेरबहादुर देउवाको एकलौटी तथा अदूरदर्शी ढंगले अघि बढ्ने क्रियाकलापले आउँदो निर्वाचनमा पनि कांग्रेसले अनपेक्षित हार बेहोर्नुपर्ने सो पार्टीभित्रै अनुमान गर्न थालिएको छ।



सभापति देउवाकै कारण कांग्रेसभित्रको गुट-उपगुट अन्त्य हुन नसकेको, निर्वाचनमा सक्षम उम्मेदवार छान्न नसकेको, नेपाल तरुण दल, नेपाल महिला संघ, नेपाल विद्यार्थी संघलगायत भ्रातृ संस्थाहरूलाई परिचालन गर्न नसकिएको जस्ता आरोप लाग्न थालेको छ। त्यस्तै आईजीपी नियुक्ति प्रकरण, प्रधानन्यायाधीशविरुद्धको महाअभियोगप्रकरण, माओवादीसँगको तालमेललगायतका विषयलाई लिएरसमेत सभापतिलाई तारो बनाउन थालिएको छ।

कांग्रेस बलियो भए पनि कमजोर भए पनि यसको जिम्मेवारी नेतृत्वले लिनुपर्ने भन्दै कांग्रेस नेताहरूले राष्ट्रिय राजनीतिको महत्त्वपूर्ण विषयमा छलफल गर्न मात्र होइन स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचनको समीक्षा गर्न नेतृत्वले केन्द्रीय बैठकसमेत नबोलाएको गुनासो पनि गरेका छन्। अहिले जनताले कांग्रेसको विकल्प खोज्न थालिसके भन्दै कांग्रेसका केही शीर्ष नेताहरूले सभापति देउवाको कमजोरी औंल्याइरहेका छन्।

**'अहिले आएको सिट सुतेर आएको हो। एमालेको जति खटिएको भए दुई तिहाइ आउने रहेछ।'**

कांग्रेस कमजोर बन्दै गएकाले आउँदो निर्वाचनमा पनि पराजय भोग्नुपर्ने सम्भावना बढेको भन्दै नेतृत्वलाई बेलैमा सजग गराउन र नयाँ ढंगले आन्तरिक रूपमा एकीकृत ढंगले अघि बढ्न दबाब दिने भन्दै कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल, प्रकाशमान सिंहलगायतका नेताहरूले अगुवा कार्यकर्ता भेला गरेर दबाब दिइरहेका छन्।

(क्रमश: पृष्ठ ९ मा)

**दैनिक १० लाख सवारी साधन चढेर २५ लाख मानिसको ओहोरदोहोर**

# राजधानीमा जामैजाम

## ट्राफिक प्रहरी भन्छ- मुग्लिन-नारायणगढमा आएको पहिरोका कारण केही दिन यता राजधानीमा अचाक्ली जाम हुन थालेको हो।

सुरेश तामाङ, काठमाडौं

उपत्यकाबासीलाई काठमाडौंका सडकमा टेक्नेबित्तिकै सडक जाममा पर्नु दैनिकीजस्तै बनेको छ। केही दिनयता यो क्रम अचाक्ली बढेको छ। आखिर किन होला? काम विशेषले आफ्नो घरबाट निस्कनु पर्दा पुग्नुपर्ने समयभन्दा १ देखि ३ घण्टा अगावै हिँड्नुपर्ने बाध्यता हुन थालेको छ।

उपत्यकामा बढेको सवारी चाप, साँघुरो सडकको मर्मत तथा विस्तारलगायतका कारण यहाँ यात्रा गर्ने आम मानिसले ट्राफिक जामको हैरानी खेपिरहेका छन्।

'पछिल्लो समय मुग्लिन-नारायणगढमा आएको पहिरोका कारण बनेको परिस्थितिले गर्दा उपत्यकाका विभिन्न स्थानमा जाम देखिएको हो।' महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रमुख मिङ्मार लामाले बुधबार *नेपाल समाचारपत्र*सँग कुरा गर्दै भन्नुभयो- 'पहिरो लडेर मुग्लिन-नारायणगढ सडक खण्ड अबरुद्ध भएपछि साना सवारीहरू बीपी राजमार्ग र बल्खु-दक्षिणकाली हुँदै आवतजावत गर्दा उपत्यकामा सवारी चाप उत्पन्न भई जाम देखिएको हो।'



मुग्लिन-नारायणगढ सडक फेरि अवरुद्ध

पृष्ठ-९

मुग्लिन-नारायणगढ सडक अवरुद्ध भएपछि बीपी राजमार्ग हुँदै दैनिकजसो १४ हजार साना सवारीसाधन ओहोरदोहोर गर्छन्। त्यस्तै उपत्यकामा सवारी चाप अत्यधिक वृद्धिका कारण दिनभर जसो ट्राफिक जाम हुने गरेको छ। महाशाखाको तथ्यांकअनुसार पछिल्लो समय उपत्यकामा ३० प्रतिशत सवारी साधन थपिएका छन्।

(क्रमश: पृष्ठ ९ मा)

# रानीबारी हत्याकाण्डका दोषीलाई जन्मकैद

काठमाडौं, (नेस)

जिल्ला अदालत काठमाडौंले रानीबारी हत्याकाण्डका अभियुक्तहरू मनराज गुरुङ र प्रमेश चौहानलाई सर्वस्वसहित जन्मकैदको फैसला सुनाएको छ।

न्यायाधीश रमेशप्रसाद रिजालको इजलासले बुधबार सो हत्याकाण्डका अभियुक्त गुरुङ र चौहानलाई सर्वस्वसहित जन्मकैदको फैसला सुनाएको हो।

२०५९ साल असार ३१ गते काठमाडौंको रानीबारीस्थित कोठामा बस्ने इन्जिनियर दम्पती हेमबहादुर श्रेष्ठ र अञ्जना श्रेष्ठको धारिलो खुकुरी प्रहार गरी हत्या भएको थियो।

श्रेष्ठ दम्पतीको हत्या गरेको आरोपमा रामेछाप जिल्ला स्थायी घर भई जोरपाटी बस्ने चौहान र दोलखा खारे स्थायी घर भई सामाखुसी बस्ने गुरुङलाई दुई वर्षअघि पक्राउ गरिएको थियो। अभियुक्त गुरुङ र चौहान अहिले जेलमा छन्।

# नेपाल हुँदै मानसरोवर जाने बढे

टीका बन्धन, काठमाडौं

छिमेकी मुलुक चीन र भारतबीच भुटान र चीनको सीमाक्षेत्र दोकलाङको विषयलाई लिएर सम्बन्ध चिसिएपछिको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव नेपालमा पनि देखिन थालेको छ।

कैलाश-मानसरोवर यात्रामा जाने भारतीय तीर्थयात्रीले प्रयोग गर्ने आफ्नो भू-भागतर्फको बाटो चीनले बन्द गरेपछिको प्रभाव नेपालमा परेको हो।

**चीन-भारत तनावको असर**

**संवादबाट समाधान खोज्न दुवै छिमेकीलाई नेपालको सल्लाह**

नेपालतर्फको बाटो भएर मानसरोवर ओहोरदोहोर गर्ने भारतीय पर्यटकको संख्या बढेको मानसरोवर केन्द्रित सेवा सञ्चालन गर्दै आएका व्यवसायीको अनुभव छ। तिब्बती भू-भागमा अवस्थित कैलाश-मानसरोवर हिन्दू तथा बौद्ध धर्मावलम्बीको पवित्र तीर्थस्थल हो। सो स्थान हुम्लाको सिमिकोट हुँदै पुग्न सकिन्छ। विगतका वर्षको तुलनामा यसपटक हुम्ला हुँदै मानसरोवर जाने भारतीय तीर्थयात्रीको संख्या बढेको भिजिट कर्णाली टुर्स एन्ड ट्राभलका प्रबन्ध निर्देशक राजु कार्कीले जानकारी दिनुभयो।

'गत वर्ष औसतमा २ हजार भारतीय पर्यटक सिमिकोट हुँदै मानसरोवर पुगेका थिए भने यसपटक जुन महिनासम्म ५ हजारभन्दा बढी भारतीयहरू त्यहाँ पुगिसकेका छन्।' -उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो।

अंग्रेजी महिनाको मेदेखि सेप्टेम्बरसम्म तीर्थालु मानसरोवर यात्रामा निस्कने गर्छन्।

(क्रमश: पृष्ठ ९ मा)

# महानगर

विदेशी सयौं पर्यटकबाट पर्यटन शुल्कका नाममा हजार रुपियाँका दरले दिनमै लाखौं रुपियाँ उठाइन्छ। तर, के त्यसलाई पुनर्निर्माणको काममा उपयोग गर्न सकिन्न?

2017, JULY
Thursday
13

# गाउँ-गाउँमा सिंहदरबार कि सिंहदरबारको आदेश ?



सुनील महर्जन

स्थानीय तहको निर्वाचनका समयमा 'सिहदरबारको अधिकार गाउँ-गाउँमा' भन्ने नारा एकदमै प्रचारित थियो। तर, अहिले स्थानीय तहको सञ्चालनमा अन्योलता देखिएपछि जनप्रतिनिधिहरूको मुखैबाट गाउँ-गाउँ सिंहदरबार सच्याएर 'गाउँ-गाउँमा सिंहदरबारको आदेश' हो कि भन्न थालेका छन्।

अहिले स्थानीय तह शासन सञ्चालनसम्बन्धी ऐन नहुँदा र कर्मचारी समायोजनको जटिलताका बीच स्थानीय तह शासन सञ्चालन भइरहँदा जनप्रतिनिधिहरूले यस्तो धारणा बनाउन थालेका हुन्। झण्डै २० वर्षपछि भएको स्थानीय तहको निर्वाचनमा जनताको अपेक्षा पनि ह्वात्तै बढेको पाइएको छ। बढेको अपेक्षा पनि फेरी बढाउने गरी चुनाव जित्न उम्मेदवारहरूले निर्वाचन हुनुअघि मोनो रेल, फ्लाई ओभर, धूलो-धुँवा केही दिनमै हटाउने, घर-घरमा गएर सामाजिक सुरक्षा भत्ता दिन जाने जस्ता आश्वासनको पोको नै बाँडेका थिए।

स्थानीय जनप्रतिनिधिहरू ज्येष्ठ नागरिक, अपांग तथा महिलाहरूलाई दिने सामाजिक सुरक्षा भत्ता बढाउने आश्वासन दिएका थिए। स्थानीय तहको रकम जथाभावी बाँड्न नहुने गरी मन्त्रालयले शुरुमा परिपत्र जारी गरेको थियो। सरकारले एकपछि अर्को आदेश जारी गर्दै आएको छ। मन्त्रालयले आर्थिक प्रकृतिका निर्णयहरू गर्न नदिएको जनप्रतिनिधिहरूको आरोप रहेको छ।

कर्मचारी भर्ना गर्न नपाउनेदेखि लिएर नेपाल सरकार मन्त्रिपरिषद्ले गत जेठ १७ गते गरेको निर्णयअनुसार स्थानीय तह सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश जारी गरिएको थियो। यसबीचमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले दर्जनौं परिपत्र जारी गरिसकेको छ। आदेशले दैनिक कामकाजबाहेक खासै काम गर्न नदिएको जनप्रतिनिधिहरूको गुनासो रहेको छ।

'अहिले त गाउँ-गाउँमा सिंहदरबार नभई गाउँ-गाउँमा सिंहदरबारको आदेश छ' -ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले भन्नुभयो। निर्वाचन भएको दुई महिनाको अवधिमा ठूल्ठूला कार्यको कुरै छोडौं सामान्य सुधार गर्न पनि पाइला-पाइलामा कठिन भएको जनप्रतिनिधिहरूले अनुभव गर्न थालेका छन्। ललितपुर महानगरपालिकाका वडा अध्यक्षहरूले बैंक मार्फत् दिँदै आएको सामाजिक सुरक्षा भत्ता घर-घरमा गएर दिनेबारे भएको रस्साकस्सीलाई यसको प्रतिनिधिमूलक उदाहरणका रूपमा लिन सकिन्छ।

महानगरपालिकाका अधिकांश वडा अध्यक्षहरूले आफ्नो चुनावी घोषणापत्रमा ज्येष्ठ नागरिकलाई बैंकमार्फत् नभई घर-घरमा गएर भत्ता दिने उल्लेख गरेको थियो। वडा अध्यक्षमा जितेको २ महिनापछि पनि घोषणापत्रलाई व्यंग्य हुने गरी भत्ता लिन वृद्धवृद्धाहरू घण्टौं गाबहास्थित नेपाल बैंकमा घण्टौं लाइनमा बसिरहेका थिए। यस्तो दृश्य वडा नं. ६ का अध्यक्ष हिटलर शाक्यलाई देखिनसक्नुभएछ। कारण वडा अध्यक्ष शाक्यको चुनावी घोषणापत्रमा पनि बैंकमार्फत् दिँदै आएको वृद्धभत्ता घर-घरमा गएर दिने उल्लेख गरिएको थियो।

घोषणापत्रअनुसार घर-घरमा गएर ज्येष्ठ नागरिक भत्ता दिने व्यवस्था गर्नुपर्ने भनेर वडा अध्यक्ष शाक्यले प्रमुख चिरिबाबु महर्जनसमक्ष अडान राख्नुभयो। नभन्दै तुरुन्तै महानगरपालिकाका कर्मचारी र जनप्रतिनिधिहरूको बैठक बोलाइयो। कर्मचारीहरूले सामाजिक सुरक्षा बैंकमार्फत् नै बाँड्नुपर्ने कार्यविधि रहेको उल्लेख गरेपछि वडा अध्यक्ष शाक्यको केही सीप लागेन। 'वडा अध्यक्षका आश्वासन र कानुनी अवस्थाबीच अनमेलले गर्दा स्थानीय तहमा देखिएको एउटा प्रतिनिधिमूलक उदाहरण रहेको वडा अध्यक्ष शाक्यले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। यस्ता दर्जनौं उदाहरण रहेको शाक्यले बताउनुभयो।

> निर्वाचन भएको दुई महिनाको अवधिमा ठूल्ठूला कार्यको कुरै छोडौं सामान्य सुधार गर्न पनि पाइला-पाइलामा कठिन भएको जनप्रतिनिधिहरूले अनुभव गर्न थालेका छन्।

दुई चरणको निर्वाचनबाट अहिले ६ सय १७ स्थानीय तहमा जनप्रतिनिधि बहाल भइसकेका छन्। अहिले सरकारको आदेशका भरमा स्थानीय तह सञ्चालन गर्नुपर्दा जनप्रतिनिधिहरूलाई के काम गर्ने र के नगर्ने भन्ने अन्योलता छाएको छ। मन्त्रालयको आदेश र निर्देशनले जनप्रतिनिधिको हातखुट्टा बाँधेको जनप्रतिनिधिहरूको गुनासो रहेको छ। 'स्थानीय तह शासन सञ्चालन ऐन नहुँदा खास केही काम नै गर्न पाइएको छैन', महालक्ष्मी नगरपालिकाका प्रमुख रामेश्वर श्रेष्ठले भन्नुभयो- 'अहिले जनताको कुरो सुन्ने र गर्ने कामको सोच बनाउने कार्यमा सीमित भएका छौं।'

संविधानमा नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय त्यसअन्तर्गत (विशेष, संरक्षित र स्वायत्त क्षेत्र) गरी तीन तहका सरकारले गर्ने भन्ने उल्लेख छ। राज्यशक्तिको प्रयोग पनि यी तीन तह संविधान र कानुनबमोजिम गर्नेछन् भन्ने व्यवस्था गरिएको छ। संविधानको अनुसूची ८ ले स्थानीय तहलाई २२ विषयका अधिकार र अनुसूची ९ ले १५ विषयमा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको व्यवस्था गरेको छ। संविधानमा व्यवस्था गरिएको अधिकार सूचीहरूलाई मिहिनरूपमा केलाउँदै सरकारले कार्य विस्तृतीकरण गरेको थियो। सो कार्य विस्तृतीकरणको प्रतिवदेनमा संघ प्रदेशसँगै स्थानीय तहको ३ सय ५७ कार्य र क्रियाकलापहरूको पहिचान गरिएको थियो।

ती अधिकारहरू अमूर्त खालको रहेकोले अधिकारको कार्यान्वनयका लागि ऐन आवश्यक रहेको सचिव थपलियाको भनाइरहेको छ। 'जनप्रतिनिधिहरू आइसकेको र स्थानीय तह शासन सञ्चालनसम्बन्धी ऐन नभएको अवस्थामा आदेश जारी गर्नुपरेको हो' -मन्त्रालयका सचिव थपलियाले भन्नुभयो।

मन्त्रालयले नगर वा गाउँ सभाको बैठक बस्ने कार्यविधि, कानुन बनाउने रूपरेखा, बजेट तर्जुमा गर्ने दिग्दर्शनदेखि लिएर परिपत्रहरू पठाएको पठाएकै छ। गत सोमबार व्यवस्थापिका संसद्मा सुशासन समितिले गरेको अन्तरक्रियामा पनि काठमाडौं महानगरपालिकका उपप्रमुख हरिप्रभा खड्गीले यस्तो आदेशले गर्दा खासै काम गर्न नपाएका गुनासो गर्नुभएको थियो।

'लामो समयसम्म आदेशको भरमा चलाउन खोजे हामी विरोधमा उत्रिनुपर्ने हुन्छ', प्रमुख महर्जनले भन्नुभयो- 'साउन पहिलो सातासम्म पर्खिने, त्यसपछि पनि आदेश र निर्देशनको परिपत्र जारी गर्ने हो भने हामीले विरोध गर्नेबारे छलफल भइरहेको छ।'

अहिले स्थानीय तह शासन सञ्चालनसम्बन्धी ऐन संसद्मा विचारधीन रहेको छ। ऐन संसद्मा प्रस्तुत गरेपछि ससद् सचिवालयको कार्यविधिअनुरूप त्यसको सिद्धान्त, संवैधानिक आधार र दफावार छलफलका प्रक्रिया अघि बढाउने गरिन्छ। त्यसपछि आवश्यक संशोधनसहित पारित हुने प्रचलन रहेको छ।

मन्त्रालयको परिपत्र र आदेशलाई अन्तरिमको रूपमा बुझ्नुपर्ने पनि मन्त्रालयका अधिकारीहरूको भनाइ रहेको छ। 'आदेश दिने अवस्था लामो समयसम्म रहनुहुँदैन। लामो समयसम्म ऐन आएन भने स्थानीय तह शासनलाई आदेशको शासन भन्ने खतरा पनि रहन्छ। तर, हामी त्यस्तो हुन दिन्नौं' -उहाँले भन्नुभयो।

एकपछि अर्को आदेश दिनु स्थानीय स्वायत्तता र स्थानीय तहको मान्यताविपरीत रहेको स्थानीय शासन विज्ञ खिमलाल देवकोटाको भनाइ रहेको छ। लामो समयसम्मको केन्द्रिकृत अभ्यास, दलीय तन्त्र र स्थानीय तहको अधिकार सूची रहेका विषय नै प्रदेशको अधिकार सूची रहेकाले तजविजी अधिकाररूपमा हावी हुन सक्ने पनि देवकोटाको टिप्पणी रहेको छ।



# सरकार ! काष्ठमण्डप कहिले बन्छ ?



डिल्ली तुलाधर

यो लेख सरकारका कुनै मन्त्री, सांसद या उच्चपदस्थ अधिकारीले पढ्छन् या पढ्दैनन्, त्यो मलाई थाहा छैन। मलाई लाग्छ, उनीहरूसँग जनताको प्रत्यक्ष चासो जोडिएका यी र यस्ता लेख पढ्ने फुर्सद नै छैन। तैपनि के विश्वास छ भने, कोही कसैले उहाँहरूका कानसम्म यी कुरा पुऱ्याइदिनुहुनेछ।

भूकम्पले ध्वस्त बनाएका ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाबारे कोही बेखबर छैन। दुई-दुई वर्ष बितिसक्दा पनि सर्वसाधारणको विचल्ली उस्तै छ। पुरातात्त्विक सम्पदाहरू खण्डहरमा परिणत भएका छन्। यिनै खण्डहर देखाएर सरकारले अर्बौं रुपियाँ दातृ निकायबाट लिइसककेको छ। तैपनि केही छोडेर अधिकांश स्थल र सम्पदाहरूको अवस्था उस्तै छ।

विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदामध्ये यतिबेला म काष्ठमण्डपको कुरा गर्दै छु। हुन त अवस्था काष्ठमण्डपको मात्रै होइन, अन्य सम्पदाहरूको पनि फरक छैन। सबै बेहाल अवस्थामा छन्। तैपनि काष्ठमण्डप नजिकै जन्मेको, हुर्केको, खेलेको र प्रत्यक्षरूपमा अनुभव गरेको व्यक्ति भएका कारण म यसैका बारेमा बढी चिन्तित छु र यसैका बारेमा लेख्दै छु।

म मरुटोलको मान्छे। काष्ठमण्डपको अर्को नाम मरु सत्तल। यसको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका विषयमा सबैलाई जगजाहेर नै छ। मैले भनिरहनुपर्दैन। मलाई सम्झना भएअनुसार विदेशी राष्ट्र प्रमुखहरू नेपाल आउँदा एयरपोर्टबाट सीधै काष्ठमण्डप लगेर काठमाडौंको साँचो हस्तान्तरण गर्ने चलन थियो। न जाडो, न गर्मीको सत्तल-मरु सत्तल। हामी सानो छँदा त्यहाँभित्र भजन हुन्थ्यो, कथा सुनाइन्थ्यो, धार्मिक कार्यक्रमहरू धेरै हुन्थ्यो। हुन त पछिसम्म पनि त्यस्ता कार्यक्रमहरू भइरहेका हुन्थे, तैपनि सानो छँदाको सम्झनाले दिने आनन्द भने विछट्टै हुँदो रहेछ। पीडाको कुरा गर्ने हो भने पनि कम्ता डरलाग्दो छैन। भूकम्प गएकै दिन हामी त्यही मरु सत्तलमा थियौं। रक्तदान कार्यक्रम भइरहेका समयमा भूकम्प गयो। कति सहकर्मी त्यहीं पुरिए। भाग्यवश एक जना साथीको साढे ३ घण्टापछि उद्धार गरियो।

विनाशकारी भूकम्प आउनुभन्दा एक/दुई वर्षअघिकै कुरा हो। सिंहसत्तल जीर्ण अवस्थामा पुगेको थियो। मरुसत्तल (काष्ठमण्डप) को अवस्था पनि जीर्ण नै थियो। कति बेला के हुने हो भन्ने डरै डर थियो हामी स्थानीयहरूमा। त्यही भएर सरकारसँग बारम्बार जीर्णोद्धारका लागि आग्रह गऱ्यौं। बारम्बारको आग्रहपछि सिंहसत्तल पुनर्निर्माणको काम अघि बढ्यो। तर, विडम्बना, सरकारले काष्ठमण्डप जीर्णोद्धारको माग सुनेन। केही समयपछि भूकम्प आयो र पूर्णरूपमा क्षतिभयो, काष्ठमण्डप।

काष्ठमण्डप भत्किएको पनि २ वर्षभन्दा बढी भइसकेको छ। तर, पुनर्निर्माणको काम सुस्त होइन लगभग शून्य नै छ। विश्वसम्पदा सूचीमा सूचीकृत सम्पदाको बेहाल कुरा गरिसाध्य छैन। सरकार कानमा तेल हालेर बसेको छ। अनि यही मौकामा एउटा संस्था पुनर्निर्माणको अभियान भन्दै केहीकाम गरेझैं गरिरहेको छ। उसको काम गराई जसले पुनर्निर्माण कहिले हुने र कसरी हुने कुनै टुंगो छैन। न त कामको कुनै ठोस योजना छ, न त स्थानीयसँगको समन्वय नै ?

संस्थाप्रतिको विश्वसनीयता के ? यो यतिबेला स्थानीयको मनमा उब्जिएको गम्भीर प्रश्न हो। जुन प्रश्नको चित्तबुझ्दो जवाफ स्थानीयले खोजिरहेका छौं। तर, दिने कसले ? सरकारसँग हाम्रो प्रश्न छ- कुनै एउटा गैरसरकारी संस्थालाई काष्ठमण्डप पुनर्निर्माणको जिम्मा दिने आधार के ? फेरी पुनर्निर्माणका काममा त्यो संस्थाको अनुभव के ? पुनर्निर्माण अभियान भनेर केही समय विभिन्न दातृ संस्था तथा व्यक्तिहरूबाट चन्दा उठाउने अनि केही समयपछि त्यसलाई त्यत्तिकै छोडिदिने काम भयो भने त्यसको जिम्मेवार को ?

पुनर्निर्माणका लागि भनेर विदेशी दातृ निकायले अर्बौं रुपियाँ सरकारलाई सहयोग गरेका छन्। त्यो रकम सरकारी कोषमा त्यत्तिकै थन्किएको छ । तर, काष्ठमण्डप जस्ता ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको बेहाल हेरिसक्नु छैन। त्यसैले हामी सरकारलाई विनम्रताका साथ आग्रह गर्छौं, पुनर्निर्माणको नेतृत्व सरकारले नै लिइदेओस्। पुनर्निर्माणका लागि खर्च कति लाग्छ, समय कति लाग्छ, यी र यस्ता विषयमा विश्वासिलो आधार नभइकन हचुवाका भरमा कुनै अमुक संस्थालाई काष्ठमण्डप पुनर्निर्माणको जिम्मा लगाउने काम नहोस्। हामी स्थानीय व्यक्तिहरू सरकारी संस्थाहरूसँग समन्वयका लागि तयार छौं। हाम्रो ठाउँको सम्पदा पुनर्निर्माणका लागि हामी दिलोज्यान दिएर अघि बढ्छौं। हामीले के गर्नुपर्छ ? त्यसका लागि हामी तयार छौं। भन्दा तीतो लाग्न सक्छ तर अर्को यथार्थ यहाँ उल्लेख गर्छु- विदेशी सयौं पर्यटकबाट पर्यटन शुल्कका नाममा हजार रुपियाँका दरले दिनमै लाखौं रुपियाँ उठाइन्छ। तर, के त्यसलाई पुनर्निर्माणको काममा उपयोग गर्न सकिन्न? महानगरपालिकाका मेयर, उपमेयर वडा अध्यक्ष तथा सदस्यहरूसँग पनि हाम्रो विनम्र आग्रह छ- काष्ठमण्डप पुनर्निर्माणको कामलाई हलुका ढंगले नलिइयोस्। स्थानीयसँगको समन्वयतथा सहकार्य जुनसुकै विकास निर्माणका भरपर्दा आधार स्तम्भ हुन्। त्यसैले यसलाई बेवास्ता नगरियोस्। छिटोभन्दा छिटो पुनर्निर्माणको काम अघि बढोस्। ताकि हामीले फेरी सोध्ननपरोस्- 'सरकार! कहिले बन्छ काष्ठमण्डप ?'

# मदनकृष्ण महको म ल्याउँदै



विदुर गिरी

ख्यातिप्राप्त हास्य जोडी महका 'ह' अर्थात् हास्य अभिनेता हरिवंश आचार्यले *चिना हराएको मान्छे* का नाममा आत्मकथा निकालेको करिब ४ वर्षपछि महका 'ह' मदनकृष्ण श्रेष्ठले पनि आफ्नो आत्मकथा सार्वजनिक गर्ने भएका छन्।

प्रकाशनक फाइन प्रिन्टद्वारा बुधबार र ाजधानीमा आयोजित पत्रकार सम्मेलनमा मदनकृष्णले *महको म* नाम दिई आत्मकथा तयार पारेको जानकारी दिए। मदनकृष्णले फाइन प्रिन्टका निरज भारीसँग औपचारीकरूपमा करारनामामा हस्ताक्षर साटासाट गर्दै पुस्तकको नाम सार्वजनिक गरेका हुन्।

'गीत-संगीत, हास्य-व्यंग्य र अभिनयको चार दशकभन्दा लामो यात्रामा कैयौं काम गरियो। केही काम मनदखि गरियो, केही काम मस्तिष्कदेखि। तर, धेरैजसो काम गुपचुप गरियो', मदनकृष्णले आत्मकथा प्रकाशन गर्नेबारे नखुलाई निम्तो पठाए- 'त्यसको नतिजा मात्रै दर्शकसामु ल्याइयो। तर, उमेरको उत्तरार्द्धमा केही काम सबैलाई थाहा दिएर शुरु गर्न मन लागेको छ। केही रोचक कुरा र केही तीतामीठा स्मृतिका पहेलीहरु फुकाउन मन लागेको छ।' कार्यक्रममा चाहिँ मदनकृष्णले थाहा दिए- 'करिव ६ वर्ष अगाडिदेखि नै किताब लेख्न शुरु गरे पनि श्रीमतीलाई क्यान्सर र मलाई पार्किन्सन भएपछि २ वर्ष लेख्नै सकिनँ। त्यो बेलामा आफ्ना कुरा लेखें, जुन-जुन बेला यशोदा (पत्नी) को स्वास्थ्य साधारण भएको महसुस हुन्थ्यो।'

अमेरिकामा रहँदै आएका साथीको सल्लाहमा आत्मकथा लेखेको खुलाउँदै मदनकृष्ण थप खुले 'शुरुमा त आत्मकथा लेख्ने त संसारलाई ठूलो योगदान दिएको व्यक्ति अथवा निकै क्रूर व्यक्तिहरुले मात्र लेख्ने हो, म त एक साधारण सार्वजनिक मान्छे हुँ, मैले आत्मकथा के लेख्नु र भन्ने जस्तो लाग्थ्यो। पछि जीवनमा गरेका राम्रा र नराम्रा कामलाई फर्किएर हेर्दा ठीकै हुन्छ भन्ने लागेर लेख्न शुरु गरें। यसमा मैले आफ्नो जन्मथलो जितपुरफेदीमा हुँदाको बाल्यकालको घटनाहरु, लभ परेको घटना, लभ परेर एकोहोरिएको अवस्था, जागिरे दिनको अनुभव, हरिवंशसँग भेट हुँदाका कुराहरु सबै समावेश गरेको छु', उनले सुनाए- 'मैले सहयात्राका क्रममा हरिवंशलाई शेयर नगरेको केही कुरा छैन जस्तो लाग्थ्यो। तर, उसलाई पनि शेयर गर्न बाँकी केही कुरा रहेछन्। ती सबै मैले यही पुस्तकमा समावेश गरेको छु। पुस्तक लेख्दै जाँदा १ लाख ४० हजार शब्द पुगेछन्, त्यसलाई छोट्याए १ लाख ५ हजारमा झारेको छु। यो क्रममा मैले कतिपय मन परेका कुराहरु पनि काटेको छु।'

कार्यक्रममा बोल्दै हरिवंश आचार्यले उमेरको हिसाबले मदनकृष्ण श्रेष्ठ आफूभन्दा ७ वर्ष जेठो भए पनि किताब प्रकाशन गर्ने सवालमा भने संयोगवश आफू अगाडि भएको बताउँदै आउँदै गरेको पुस्तकको सफलताका लागि बधाई दिए। 'मैले कहिल्यै पनि आत्मकथा र उपन्यास लेख्छु जस्तो लागेको थिएन। *चिना हराएको मान्छे* लेख्दा मैले आत्मकथा लेख्छु भनेर लेखेको थिइनँ। मलाई जीवनमा वज्रपात (पत्नी मीरा आचार्यको असामयिक निधन) पर्‍यो। त्यो वेदना भित्तालाई सुनाउँ कि कसलाई सुनाउँ भयो। मनका सबै वेदनालाई डायरीमा लेखें, पछि त्यही नै आत्मकथा भयो', हरिवंशले भने- 'मदन दाइ र मैले धेरै टेलिफिल्मको स्क्रिप्ट लेख्यौं। त्यसलाई निर्माण गरेर प्रदर्शन गर्‍यौं। सायद ती सबलाई लेखेर प्रकाशन गरेको भए उपन्यास बन्थ्यो होला। तर, *हरिबहादुर* जस्ता कथा भने किताबको रूपमा आएकाले उपन्यास भन्ने अर्को नाम पायो। मदन दाइको किताब मेरोभन्दा चाँडै निस्किन्थ्यो तर उहाँको पारिवारिक र स्वास्थ्यको कारणले गर्दा ढिला हुन पुग्यो। मदन दाइ कलाकारितामा आउँदा तथा रङ्गमञ्चमा गरेका संघर्ष पढ्न लायक छन्। दाइ आफैं उदाहरणीय व्यक्ति हुनुहुन्छ। यो दाइको मात्र होइन, मेरो पनि किताब होजस्तो लागेको छ। त्यसैले मलाई मेरो अर्को किताब आउन लागेको जस्तो महसुस भएको छ।' त्यसै गरी फाइन प्रिन्टका निरज भारीले हरिवंशको कृतिपछि मदनकृष्णको *महको म* प्रकाशन गर्न पाउनु खुसीको कुरा भएको बताए।

## जनता बेवकुफ हुन् ?



केदार घिमिरे
'माग्ने बुढा'

**समाचार** : मेयरले मोबाइल बाँढ्ने।
**जनता** : खबरदार?
**भोलिपल्ट** : त्यस्तो होइन, कुरा मात्र गरेको।
**समाचार** : राष्ट्रपतिलाई १६ करोडको गाडी चाहियो।
**जनता** : खबरदार?
**भोलिपल्ट** : मागेकै छैन।
**समाचार** : बम फाल्ने प्रहरीलाई १,५००/-
**जनता** : खबरदार, कस्तो अपमान गरेको?
**भोलिपल्ट** : १,५००/- त त्यत्तिकै दिएको
**निष्कर्ष** : के जनता बेबकुफ हुन्?

फेसबुक अपडेट




## सुर सन्ध्यामा सुरेन्द्र



गायक तथा संगीतकार सुरेन्द्र श्रेष्ठको सांगीतिक एकल साँझ *सुर सन्ध्या* सम्पन्न भएको छ। सुर मेलोडी स्टुडियोको आयोजनामा ठमेलको थर्ड आई थियटरमा भएको एकल साँझमा गायक श्रेष्ठले आफ्ना तथा अन्य गायकहरुको गीतहरु प्रस्तुत गरेका थिए।

एकल साँझमा गुरू वन्दनाका साथमा गायक श्रेष्ठले आफ्ना गीतहरु *बिहानीको शीत, तिम्रो हाँसोको पासो, केश फुलेको, म रुँदा, सदावहार गीतहरुको संगालो, मन मात्र साटौं प्रिय, जानिन सक्नु जीवनको रीत, हेरौं हेरौं लाग्छ कति, दुनियाँ यो अजीव* प्रस्तुत गरेका थिए।

कार्यक्रममा रामेश श्रेष्ठ, रायन श्रेष्ठ, केशवराज राज भण्डारी, रमना श्रेष्ठ, ज्ञानुराधा गोर्खाली, जुजुकाजी रञ्जित, आनन्दरत्न वज्राचार्य, सरिता शाहीलगायत सहभागी थिए।

गायक श्रेष्ठ दुई दशकदेखि संगीत क्षेत्रमा सक्रिय छन्। ३ दर्जनभन्दा बढी गीतमा स्वर दिएका श्रेष्ठले २ सयभन्दा बढी गीतमा संगीत तथा ४ सयभन्दा बढी गीतमा एरेन्ज गरेका छन्। संगीतमा स्नाकोत्तर गरेका श्रेष्ठ संगीत प्रशिक्षक पनि हुन्। कार्यक्रम सञ्चारकर्मी सचिता बुढाथोकीले सञ्चालन गरेकी थिइन्।

कामनाको हरेक अंक विशेष अंक

यस अंकका आकर्षणहरू:




सर्वत्र बजारमा उपलब्ध छ

**दीपक दीपाले किन लिएनन् अवार्ड?**
यस वर्षको अवार्डको खाता खोल्दै सम्पन्न एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा छक्का पञ्जाको नाममा सर्वोत्कृष्ट फिल्म, निर्देशक, अभिनेतृसहित ५ विधाको अवार्ड घोषणा भयो। तर दीपकराज गिरी, दीपाश्री निरौलालगायत छक्का पञ्जाको नाममा अवार्ड घोषणा हुनुअगाडि नै कार्यक्रमस्थलबाट बाहिरिए, किन? विशेष रिपोर्ट।

**प्रियंकाद्वारा खुलमखुला चुम्बन गरेर प्रेम प्रदर्शन**
एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा हलिउड बलिउड शैली अपनाउँदै नायिका प्रियंका कार्कीले सर्वोत्कृष्ट नायिकाको अवार्ड जितेको उन्मादमा आफ्ना प्रेमी नवनायक आयुष्मान जोशीलाई आफ्नो र उनको आमाका साथमा सबैका सामु भरिभराउ हलमा अधरमै चुम्बन गरिदिइन्। रोचक रिपोर्ट।

**वर्तमान संगीत : कसैको नजरमा उर्वर, कसैको अनुभवमा दयनीय**
वर्तमान संगीत क्षेत्रलाई नियाल्ने क्रममा सम्बन्धित संगीतकर्मीमध्ये नै कसैले यसलाई उर्वर पाएका छन् भने कतिपयको अनुभवमा दयनीय अवस्था पनि देखिएको छ। खासमा के छ नेपाली संगीतको वर्तमान अवस्था? संगीतकर्मीकै अनुभवमा विशेष रिपोर्ट।

**८९/१० फिल्म सफल**
नेपाली फिल्मको निर्माण र प्रदर्शनमा व्यापक वृद्धि भए पनि असफल फिल्मको बाढी उर्लंदै गएको छ। झन्डै ९० फिल्म रिलिज भएको बजारमा मुस्किलले १ दर्जन फिल्मले मात्र व्यापारिक सफलता हासिल गरेको पाइएको छ। के कति कारणले फिल्मको व्यापारमा ह्रास आइरहेको छ? व्यापारिक समीक्षा।

**रंगमञ्चबाट रजतपटमा**
कुनै बेला रंगमञ्चीय कलाकार फिल्मका लागि उपयुक्त हुँदैनन् भन्ने मानिन्थ्यो। तर अहिलेको फिल्म क्षेत्र लगभग रंगमञ्चबाट आएकै कलाकारको भरथेगमा अगाडि बढिरहेको छ। पुरानै कुरा सम्झिने हो भने पनि नेपालमा फिल्म निर्माण आरम्भ हुँदा निर्माण भएको आमामा शीर्ष भूमिकमा निर्वाह गर्ने अभिनेतृ चैत्यदेवी र सोही फिल्ममा नायिकाको भूमिका निर्वाह गर्ने भुवन थापा (चन्द) पनि रंगमञ्चबाट फिल्ममा आएका थिए। कसरी धानिरहेका छन्, रंगमञ्चका कलाकारले फिल्म क्षेत्र? विस्तृत रिपोर्ट।

**मारवाडी समुदायबाट मिस नेपाल**
मिस वर्ल्डजस्तो अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा प्रमुख उपाधि चयन गर्ने व्यवस्थालाई पछ्याउँदै एक जनाबाहेक फाइनलमा पुगेका बाँकी ६ जना प्रतिस्पर्धीको कानमा बाहिरको आवाज सुन्न नसकिने एयरफोन लगाउन लगाई सोधिएको प्रश्नमा तार्किक जवाफ दिँदै उर्लाबारी, मोरङकी मारवाडी समुदायबाट निकिता चाण्डकले यसपालिको मिस नेपालको ताज कसरी चुमिन्? विस्तृत रिपोर्ट।

**साथमा**
बलिउडसम्म छाउँदै अदिती, कलाक्षेत्रको वर्ष दिन, फेरिँदै फेसन शैली, सेलिब्रेटी राज : आमा भए पनि उमेर बढे पनि उस्तै, पिताको चार उपहार शाहरुखलाई ठूलो पाठ, यसरी हुन्छ मिस युनिभर्स। फोवीलाई फिल्मबाट पछुतो, ज्याकी चान हङकङदेखि हलिउडसम्म, कलाक्षेत्रले गुमाएका कलाकर्मीहरू ।

**तथा**
नियमित स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, पेटारो र हुइयाँ

आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस्।

# विचार

मेरो चिन्ता यो होइन कि तपाई खस्नुभयो, सबभन्दा ठूलो चिन्ता यो हो कि खसेपछि तपाई उठ्नुभएन।
–अब्राहम लिंकन

संसारमा महान् घट्नाहरू तब घटे, जब कसैले जस्तोसुकै परिस्थितिमा पनि हिम्मत नहार्ने फैसला गर्‍यो।
–स्प्राइट लोरियानो

## सम्पादकीय

नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA

### क्षति न्यूनीकरणमा सधैं उदासीन

हाम्रो देशमा बर्सेनि बाढीपहिरोले ठूलो जनधनको क्षति पुर्‍याइरहेको छ । वर्षायाममा तराई क्षेत्रमा बाढी र पहाडी क्षेत्रमा पहिरो जानु हाम्रो देशको लागि नयाँ कुरा होइन । यो वर्ष पनि बाढीपहिरोले नोक्सान गर्न थालिसकेको छ । निरन्तरको वर्षासँगै मुख्य नदी र जलाधार क्षेत्रमा पानीको बहाव बढेको छ। पश्चिम तराईका अधिकांश नदी तटीय बस्ती उच्च जोखिममा छन् । पहाडी बस्तीहरुमा गएको पहिरोले निरन्तर जनधनको क्षति भइरहेको छ। तीन वर्षअघि गएको शक्तिशाली भूकम्पले पुर्‍याएको क्षतिको घाउ निको हुन नसकिरहेको बेला बर्सेनि आउने बाढीपहिरोले थप थला बसालिरहेको छ ।

प्राकृतिक प्रकोपलाई रोक्न नसके पनि न्यूनीकरण गर्न सकिन्छ । प्राकृतिक प्रकोपले निम्त्याउने कतिपय समस्या दीर्घकालीनरुपमा समाधान गर्न सकिने भए पनि सरकार तथा सम्बन्धित निकायले ध्यान दिएको पइँदैन । हरेक वर्ष दोहोरिने प्राकृतिक प्रकोपका समस्यालाई योजनाबद्ध तवरमा, दीर्घकालीन सोचका साथ क्रमिकरुपमा न्यूनीकरण गर्दै जानुपर्ने भए तापनि सो कार्यमा अपेक्षित प्रगति हुन नसकेको व्यवस्थापिका संसद्को विकास समितिले समेत निष्कर्ष निकालेको छ। बाढीपहिरो, डुबानजस्ता क्षति न्यूनीकरणका लागि जोखिमयुक्त बस्तीहरुलाई पूर्वसचेत गराउन सावधानीका सूचकहरु (एसएमएस प्रणाली, वार्निङ साइरनलगायतका सूचकहरु) को व्यवस्था मिलाई प्रयोग गर्न, प्राकृतिक प्रकोप व्यवस्थापन पद्धतिअनुरुप आवश्यक पूर्वतयारी एवं पूर्वसावधानीसहितको कार्ययोजना तत्काल बनाउन, उद्धारलगायतका कार्यका लागि आवश्यक हेलिकोप्टर, डोजर, स्काभेटर, बेलिब्रिज, खाद्यसामग्री, औषधिललगायतका राहत सामग्री तथा उद्धारजन्य उपकरणहरु तयारी अवस्थामा राख्न र विपद व्यवस्थापन विधेयक १५ दिनभित्र तयार गरी सदनमा पेस गर्न विकास समितिले नेपाल सरकार, गृह मन्त्रालय, रक्षा मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगलाई निर्देशन पनि दिएको छ ।

समस्या समाधानको लागि सम्बन्धित सबै निकायले समन्वयात्मक भूमिका निर्वाह गरी छिटो कार्य अघि बढाएमा कार्य प्रगति देखिन्थो र प्राकृतिक प्रकोप न्यूनीकरण हुँदै जाने थियो । तर हाम्रो मुलुकमा कामभन्दा बढी गफ हुने गर्छ । एउटा निकायले भनेको अर्कोले टेर्दैन । अहिले वर्षायाम छ । बाढीपहिरोको कारण जनधनको क्षति भैरहेका समाचार नियमित प्रकाशमा आइरहेका छन् । राजनीतिक दल तथा दलका नेताहरुले पनि समस्याबारे चर्को स्वरमा आवाज उठाइरहेका छन् । यही बेला क्षति न्यूनीकरणको लागि अपनाउनुपर्ने नीति बनाउने तथा निर्देशन दिने कार्य भैरहेको पनि छ । अब दुई–चार महिनापछि फेरि अहिले क्षति भएका कुरा बिस्तारै हराउँदै जान्छन् र अर्को वर्षायाममा पुनः उही कुरा उठ्छ । अतः प्राकृतिक प्रकोपवाट हुने क्षति न्यूनीकरणको लागि कुरा हैन काम गर्नु अपरिहार्य छ ।

**लेखकहरुलाई अनुरोध**

१००० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# 'क्लिन फिड' नीति कार्यान्वयनको सवाल



रुपनारायण खतिवडा

> क्लिन फिड नीति कार्यान्वयन नहुँदा विदेशी च्यानलहरुबाट प्रसारण हुने विज्ञापनका कारण बर्सेनि अर्बौं रुपियाँ विदेशिएको मात्र छैन, सरकारको राजस्व आय र रोजगारी सिर्जनामा समेत नकारात्मक असर पुगेको छ। यो नीति कार्यान्वयनमा आउन सके साढे ५ अर्ब हाराहारीको नेपाली विज्ञापन बजार दोब्बर भई विज्ञापनको वार्षिक कारोबार १० अर्ब माथि पुग्ने अनुमान नेपाल विज्ञापन संघले सार्वजनिक गरेको छ।

नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरुलाई विज्ञापनरहित वा 'क्लिन फिड' बनाइनुपर्ने आवाज उठ्न थालेको निकै वर्ष बितिसकेको छ। विज्ञापन व्यवसायीहरुलगायत यसक्षेत्रका सरोकारवाला तथा त्यस्ता टेलिभिजन च्यानलका दर्शकका रुपमा रहेका आमनागरिकहरुले समेत क्लिन फिड लागू गरिनुपर्नेमा जोड दिँदै आएका छन्। यसबीचमा, गतवर्ष नेपाल सरकारले विज्ञापनरहित (क्लिन फिड) नीति, २०७३ पारित गरी आगामी साउन १ गतेदेखि पूर्णरुपमा कार्यान्वयन गर्ने कार्ययोजनासमेत अघि सारेको थियो। तर, यो नीति कार्यान्वयनको सम्मुखमा आइरहँदा यस क्षेत्रका सरोकारवालाहरुले सञ्चारमाध्यमहरुमार्फत नीति कार्यान्वयनको पक्ष र विपक्षमा दिनहुँजसो प्रचारबाजी गरिरहेका छन्। क्लिन फिड नीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा यसले मुलुकका पक्षमा सकारात्मक योगदान पुर्‍याउन सक्ने आमअपेक्षा विपरीत पछिल्लो समयमा सार्वजनिक भएका वक्तव्यबाजीहरुले यसको कार्यान्वयनलाई चुनौतीपूर्ण बनाइरहेका देखिन्छन्।

नेपालमा स्वदेशी टेलिभिजन च्यानलहरुसँगै विदेशी च्यानलहरुको प्रसारणसमेत घर-घरमा उपलब्ध हुँदै आएको छ। प्रसारणका लागि डाउनलिंक अनुमति लिएका त्यस्ता विदेशी च्यानलहरुको संख्या डेढ सय हाराहारी रहेको तथ्यांक छ। यसरी उपलब्ध च्यानलहरु शुल्क तिरेर मात्र हेर्न पाउने अर्थात् 'पे च्यानल' र शुल्क नतिरी हेर्न मिल्ने अर्थात् 'फ्रि टु एयर' गरी दुई किसिमले प्रसारण हुने गर्दछन्। नेपालमा प्रसारण अनुमति लिएका १ सयभन्दा बढी विदेशी च्यानलहरु ग्राहकबाट शुल्क लिन पाउने अर्थात् पे च्यानलका रुपमा रहेका छन्। अन्तर्राष्ट्रिय प्रचलनअनुसार यस्ता पे च्यानलहरुले आफ्ना कार्यक्रमहरु विज्ञापनरहित प्रसारण गर्नुपर्ने व्यवस्था नै क्लिन फिड हो। अर्को शब्दमा, विदेशी च्यानलबाट प्रसारण हुने सामग्रीमा विज्ञापन राख्न नहुने प्रक्रियालाई विज्ञापनरहित वा क्लिन फिड भनिन्छ। विज्ञापनरहित प्रसारणलाई सम्बन्धित देशको नीति र कानुनले व्यवस्थित गर्नुपर्ने हुन्छ। तर, नेपालमा यस किसिमको नीतिको अभावमा दुई दशक बढी अवधिदेखि विदेशी च्यानलहरुले आफ्ना प्रसारणमा निर्बाधरुपमा बहुराष्ट्रिय कम्पनीहरुको विज्ञापनसमेत प्रसारण गरिरहेको अवस्थामा सरकारले गतवर्ष क्लिन फिड नीति तर्जुमा गरी मन्त्रिपरिषद्ले पारितसमेत गरिसकेको छ।

नीतिमा उल्लिखित कार्यान्वयन कार्ययोजनाअनुसार राष्ट्रिय प्रसारण नियमावली, २०५२ लाई नीति अनुकूल संशोधन गर्ने, टेलिभिजन सिग्नल वितरण र केवल वितरणसम्बन्धी नियमावली तर्जुमा गरी लागू गर्नेलगायतका कानुनी आधारहरु खडा गर्नका लागि २०७३ चैत्र मसान्तसम्मको समयसीमा तोकिएको थियो। यी कार्यहरु पूरा भएसँगै आगामी साउन १ गतेदेखि यो नीति पूर्णरुपमा कार्यान्वयनमा आउने प्रस्ट व्यवस्थासमेत नीतिमा रहेको छ। तर, नीति पूर्णरुपले कार्यान्वयनमा आउन नपाउँदै पछिल्लो समयमा नीति कार्यान्वयनको पक्ष र विपक्षमा यस क्षेत्रका सरोकारवालाहरुले आफ्ना धारणा सार्वजनिक गरिरहेका छन्। नेपाल केवल टेलिभिजन महासंघ, नेपाल केवल टेलिभिजन व्यवसायी महासंघ, डिस होमलगायतका केवल व्यवसायी संगठनहरुले यो नीतिको कार्यान्वयन भएमा साउन १ गतेदेखि नै नेपाली डीटीएच कम्पनी र केवल कम्पनीहरुबाट प्रसारण भई आएका सबै च्यानलहरु बन्द गर्ने चेतावनीसहितको ज्ञापनपत्र सरकारलाई बुझाएका छन्। नेपालमा हाल ८० प्रतिशत च्यानल विदेशी भएको र तिनले नेपालका लागि मात्रै बेग्लै विज्ञापनरहित फिड (टेलिभिजन सामग्री) उत्पादन नगर्ने भएकोले सरकारले यो नीति लागू गर्नासाथ नेपालका डीटीएच कम्पनी र केवल कम्पनीहरु नकारात्मकरुपमा प्रभावित हुने कुरा उनीहरुले सार्वजनिक गरेका छन्। यद्यपि, सरकारले जारी गरेको सार्वजनिक नीति कार्यान्वयनमा सरोकारवालाका रुपमा रहेका निजी सेवाप्रदायकहरुले अघि सारेको यस खालको अड्चन र चेतावनीको सामाजिक सञ्जाल एवं कतिपय सञ्चारमाध्यमहरुमा चर्को आलोचना भइरहेको देखिन्छ। अर्कोतर्फ, निजी प्रकाशक र टेलिभिजन प्रसारकहरुको छाता संगठन नेपाल मिडिया सोसाइटीले नेपाल सरकारले निर्णय गरिसकेको यो नीति कुनै पनि बहानाबाजी नगरी लागू गर्न सरकारलाई विज्ञप्तिमार्फत आग्रह गरेको छ। यसरी हेर्दा, कतिपय सरोकारवालाहरु नीति कार्यान्वयनको विरोधमा र कतिपय समर्थनमा रहेको स्थितिले क्लिन फिड लागू गर्नमा सबै सरोकारवालाहरुको मतैक्य नरहेको प्रस्ट देखिएको छ।

नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरु विज्ञापनसहित प्रसारण भइरहँदा यसबाट मुलुकमा चौतर्फीरुपमा नकारात्मक प्रभावहरु देखा परेका छन्। त्यस्ता च्यानलका दर्शकका रुपमा रहेका आमउपभोक्ताले एकातिर केवल सेवाप्रदायक वा डीटीएचलाई पनि शुल्क तिर्नुपर्ने र अर्कोतिर विदेशी च्यानलहरुले विज्ञापनमा ठूलो रकम खर्च गर्ने बहुराष्ट्रिय कम्पनीका विज्ञापनसमेत शुल्क तिरेर हेर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ। विदेशी संस्कृतिलाई आधार मानेर निर्माण गरिएका त्यस्ता विज्ञापनहरुबाट नेपाली भाषा र नेपालको मौलिक संस्कृतिमा अतिक्रमण भई नकारात्मक असर पुगेको छ। यसले नेपाली विज्ञापन बजार र विज्ञापन उद्योगलाई पनि ठाडै प्रहार गरेको छ। क्लिन फिड नीति लागू नभएकै कारण विदेशी कम्पनीहरुले नेपालमा प्रसारण गरिने विज्ञापनका लागि पनि विदेशी सञ्चारमाध्यमहरुलाई नै प्रयोग गरिरहेका छन्। बहुराष्ट्रिय कम्पनीहरुले नेपाललाई लक्षित गरेर भारतीय टेलिभिजन च्यानलहरुमा विज्ञापन गरिरहेका कारण मुलुकलाई अर्बौं नोक्सानी भइरहेको छ। अहिलेकै हिसाबमा पनि क्लिन फिड नीति कार्यान्वयनमा आउन सके नेपालको विज्ञापन बजारमा गुणात्मक वृद्धि हुनुका साथै साढे ५ अर्ब हाराहारीको नेपाली विज्ञापन बजार दोब्बर भई विज्ञापनको वार्षिक कारोबार १० अर्ब माथि पुग्ने अनुमान नेपाल विज्ञापन संघले सार्वजनिक गरिसकेको छ। यो तथ्यले समेत क्लिन फिड लागू नहुँदा नेपाली विज्ञापन उद्योगलाई परिरहेको ठूलो मारलाई प्रस्ट पारिरहेको छ। यसका साथै, विदेशी च्यानलहरुबाट प्रसारण हुने विज्ञापनका कारण बर्सेनि अर्बौं रुपियाँ विदेशिएको मात्र छैन, सरकारको राजस्व आय र रोजगारी सिर्जनामा समेत नकारात्मक असर पुगेको छ।

यस किसिमको नकारात्मक स्थितिलाई सम्बोधन गर्ने अभिष्टका साथ ल्याइएको विज्ञापनरहित नीतिले नेपालमा डाउनलिंक अनुमति लिई प्रसारण हुने विदेशी च्यानललाई विज्ञापनरहित बनाई सबै किसिमका विज्ञापनहरु स्वदेशी सञ्चारमाध्यमबाट प्रसारण गरी स्वदेशी विज्ञापन बजारलाई विस्तार गर्ने तथा विज्ञापनका माध्यमबाट राजस्व र रोजगारीमा वृद्धि गरी विदेशी च्यानलका नाममा ठूलो मात्रामा भइरहेको विदेशी मुद्राको बहिर्गमनलाई घटाउँदै जाने लक्ष्य राखेको छ। साथै, विदेशी टेलिभिजन च्यानललाई विज्ञापनरहित बनाई दर्शकहरुलाई स्वच्छ र सफारुपमा हेर्न सक्ने बनाउने, स्वदेशी विज्ञापन एजेन्सी र टेलिभिजन च्यानललाई आत्मनिर्भर बनाउने, स्वदेशी विज्ञापन बजार वृद्धि गरी राजस्व र रोजगारीमा वृद्धि गर्नेलगायतका उद्देश्य नीतिले राखेको छ। यी लक्ष्य र उद्देश्यहरुको प्राप्तिका लागि विभिन्न रणनीति र कार्यनीतिहरु तय गरिएका छन्। नीति लागू भएपछि डाउनलिंक अनुमति लिई टेलिभिजन प्रसारण गर्न चाहने संस्थालाई विज्ञापनरहित हुनुपर्ने सर्त तोकेर मात्र अनुमति प्रदान गर्ने, नीति लागू हुनुअघि अनुमति लिइसकेका सबै प्रकारका विदेशी च्यानल प्रसारकहरुलाई यस आर्थिक वर्षको अन्त्यसम्म आफ्ना च्यानललाई विज्ञापनरहित प्रसारण गर्न सर्त तोक्ने, नेपाली टेलिभिजन च्यानलमा हुने व्यापारिक वस्तुहरुको विज्ञापन अनिवार्यरुपमा सेन्सर गरेर मात्र प्रसारण गर्ने व्यवस्था मिलाउने लगायतका विषयहरु रणनीति र कार्यनीतिमा समेटिएका छन्।

यसरी हेर्दा, क्लिन फिड नीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा नेपाली विज्ञापन उद्योगले ठूलो फड्को मार्न सक्ने अवस्था रहन्छ। साथै, नीति कार्यान्वयनबाट आमदर्शकले त राहत महसुस गर्छन् नै, सँगसँगै स्वदेशी टेलिभिजन च्यानललगायतका सञ्चारमाध्यम, उत्पादन गृह, रेकर्डिङ स्टुडियो, सुटिङ स्टुडियोलगायत नेपाली कलाकारहरुको प्रवर्द्धनमा समेत टेवा पुग्दछ। यसका माध्यमबाट सरकारी आयमा वृद्धि हुनुका साथै नेपाली विज्ञापन बजारमा एकैसाथ ठूलो मात्रामा रोजगारी सिर्जना हुन सक्ने अवस्था रहन्छ। क्लिन फिड नीतिको कार्यान्वयनले नेपाली भाषा र संस्कृतिमा भइरहेको अतिक्रमणलाई रोक्न, अनावश्यक विदेशी च्यानलहरुको प्रवेशमा रोक लगाउन तथा विदेशी विज्ञापन प्रसारणलाई नियमन गर्नसमेत मार्गप्रशस्त गर्दछ।

लामो समयदेखि क्लिन फिड नीति कार्यान्वयनको चौतर्फी आवाज उठिरहेको र हाल यस किसिमको नागरिक आवाजको सम्बोधन हुन लागेको समयमा नीति कार्यान्वयनमा सरोकारवालाहरुबीच मतैक्य नदेखिनु आमनेपालीजनका लागि सुखद समाचार हुँदै होइन। आमरुपमा आफ्ना नागरिकहरुको हित सुनिश्चित गर्नु कुनै पनि सार्वजनिक नीतिको मूल अभिष्ट हो। यही अभिष्ट पूरा गर्नकै लागि सरकारले यस खालका सार्वजनिक नीतिहरु कार्यान्वयनमा ल्याउने गर्दछ। यो स्थितिमा क्लिन फिड नीतिको कार्यान्वयनबाट देशमा आमरुपमा थुप्रै सकारात्मक प्रभावहरु पर्न सक्ने अवस्था रहँदारहँदै यसको कार्यान्वयनमा अड्चन खडा गर्नु निश्चय नै मुलुकको पक्षमा हुन सक्दैन। सँगसँगै, नीतिको कार्यान्वयन गरिरहँदा यसबाट सरोकारवाला पक्षमा पर्न जाने नकारात्मक प्रभावको न्यूनीकरण गर्नु पनि सरकारको दायित्वभित्रकै विषय हो। अतः सबै पक्षबाट कर्तव्य र दायित्वबोधसहित नीतिलाई 'शोभा'को दस्तावेज मात्र नबनाई यसको प्रयोग, पालना र कार्यान्वयन हुन सके नेपालमा क्लिन फिड नीतिको कार्यान्वयन प्रभावकारी बन्न सक्ने तथा सिंगो मुलुक यसबाट लाभान्वित हुन सक्ने आशा गर्न सकिन्छ।

## पाठक पत्र

### वनक्षेत्रलाई स्थानीय तहभित्र राख्न हुँदैन

इलामको दरबारे सामुदायिक वन माङसेबुङ गाउँपालिकामा पर्छ। तर त्यसको संरक्षण र भोगचलन चुलाचुली गाउँपालिकाका उपभोक्ताले गरिरहेका छन्। इलामकै टिक्रेबोटे वन माङसेबुङ गाउँपालिकामा पर्छ। यसको भोगचलन माई नगरपालिकाका उपभोक्ताले गरिरहेका छन्।

यसै गरी इलामका गैडे, थिमरा र दाहालटार सामुदायिक वन झापाका उपभोक्ताले भोगचलन गरिरहेका छन्। इलामका दक्षिणमा रहेका यस्ता करिब २० सामुदायिक वन छन्, जसको भोगचलन झापा र इलामका उपभोक्ताले संयुक्तरुपमा गरिरहेका छन्।

धनकुटाका पातलेखोला, बाह्रबीसेलगायत सामुदायिक वन मोरङका उपभोक्ताले भोगचलन गरिरहेका छन्। धनकुटाकै भिरगाँउ सामुदायिक वन पाँचथरका उपभोक्ताले भोगचलन गरिरहेका छन्। धनकुटा भेंडेटारको रमिते सामुदायिक वन सुनसरीका उपभोक्ताले भोगचलन गरिरहेका छन्।

यति मात्र होइन, मोरङका वन सुनसरीका उपभोक्ता, स्याङ्जाको वन कास्कीका उपभोक्ता, डढेलधुराका वन बैतडी, डोटी, कन्चपुरका उपभोक्ताले उपभोग गरिरहेका छन्। पर्वतको पञ्चासे संरक्षित वनले तीन जिल्लाका पाँचवटा स्थानीय तह समेट्छ।

सामुदायिक वन एउटा स्थानीय तहमा र उपभोक्ता समूह अर्को तहमा परेका उदाहरण धेरै छन्। प्रायः देशभर यो अवस्था छ। अहिलेका सामुदायिक वन र तिनका उपभोक्ता समूह सरकारले निर्धारण गरेका स्थानीय तहको सीमाभित्र नपरे पनि एउटै प्रदेशभित्र भने पर्छन्। त्यसैले वन संरक्षणकर्मी सामुदायिक वनको संरक्षण र व्यवस्थापन स्थानीय तहबाट भन्दा प्रादेशिक सरकारबाट गर्दा द्वन्द्व कम हुने बताउँछन्। देशभर करिब १९ हजार सामुदायिक वन छन्। अहिले जुन किसिमले भोगचलन भइरहेको छ त्यसलाई खलबल्याउने हो भने द्वन्द्व शुरु हुन्छ।

वनक्षेत्रलाई स्थानीय तहभित्र राख्न सक्ने अवस्था हामीले देखेका छैनौं। सरकारले स्थानीय तहहरूलाई आ-आफ्नो क्षेत्रमा पर्ने सामुदायिक वन जिम्मा लगाएर सीमा निर्धारण गर्‍यो भने द्वन्द्व अवस्था रहन्छ। स्थानीय तह एक-आपसमा यही विषयलाई लिएर जुध्न थाले भने यसले वनक्षेत्र विनाश हुनसक्छ। स्थानीय तहभन्दा पनि ठूलो र क्षेत्रफल ओगट्ने प्रादेशिक सरकारले अहिलेकै अवस्थामा वनक्षेत्रको व्यवस्थापन र संरक्षण गर्नुपर्छ। वनस्रोतको व्यवस्थापन र संरक्षण खुम्च्याउन सक्ने अवस्था स्थानीय तहलाई नरहेको ठहर हाम्रो छ।

संविधानले प्रदेशको अधिकारसम्बन्धी अनुसूची ६ मा प्रदेशभित्रको राष्ट्रिय वन, जंगल उपयोग तथा वातावरण व्यवस्थापन जिम्मेवारी प्रादेशिक सरकारलाई दिएको छ। यति हुँदाहुँदै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले मन्त्रिपरिषद्को निर्णय उल्लेख गर्दै फागुन २४ गते राष्ट्रिय वन व्यवस्थापनसम्बन्धी अधिकार स्थानीय तहलाई हस्तान्तरण गरेपछि यो विवाद चुलिएको जस्तो लागेको छ। स्थानीय तहले आफ्नो क्षेत्रभित्र पर्ने सामुदायिक वन खोज्न थाले भने उपभोक्ताबीच द्वन्द्व हुने अवस्था आउने निश्चित छ। हामीले वनस्रोतलाई स्थानीय तहको सीमाभित्र बाँध्न सक्दैनौं। पुराना उपभोक्ताबाट खोसेर नयाँ उपभोक्तालाई पनि दिन सक्दैनौं। यस्तो गरियो भने यसले द्वन्द्व मात्र सिर्जना गर्छ।

पूर्वपश्चिम राजमार्गभन्दा दक्षिणतर्फ निकै कम संख्यामा साझेदारी र सामुदायिक वन छन्। लाखौं उपभोक्ताले त्यसको उपभोगबाट वञ्चित हुनुपर्ने अवस्था छ। यसको मतलव उत्तरतिरका सबै वन त्यहीँका स्थानीय तहलाई दिने र उनीहरूको निर्णयअनुसार मात्र वनस्रोत उपयोग गर्न पाउने व्यवस्था हुने हो भने पनि द्वन्द्व शुरु हुन्छ। वन एउटा सीमित क्षेत्र वा तहको मात्र नभएर राष्ट्रिय स्रोत हो। यसको आम्दानीको हकदार पूरै देशवासी हुनुपर्छ। वन संरक्षण, व्यवस्थापन र सदुपयोगको सम्पूर्ण अधिकार स्थानीय तहलाई दिँदा एकाधिकार कायम हुन्छ। यसबाट स्रोतको पहुँचमा नभएका सर्वसाधारणलाई अन्याय हुन्छ। यस्तो समस्या नआओस् भन्नका लागि सामुदायिक वन संरक्षण र व्यवस्थापन जिम्मा प्रादेशिक सरकारलाई दिनुपर्ने देखिन्छ। यसो भयो भने उपभोक्ताबीच विवाद नआउन सक्छ।

तर बुझाइ र ज्ञानको कमीले दुई स्थानीय तहका जनप्रतिनिधिहरूबीच विवाद र द्वन्द्व हुनसक्छ। त्यो पनि समस्या नै हो। सबै जनप्रतिनिधि सामुदायिक वन उपभोक्ता समूहको राजनीति गरेर आउनुभएको पनि छैन। र, सबै एउटै दलको पनि हुनुहुन्न। दुई तहका जनप्रतिनिधिहरूको प्राथमिकताका क्षेत्र पनि फरक पर्न सक्छन्। एउटाले सामुदायिक वन संरक्षणलाई महत्व दिन सक्छ तर अर्कोले त्यही वनमा सडक, स्कुल, अस्पतालजस्ता पूर्वाधार निर्माण गर्न सक्छ। जनप्रतिनिधिको नियत राम्रो भए पनि बुझाइ र ज्ञानको कमीले गर्दा वन विनाश हुन सक्छ।

स्थानीय तहलाई संरक्षण र व्यवस्थापनको जिम्मा दिने अवधारणा राम्रो भए पनि तत्काल सबै अधिकार दिन हुँदैन। स्थानीय तह र जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि गरेर मात्र अधिकार हस्तान्तरण गर्दा उपयुक्त हुन्छजस्तो लाग्छ। वन ऐन, २०४९ अनुसार विधिवत् हस्तान्तरण भएका अहिलेका सामुदायिक वन र उपभोक्ताहरूको अधिकार खोस्न मिल्दै मिल्दैन। वन एउटा स्थानीय तहमा पर्छ, उपभोक्ता अर्को तहमा। यस्तो अवस्थामा कुनचाहिँ तहले त्यसको संरक्षण र व्यवस्थापन गर्ने भन्ने विवाद र द्वन्द्व आउन सक्छ। त्यसैले दुइटै तहलाई समेट्ने गरी यसको जिम्मेवारी प्रादेशिक सरकारलाई दिनुपर्छ। सरकारले परिपत्रमार्फत नगरपालिका, गाउँपालिका र वडाको काम, कर्तव्य र अधिकार निर्धारण गर्दै वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधता संरक्षण र प्रवर्द्धनको काम स्थानीय तहलाई दिएपछि हामी यति कुरा गर्न बाध्य भएका हौं।

*- राजेन्द्र खड्का, इलाम*
*हाल : काठमाडौं*

### समस्या धेरै भयो

सडक मर्मत नहुँदा हामीलाई निकै समस्या छ। बाटो मर्मत हुन नसक्दा बिरामीलाई बोकेर आउने एम्बुलेन्ससमेत जिल्ला अस्पतालसम्म पनि आउन सकेका छैनन्। विगत एक महिनादेखि भत्किएको यहाँको बाटो मर्मत हुन नसक्दा उपचारका लागि जिल्ला अस्पताल आउने बिरामीलाई करिब ४ सय मिटर टाढा नै ओर्लिएर हिँड्नुपर्ने बाध्यता रहेको छ। उपचारका लागि आउने बिरामी, औषधि र अन्य सामग्रीलाई मानिसले बोकेर अस्पताल परिसरसम्म ल्याउँदा चर्को मूल्य तिर्नुपर्ने समस्या छ हामीलाई।

तीन वर्षअघि खलंगा-रिम्ना सडकअन्तर्गत पर्ने यहाँको सडकसँग जोडेर वैकल्पिक बाटो निर्माण गरे पनि अहिले त्यो पनि सञ्चालनमा आउन सकेको छैन। अहिले दैनिक बिरामी बोकेर अस्पताल ल्याउने गरिँदै आएको छ। आखिर कहिलेसम्म हामीले दुःख पाउने हो ?

*- यज्ञ विचारु, जाजरकोट*

## सामाजिक सञ्जाल



विद्या भण्डारीले रातो लगाऊ, विवाहित महिलाले सिउँदो, घाँटी र नारी खालि गर, अनि बल्ल छाउपडीको विरोध गर। आफू रूढिवाद नछोड्ने, अरूलाई छोड भन्ने ?

**Banita**
**@banimadam**



मुख्य सचिव काज मिलाएर ADB को जागिर खान हिंडेछन्। कस्तो देशको माया नभएका अवसरवादी, उता चित्त नबुझे यतै फर्कूला भनेर राजीनामा नदिई काजमा गएका।

**anil aryal**
**@onilaryal**



निजी स्कुलहरु हरेक बन्दमा बन्द हुन्छन्। बन्दको विरोध पनि गर्छन्। बन्द गराउने पार्टीलाई चन्दा दिन्छन्। बन्दको प्रतिरोध कहिल्यै गर्दैनन्।

**Kishore Nepal**
**@kishorenepal**

२०७४, असार
बिहीबार
२९

प्रतियोगितामा प्रथम हुने मोर्डन कलेजका बल्सला एस राजधामीले ४ हजार रुपियाँ, द्वितीय हुने सैनिक आवासिय महाविद्यालयका क्षीतिज वैद्यले ३ हजार, तृतीय हुने काठमाडौं स्कुल अफ ल का रक्षा खनालले २ हजार र जनप्रेमी कलेजका साम्भवी अधिकारीले १ हजार रुपियाँसहित सान्त्वना पुरस्कार प्राप्त गरे।



# नेपाल

## संक्षेप

### ठगीको आरोपमा पक्राउ

काठमाडौं, (नेस)

अमेरिकी डलर साटीदिन्छु भनी ठगीको अभियोगमा गोर्खा धोर्जे नगरपालिका बस्ने ३० वर्षीय कविराज सुनारलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ। सुनारलगायत ३ जनाको समूहले गोरखा फुजेल-६ घर भएका ४६ वर्षीय कृष्ण पन्तलाई ललाईफकाई गरी हामीसँग अमेरिकी डलर ३० हजार छ भनी पन्तको साथमा रहेको नगद ५ लाख रुपियाँ ठगी गरी काठमाडौं कागेश्वरी मनहरा नगरपालिका मूलपानीबाट फरार भएका थिए। अन्य २ जना फरार व्यक्तिको खोजतलास गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ।

### लागूऔषधसहित गिरफ्तार

काठमाडौं, (नेस)

पर्सा टेडा-८ घर भई हाल नेपालटार बस्ने १९ वर्षीय सरोज पटेल र सोही ठाउँ घर भई हाल सिनामंगल बस्ने ३२ वर्षीय रञ्जित राउत कुर्मीलाई करिब ५ ग्राम लागूऔषध ब्राउन सुगरसहित मंगलबार प्रहरीले पक्राउ गरेको छ। काठमाडौं महानगरपालिका-१६ बालाजुमा हिँडिरहेका पटेल र राउतलाई शंका लागी चेक जाँच गर्दा उक्त लागूऔषध फेला परेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ।

### सुन जस्तो वस्तुसहित पक्राउ

काठमाडौं, (नेस)

काभ्रे बेथान गाउँपालिका-५ घर भएका २४ वर्षीय साइमन सोमनामलाई ९ थान बिस्कुटको आकारका करिब ८ केजी ८ सय ८० ग्राम सुनजस्तो देखिने वस्तुसहित मंगलबार प्रहरीले पक्राउ गरेको छ।

नागार्जुन नगरपालिका-५ रामकोटस्थित अमर कुँवर र विशाल केसीले जग्गा भाडामा लिई सञ्चालन गरेको तरकारी खेतीमा काम गर्ने सोमनामले सोही जग्गामा रहेको टहरामा सुनजस्तो पदार्थ अवैधरूपमा लुकाई राखेको छ भन्ने विशेष सूचनाको आधारमा प्रहरीले खानतलासी गर्ने क्रममा उक्त वस्तु फेला परेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ।

### गहना चोरेर फरार

काठमाडौं, (नेस)

नागार्जुन नगरपालिका-६ पद्मावती कोलनी बस्ने प्रभा प्रधानको घरमा मंगलबार कोही नभएको अवस्थामा १ तोला चाँदीको क्वाइन २४ थान, ५ तोलाको जिङ्गरको लोगो भएको चाँदीको क्वाइन १ थान र सोही घरको छतबाट सँगै रहेको लक्ष्मीकुमारी मल्लको घरमासमेत प्रवेश गरी सुन तथा चाँदीका विभिन्न गहनाहरू र नगद १० हजार गरी करिब २ लाख ४६ हजार रुपियाँ बराबरको धनमाल चोरी भएको छ। फरार चोरको प्रहरीले खोजतलास गरिरहेको जनाइएको छ।

## शर्मालाई अदालतमा उपस्थित गराउन आदेश

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले भ्रष्टाचारको आरोपमा थुनामा रहेका आन्तरिक राजस्व विभागका महानिर्देशक चूडामणि शर्मालाई लिखित जवाफसहित शुक्रबार उपस्थित गराउन आदेश दिएको छ।

न्यायाधीश पुरुषोत्तम भण्डारीको बुधबारको एकल इजलासले आधार र कागजप्रमाण प्रस्ट देखिने प्रतिलिपीसहितको लिखित जवाफका साथ महान्यायाधिवक्ता कार्यालयमार्फत् असार ३० गते बिहान १०:३० बजे बन्दीमा रहेका शर्मालाई अदालतमा उपस्थिति गर्न/गराउन आदेश दिएको हो।

त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई बन्दीमा रहेका शर्माको स्वास्थ्य परीक्षण गराई आवश्यक उपचारको व्यवस्था गर्न समेत आदेशमा भनिएको छ। शर्माकी पत्नी कल्पना उप्रेतीले विशेष अदालत, आयोगलगायतलाई विपक्षी बनाई मंगलबार सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदनमा शर्मालाई गैरकानुनीरूपमा थुनामा राखेको जनाउँदै थुनामुक्त गर्न माग गरिएको थियो।

निवेदनमा राजस्व विभागका महानिर्देशकको कर दायरा घटाउने वा बढाउने विशेष अधिकार हुने र सोहीअनुसार शर्माले काम गरेको जनाउँदै थुनामा राख्ने कार्य गैरकानुनी भएको उल्लेख छ। राजस्व निर्धारणमा अनियमितता गरेको आरोपमा विभागका महानिर्देशक शर्मालाई गत जेठ १९ गते आयोगले पक्राउ गरी विशेष अदातलमा मुद्दा दायर गरेको थियो।

## मासु पसलको बदमासी

काठमाडौं, (नेस)

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले अनुगमनका क्रममा नियमअनुरूप पसल सञ्चालन नगरेको जनाइ राजधानीको वसुन्धरा र महाराजगन्जमा रहेका ९ मासु पसललाई ७ दिनभित्र विभागमा आउन निर्देशन दिएको छ।

विभागले बुधबार नियमित रूपमा गरेको अनुगमनका क्रममा मूल्यसूची नराखेको, नापतौल प्रमाणीकरण नगरेको, व्यवसाय दर्ता नगरेको र अत्यन्तै फोहोर रहेको पाएपछि सबै प्रक्रिया पूरा गरी विभागमा आउन ती पसललाई निर्देशन दिएको हो। वसुन्धरास्थित श्याम मिट सप, कालिञ्चोक मिट सप, आँधीखोला भेराइटी मिट सप, न्यु वाग्मती किचेन स्टोर, भीमेश्वर मिट सप र डीएन्डआर एग्रिकल्चर मिट र महाजगन्जस्थित गणेश कोल्ड स्टोर र हाम्रो मिट सपलाई सो निर्देशन दिइएको विभागले जनाएको छ।

## प्लास्टिकको चामल बेच्ने पक्राउ

काठमाडौं, (नेस)

प्रहरीले प्लास्टिकको चामल बिक्री गरेको आरोपमा एक जना व्यापारीलाई प्रहरीले पक्राउ गरेको छ।

स्वयम्भु सानो भन्याङमा सञ्चालित शेरचन ब्रदर्स प्रालिका सञ्चालक टंकप्रसाद शेरचनलाई प्रहरीले पक्राउ गरेको हो।

प्रहरी स्रोतका अनुसार निज व्यापारी शेरचनको पसलबाट प्रहरीको १ नम्बर गणबाट किनेको चामल अररो भएपछि प्रहरीले उनलाई नियन्त्रणमा लिई अनुसन्धान थालेको हो।

प्रहरीले उक्त चामलमा शंका उत्पन्न भएपछि शेरचनको गोदाममा छापा मारेको थियो।

## सत्य आयोगका पदाधिकारीद्वारा प्रमसँग भेट

काठमाडौं, (नेस)

प्रधानमन्त्री शेरबहादुर देउवासँग सत्यनिरुपण तथा मेलमिलाप आयोगका टोलीले भेट गरी आयोगको ऐन संशोधन गर्नुपर्नेलगायत आयोगको काम कारबाहीका बारेमा जानकारी गराएको छ।

सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा बुधबार साँझ भएको भेटमा प्रधानमन्त्री देउवाले ऐनमा के-के कुरा संशोधन गर्न जरुरी छ त्यसलाई तयार गरेर ल्याउन आग्रह गर्नुभएको थियो।

आयोगले जिल्लाका शान्ति समितिका सदस्य प्रत्यक्षरुपमा पीडितको सम्पर्कमा रहेको हुँदा आयोगले समितिकै सहयोगमा कार्य गर्नुपर्ने हुँदा समितिलाई भंग नगर्न आग्रह गरेको बताउनुभयो। सरकारले साउन १ गतेदेखि ७५ वटै जिल्लामा रहेका शान्ति समितिलाई भंग गर्ने निर्णय गरेको छ।

## रोकायालाई पुरस्कार






काठमाडौं, (नेस)

सशस्त्र प्रहरी निरीक्षक स्व. दुर्गाबाबु पाठकको स्मृतिमा स्थापित 'दुर्गाबाबु पाठक स्मृति संगीत पुरस्कार' नेपाल एपीएफ स्कुल कक्षा ५ मा अध्ययनरत छात्र आशिष रोकायालाई प्रदान गरिएको छ।

स्व. पाठकको स्मृतिमा उनका एकै ब्याचका सहकर्मीद्वारा स्थापित १ लाख ५० हजार रुपियाँ राशीको स्थापना गरिएको अक्षयकोषबाट प्रत्येक वर्ष सशस्त्र प्रहरी परिवार महिला संघको वार्षिकोत्सवको अवसर पारेर नेपाल एपीएफ स्कुलमा संगीततर्फ प्रथम हुने एक जना छात्र तथा छात्रालाई सो पुरस्कार प्रदान गर्दै आएको सशस्त्र प्रहरी निरीक्षक शैलेन्द्र थापाले जानकारी दिए। यही असार २८ गते बुधबार सशस्त्र प्रहरी बल, नेपाल मुख्यालय हलचोकमा आयोजित सो संघको वार्षिकोत्सवमा एक समारोहका बीच रोकायालाई सो पुरस्कार प्रदान गरिएको हो।

सशस्त्र प्रहरी बल सि.सं. ७ का सशस्त्र प्रहरी निरीक्षकहरूद्वारा आफ्ना सहकर्मीको सम्झनामा सो संगीत अक्षयकोष स्थापना गरिएको हो। सानैदेखि गीत-संगीतमा रुचि राख्ने बहुप्रतिभाका धनी सशस्त्र प्रहरी निरीक्षक स्व. दुर्गाबाबु पाठकले पक्षी र निन्द्रा लाग्दैन गरी २ वटा एल्बम बजारमा ल्याइसकेका थिए। गीत रचना गर्ने, आफैं संगीत भर्ने र आफैं गाउनेसमेत क्षमता राख्ने स्व. पाठकको सांगीतिक प्रतिभालाई अमर राख्नका लागि सो अक्षयकोषको स्थपाना गरिएको सशस्त्र प्रहरी निरीक्षक थापाले जानकारी दिए।

स्व. पाठकको कर्तव्य पालनाको सिलसिलामा २०७२ चैत्र २७ गते धादिङको मलेखुमा सडक दुर्घटनामा परी निधन भएको थियो। यसका साथै सो संघले पुरस्कार स्थापना गर्न सहयोग गरेबापत सो सि.सं. लाई प्रशंसा-पत्र तथा मायाको चिनो प्रदान गरेको छ। सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठले उक्त सि.सं. को तर्फबाट सशस्त्र प्रहरी निरीक्षक थापालाई प्रशंसा-पत्र तथा मायाको चिनो प्रदान गर्नुभएको थियो।

## पाँच युवा प्रतिभा सम्मानित




भक्तपुर, (नेस)

जिल्लास्तरका युवा प्रतिभा तथा उद्यमीहरूलाई सम्मान गरिएको छ। राष्ट्रिय युवा परिषद् जिल्ला युवा समिति भक्तपुरले सञ्चारकर्मी सोम शर्मा (बजगाईं) सहित जिल्लाका विभिन्न क्षेत्रमा कार्यरत ५ युवा उद्यमीलाई नगदसहित सम्मान गरेको हो।

सम्मानित हुनेहरूमा सञ्चार क्षेत्रबाट पत्रकार सोम शर्मा (बजगाईं), खेल क्षेत्रबाट राष्ट्रिय धावक कृष्णश्वरी सिन्तकल, साहित्यबाट साहित्यकार श्यामकृष्ण खुलीमुली, योग अभियन्ता विकास वज्राचार्य र उद्यमशील तार रोजगारीतर्फबाट संस्थागतरूपमा भक्तपुर घरेलु तथा साना उद्योग संघ रहेका छन्। उनीहरूलाई नगद ५ हजार रुपियाँसहित प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेल र राष्ट्रिय युवा परिषद्का उपसचिव ध्रुवराज पौडेलले सम्मान गरे।

सम्मान कार्यक्रममा युवा समितिले 'समृद्ध नेपाल निर्माणमा युवाको भूमिका' विषयमा आयोजना भएका वतृत्वकला प्रतियोगिताका विजयीहरूलाई नगदसहित प्रमाणपत्र प्रदान गरेको छ। प्रतियोगितामा प्रथम हुने मोर्डन कलेजका बल्सला एस राजधामीले ४ हजार रुपियाँ, द्वितीय हुने सैनिक आवासिय महाविद्यालयका क्षीतिज वैद्यले ३ हजार, तृतीय हुने काठमाडौं स्कुल अफ ल का रक्षा खनालले २ हजार र जनप्रेमी कलेजका साम्भवी अधिकारीले १ हजार रुपियाँसहित सान्त्वना पुरस्कार प्राप्त गरे।

कार्यक्रममा प्रजिअ पोखरेलले सरकारले युवालाई रोजगारी सिर्जना गर्ने र उद्यमशीलता विकास गर्ने उद्देश्यले सञ्चालन गरेको कार्यक्रमले युवा विदेश पलायल रोक्न मद्दत पुगेको बताए।

परिषद्का उपसचिव पौडेलले युवाहरूको क्षमता अभिवृद्धीअन्तर्गत तालिमसमेत प्रदान युवालाई स्वरोजगार बन्ने कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिए। युवा समिति भक्तपुरका प्रमुख पद्मराज जोशी, गैसस महासंघका अध्यक्ष बालमुकुन्द सुवाल, पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकीले युवालाई उद्यमशील सीप विकास गराई स्वरोजगार र रोजगारीको अवसर सिर्जना गर्न सरकारले रणनीतिक योजना बनाई कार्य गर्नुपर्नेमा जोड दिए।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
डिभिजन कार्यालय
पर्सा, वीरगंज

शिलवन्दी बोलपत्र छनौटको आसयको सूचना

प्रकाशित मिति :- २०७४/३/२९

यस कार्यालयको मिति २०७४/२/३ गते अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. 01/073/74 अनुसार निम्न कार्यको लागि बोलपत्र आव्हान भई तोकिएको म्याद भित्र दर्ता हुन आएका शिलवन्दी बोलपत्रहरु मध्ये तपसिल बमोजिमका शिलवन्दी बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. मु.अ.कर वाहेक | कैफियत |
|---|---|---|---|---|
| DUDBC/Parsa/Works/NCB/01/073/74 | Beautification work of shivalay pond/ Barahwa Tal; Road and Drain construction work of Gaur Municipality, Rautahat | Swachchhanda/Dhukuchhu/Ashraya J.V.Kathmandu | 68,90,69,075.25 | |

डिभिजन प्रमुख

सिनेमा कर्नर

TODAY'S MOVIES
Tubelight 8:20, 11:20 2:20, 5:20
रातो घर 8:20, 11:20 2:20, 5:20
Raabta 8:20, 11:20 2:20, 5:20
Kidnap 8:20, 11:20 2:20, 5:20
तारेभिर 8:20, 11:20 2:20, 5:20
लाल्टीन 8:20, 11:20 2:20, 5:20
पर्व 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Comer
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Guest in London
तारेभिर
धनपति
लाल्टिन
ताकतवर
मन्दीरा
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६




माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आर्थिक लाभ, परिवार-सुख, उत्तम भोजन, सुख-सन्तोष ।
**वृष** : कार्य सिद्धि, शारीरिक स्वस्थता, हर्षविभोर, सुखानुभूति ।
**मिथुन** : राज्य भय, मान-प्रतिष्ठामा आघात, अनिच्छित यात्रा ।
**कर्कट** : रोग लाग्ने सम्भावना, धनहानि, कार्यमा बाधा आउने ।
**सिंह** : धन-सम्पत्ति प्राप्ति, रोकिएका काम बन्ने, पुरस्कार-सम्मान ।
**कन्या** : आर्थिक लाभ, विजय, पारिवारिक सुख ।
**तुला** : असफलता, सन्तान-कष्ट, वायुजन्य रोगको भय, खर्च ।
**वृश्चिक** : अपच-ग्यास्ट्रिकको सम्भावना, विवाद, व्यर्थको दौडधुप ।
**धनु** : द्रव्यलाभ, मान-सम्मान, पराक्रम-उन्नति, कार्य सफल ।
**मकर** : धन नाश, अस्थिरता, आाखामा समस्या आउन सक्छ ।
**कुम्भ** : खाद्यसामग्री-उपहारादि वस्तु प्राप्ति, उत्तम भोजन, भाग्योदय ।
**मीन** : धन कनोक्सानी, रोग-चोटपटकको भय, वादविवाद ।

# नेपाल

निर्वाचित जनप्रतिनिधिलाई ध्यानमा राखेर झापामा पहिलो चरणको कार्यक्रम तय गरिएकाले केही महिनापछि सुशासन प्रबर्द्धन तथा भ्रष्टचार नियन्त्रण सम्बन्धि जनप्रतिनिधि र कर्मचारीलाई छुट्टाछुट्टै अन्तरक्रिया गराइने आयोगले जनाएको छ।

## सप्तरी बाढीपीडितलाई सहयोगका हात

### मुखले होइन मनले जोडिन्छ सम्बन्ध



**कृष्णउदास खनाल, वीरगन्ज**

मधेसको नाउमा राजनीति भए पनि मधेसकै नागरिक पीडामा परेका बेलामा राजनीतिक बृत्तमा कुनै चासो र बहस नभएको भन्दै चिन्ता जनाइरहेका बेला पर्सामा बाढीपीडितहरूका लागि मनकारी मनहरू अगाडि सरेका छन्।

सप्तरीका बाढीपीडितहरूका लागि लक्षित गरी संघीय समाजवादी फोरम पर्साले राहत सामग्री संकलन अभियान सञ्चालन गरेको छ। संकलित सामानहरू बुधबार बिहान राहत सामग्री पठाएको छ। सप्तरीका बाढीपीडितहरूको दुराअवस्थामा राहत तथा सहयोग पुर्‍याउने काममा कमी रहेको कुरा सञ्चार माध्यमबाट आइरहेको मध्यनजर गर्दै फोरम नेपालको पर्सा जिल्ला समितिले १० लाखभन्दा बढी मूल्यको राहत सामग्री पठाएको छ। राहत सामग्रीस्वरूप पार्टीका तराई मधेस प्रदेश कोषाध्यक्ष विजय कुमार सरावगीले उपलब्ध गराउनुभएको ८ लाख मूल्यबराबरका त्रिपाल ५ सय थान, विभिन्न दाताहरूबाट चामल ७५ बोरालगायत सामान बाढीपीडितहरूका लागि संघीय समाजवादी फोरम नेपाल, पर्साले जुटाएको हो। जिल्ला अध्यक्ष प्रदीप यादव र मधेस प्रदेशका कोषाध्यक्ष विजय सरावगीले पार्टीको झन्डा हल्लाएको राहत समग्रीको ट्रकसहितको टोलीलाई विदाइ गरेको थिए।

उक्त राहतसामग्री २ नम्बर क्षेत्रका क्षेत्रीय सचिव राधाकृष्ण रौनियारको नेतृत्वमा कार्यसमिति पर्साका पदाधिकारीहरू, युवा नेता रोहित बर्णवाल युवा अभियंता आशु सर्राफलगायतको टोली वितरण गर्न सप्तरी प्रस्थान गरेको छ। मधेसको नाउमा राजनीति गर्नु मात्रै आफूहरूको दायित्व नभइ मधेस वा पहाडको कुनै पनि स्थानमा दुःखमा परेकाहरूको सहयोग गर्ने आफूहरूको लक्ष्य रहेको फोरम पर्साका अध्यक्ष प्रदीप यादवले बताउनुभयो। पीडामा साथ दिने मुख होइन मन आवश्यक पर्ने फोरमका कोषाध्यक्ष सरावगीले बताउनुभयो। उद्योगीसमेत रहनुभएका सरावगीले मुखले मात्रै ठीक्क पार्ने राजनीतिमा मनकारी हातहरू बढ्न आवश्यक रहेकोमा पनि जोड दिनुभएको छ।

## एक घर पाँच बिरुवा अभियान

लमजुङ, (नेस)

लमजुङ मर्स्याङ्दी गाउँपालिका- ३ का वडाध्यक्षले आफू निर्वाचित भएपछि वडामा समृद्धि ल्याउनका लागि 'एक घर ५ लप्सीका विरुवा रोपण' अभियान सञ्चालन गरेका छन्। अभियानअन्तर्गत ती बिरुवा जिल्ला वन कार्यालयले निःशुल्क उपलब्ध गराएको हो।

जिल्ला सदरमुकाम बेंसीशहरबाट करिब ७ किमिको दुरीमा रहेको उक्त वडा तत्कालीन खुदी गाविसका रूपमा परिचित थियो। उक्त सिंगो गाविस स्थानीय तहको पुनर्संरचनामा मर्स्याङदी गाउँपालिका- ३ मा परिणत भएको छ। पहिलो चरणमा सम्पन्न भएको लमजुङको स्थानीय तहको निर्वाचनबाट निर्वाचित हुनुभएका वडाध्यक्ष प्रेमबहादुर बस्नेतले सो अभियान सञ्चालन गरेर बिरुवा रोपणको कार्य सकेको बताउनुभयो। उहाँका अनुसार उक्त वडाका गाउँलेहरूले २ हजार ८ सय ७५ लप्सीका बिरुवा २ सय ५० बकाइनो र १ सय ५० चापका बिरुवा गरी कूल ३ हजार २ सय ७५ बिरुवा रोपिएको छ।

उक्त वडामा रहेको ग्रामीण पर्यटकीय गाउँका रूपमा परिचित सिउरुङका गाउँलेले उत्साहका साथ ती बिरुवा लगाएको सो गाउँको पर्यटन व्यवस्थापन समितिका सचिव एवम् स्थानीय लताकुञ्ज आधारतभूत विद्यालयका प्रधानाध्यापक उमरबहादुर गुरुङले बताउनुभयो।

ती बिरुवाले अबको पाँच वर्षमा फल दिने वडाध्यक्ष बस्नेतले बताउनुभयो। बजारका बारेमा पनि केही सोच्नुभएको छ कि ? भन्ने जिज्ञासामा सकेसम्म गाउँमै खपत गर्ने मेसिन ल्याउने माडा र चक्लेट बनाउने योजना रहेको बताउनुभयो। उहाँका अनुसार 'त्यो चाहिँ मेरो मत्रै चाहनाले हुँदैन, सबैले आँट गर्नुपर्ने हुन्छ' -उहाँले बताउनुभयो। तर यतिबेला सबै उत्साहित देखिएका छन् बस्नेतले बताउनुभयो।

## निर्वाचित प्रतिनिधिलाई जिम्मेवार बन्न अख्तियारको निर्देशन

**उत्तम नेपाल, भद्रपुर**

स्थानीय तहको दोस्रो निर्वाचनबाट भर्खरै निर्वाचित भएका झापाका जनप्रतिनिधिलाई भ्रष्टचार नगरी आफ्नो जिम्मेवारी सहज ढंगले अघि बढाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोग कार्यालय इटहरीले निर्देशन दिएको छ। आयोगले झापाको भद्रपुरमा बुधबार आयोजना गरेको भ्रष्टचार नियन्त्रणमा आयोगको भूमिका विषयक जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रममा यस्तो निर्देशन दिएको हो।

राज्यको सम्पूर्ण अधिकार जनप्रतिनिधिको काँधमा आएकाले स्थानीयस्तरमा जुनसुकै काममा हुने गरेको भ्रष्टचार नियन्त्रण गरी स्वच्छ र पारदर्शिता झल्कने तरिकाले काम गर्न हुन आयोगका इटहरी प्रमुख प्रेमप्रसाद भट्टराईले अनुरोध गरेका छन्। शिक्षा, स्वास्थ्य, खानेपानी, सडकलगायत विकास निर्माणका काममा भ्रष्टचारको जरो गाडिएकाले अबका निर्वाचित जनप्रतिनिधिले निर्मूल बनाउन सुझावसमेत दिएका छन्। देश विकासमा राजनैतिक दलबाहेक अन्यले विकास गर्न नसक्ने बताउँदै अबका दिनमा विकाससँगै भ्रष्टचार उन्मुलन हुने आशा राखिएको भट्टराईको भनाइ छ।

निर्वाचित जनप्रतिनिधिलाई ध्यानमा राखेर झापामा पहिलो चरणको कार्यक्रम तय गरिएकाले केही महिनापछि सुशासन प्रबर्द्धन तथा भ्रष्टचार नियन्त्रण सम्बन्धि जनप्रतिनिधि र कर्मचारीलाई छुट्टाछुट्टै अन्तरक्रिया गराइने आयोगले जनाएको छ। अन्य जिल्लाको तुलनामा झापा सन्तोषजनक रहेपनि जनता भने सो अनुरूप नदेखिएको आयोगको ठम्याइ छ।

आयोगका शाखा अधिकृत नीलकण्ठ विश्वकर्माले भ्रष्टचार नियन्त्रणसम्बन्धी कानुनी व्यवस्था, सम्बैधानिक व्यवस्था, आयोगको भूमिका, उजुरीका माध्यामहरूलगायतका विषयमा प्रस्तुतीकरण गरेका थिए। विश्वकर्माले गरेको प्रस्तुतीकरणमा सबैभन्दा बढी शिक्षामा भ्रष्टचार हुने गरेको तथ्याङ्ले देखाएको छ। शिक्षामा हालसम्म १२ सय ३५ ओटा उजुरी परिसकेको उल्लेख गरिएको छ।

आयोगमा परेका विभिन्न विषयका उजुरीमा बढी बेनामे आउने गरेको विश्वकर्माले जनाए। अर्कोतर्फ कार्यालयको काम हेर्ने हो भने सेवाग्राहीले मालपोतमा ३४ भूमिसुधारमा २९, यातायात तथा नापीमा २६, जिल्ला विकासमा २० प्रतिशत अतिरिक्त रकम तिर्नुपर्ने सार्वजानिक सेवा प्रवाह सर्भेक्षण २०१६ ले गरेको अनुसन्धानले देखाएको आयोगले जनाएको छ। अन्तरक्रिया कार्यक्रममा निर्वाचित जनप्रतिनिधि वेणुप्रसाद सिवाकोटी, अन्जार आलम, रोमनाथ ओली, ध्रुव सिवाकोटी पत्रकार उत्तम नेपाललगायतले राखेको सुझाव तथा जिज्ञासालाई आयोगका प्रमुख भट्टराईले प्रष्ट पारेका थिए।

छलफलको क्रममा जिल्ला विकास समितिले लगाएको सडक निर्माण ठेक्कामा गुणस्तरहीन तथा रात्रिको समयमा काम गरेको गुनासो उठेपछि आयोगले गुनासालाई उजुरीका रूपमा लिएर जिविसले गरेको वैशाखदेखि असारसम्मको सडकको विवरण माग गरी अनुसन्धान शुरू गरिने प्रमुख भट्टराईले आश्वासन दिएका छन्। प्रमुख जिल्ला अधिकारी उत्तरकुमार खत्रीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा जिल्ला स्थित कार्यालय प्रमुख तथा कर्मचारी, जनप्रतिनिधि, गैसस, सञ्चारकर्मी, सुरक्षा निकायलगायतको उपस्थिति रहेको थियो।

## एक वर्षमा ९ सय ४४ ले राहदानी बनाए

**नेपाल समाचारपत्र**

रसुवा

रसुवाबाट एक वर्षमा ९ सयभन्दा बढीले राहदानी बनाएका छन्। आर्थिक वर्ष २०७३/७४ मा जिल्लाका ९ सय ४४ जनाले राहदानी बनाएका हुन्।

२०७३ साउनदेखि असार २८ गतेसम्म सो सङ्ख्यामा राहदानी बनेको हो। जिल्ला प्रशासन कार्यालय रसुवाका अनुसार १ वर्षमा ३ सय ८४ जनाले कार्यालयबाट नै राहदानी बनाएका छन्। त्यसगरी ५ सय ६० जनाको काठमाडौं सिफारिस भएको छ। गत वर्षको तुलनामा यो वर्ष राहदानी बनाउनेको सङ्ख्या भने बढेको छ। गत वर्ष कार्यालयबाट ८ सय ४४ जनाले राहदानी बनाएका थिए। रसुवाबाट विशेष गरी खाडीमुलुक कुवेत, साउदी अरेबिया, मलेसियालगायतका देशमा जाने गरेका छन्।

आव ०६८/६९ मा २ सय ६३, ०६९/७० मा ८ सय ९४, ०७०/७१ मा १ हजार ८८, ०७१/७२ मा १ हजार १ सय, ०७२/०७३ मा ८ सय ४४ र २०७३/७४ मा ९ सय ४४ जनाले गरी ५ हजार १ सय ३३ जनाले राहदानी बनाएका जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क छ।

कम उमेरमा नागरिकता बनाएर राहदानी बनाउने गरेको गुनासो बढेसँगै कार्यालयले आवश्यक सोधपुछ गरेर मात्र राहदानी दिने गरेको छ। ग्रामीण समुदायमा बस्ने अशिक्षित तथा कम पढेका महिलाहरू आफू जाने देशको बारेमा सामान्य जानकारीसमेत नलिई जाने गरेकाले कार्यालयबाट राहदानी बनाउन आउनेलाई आवश्यक जानकारीसमेत दिने गरेको छ। सहायक प्रमुख जिल्ला अधिकारी स्मीता पौडेलका अनुसार धेरैजसो महिलाहरू आफन्तले बोलाएको भन्दै राहदानी बनाउन आउने गरेका छन्।

## प्रहरी सहायक निरीक्षक निलम्बित

गौर, रौतहट, (नेस)

सीमा नाकाबाट तस्करी कार्यलाई प्रोत्साहन गरेको आरोपमा रौतहटका एक जना प्रहरी सहायक निरीक्षक निलम्बनमा परेका छन्।

ईलाका प्रहरी कार्यालय शिवनगरमा दरबन्दी भई प्रहरी चौकी बडहरवामा कार्यरत रहेका प्रहरी सहायक निरीक्षक हरेन्द्र राउत कुर्मीले सीमा नाकाबाट राजश्व छलीका सामान आयातनिर्यात गर्न मिलोमतो राखेको आरोपमा निलम्बनमा परेका हुन्। उनीसहितका प्रहरीले असाढ १६ गते तस्करसँगको मिलोमतोमा पशुचौपायालगायतका सामान आयातनिर्यात गरेको आरोपमा मध्यक्षेत्रीय प्रहरी कार्यालय हेटौंडाको निर्णयले निलम्बन गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

प्रहरीको मर्मविपरीत उनले आचरणविपरीतको कार्य गरेकाले छानबिनका लागि निलम्बन गरिएको प्रहरी नायब उपरीक्षक नविनकृष्ण भण्डारीले बताउनुभयो। भारतीय बजारबाट सर्लाही र रौतहटको सीमा क्षेत्र बागमती नदी हुँदै अबैध रूपमा ल्याइएका राँगा एवम् भैंसी रौतहट पुर्‍याउन तस्करलाई प्रहरी सहायक निरीक्षक कुर्मीले सहयोग गरेको खुल्न आएपछि उनी निलम्बनमा परेका हुन्। प्रहरी सहायक निरीक्षक कुर्मीले प्रयोग गर्ने मोबाइलको कल डिटेलको आधारमा तस्करसंगको मिलोमतो रहेको खुलेको हो।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
**खान बस्नको सुविधासहित।**
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६१५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७४, असार
बिहीबार
२९

खासमा फोहोर व्यवस्थापन गर्ने ठाउँको अभावमा छट्पटिरहेको नगरपालिकालाई फोहोरसँगै मरेको पशु फाल्दा नजिकका स्थानीयले चर्को विरोध गरेपछि पशुलाई गाड्ने रणनीति बनाएको छ।




## पनौती रंगशाला निर्माणको विवाद

# मेयरको निर्णयप्रति वडा अध्यक्ष आक्रोशित

**नेपाल समाचारपत्र**
काभ्रे

काभ्रेको पनौतीमा रंगशाला निर्माणमा पुनः नक्सा बनाउने क्रममा पनौती नगरपालिकाका मेयर भीम न्यौपानेले सम्बन्धित वडाका वडा अध्यक्ष रामचन्द्र नास्नानीलाई समेत गुमराहमा राखी सार्वजनिक बाटो बन्द गर्न खोजेपछि विवाद फेरी बल्झिएको छ।

एक साताअघि खेलकुद विभागले नगरपालिकामा गरेको छलफलमा भएको सहमतिविपरीत मेयरले एकलौटी ढंगले रंगशाला निर्माणस्थल नजिकै बसोबार गर्ने कँडेल परिवारले प्रयोग गर्दै आएको सार्वजनिक बाटो बन्द हुने गरी नक्सा तयार पार्न इन्जिनियरलाई निर्देशन दिएलगत्तै फेरी विवाद उत्पन्न भएको हो।

यसअघि रंगशाला निर्माणका लागि तयार पारिएको नक्सामा निजी जग्गा पनि परेको र सम्बन्धित जग्गा धनीसँग सहमति नगरेका कारण विवादले उग्ररूप लिएको थियो। प्रक्रिया नै नपुर्‍याई गुरुयोजना बनाएर टेन्डर आह्वान गरी निर्माण भइरहेको रंगशाला विवादको मुद्दा सर्वोच्च अदालतसम्म पुगेको थियो। सर्वोच्च अदालतले निजी जग्गामा रंगशाला नबनाउन आदेश दिएको थियो। रंगशाला बनाउन तयार पारिएको गुरुयोजनामा पनौती नगरपालिका-७ स्थित करिब ४५ रोपनी सार्वजनिक जग्गासँगै स्थानीय गणेशकुमारी कँडेल र नानी गीता कँडेलको नाममा १७ रोपनी १४ आना २ पैसा जग्गा पनि परेपछि विवाद उत्पन्न भएको हो। सम्बन्धित जग्गा धनीले आफूहरूसँग सहमति नै नगरी झुक्याउने तरिकाले एकाएक टेन्डर आह्वान गरेको आरोप लगाउँदै शुरूदेखि नै विरोध गर्दै आएका थिए।

रंगशाला निर्माणका क्रममा देखिएको विवाद मिलाउन पनौती नगरपालिकाको खेलकुद विभागका संयोजक ईश्वर जंगमको संयोजकत्वमा डेढ साता अघि नगरपालिका कार्यालयमा बसेको बैठकमा जग्गाधनीका तर्फबाट कँडेल परिवारका सुदीपराज कँडेलले पहिलेदेखि खेलिआएको चौरपटिको भाग नगरपालिकाको नाममा पास गरेर दिने सहमति भएपछि विवाद मिलेको हो। प्रक्रिया पुर्‍याएर रंगशाला निर्माण हुनुपर्छ भन्ने पक्षमा आफूहरू भएकोले आफ्नो स्वामित्वमा रहेको केही जग्गा पनौती नगरपालिकालाई दिने प्रस्ताव गरेको कँडेल परिवारका सुदीपराज कँडेलले बताउनुभएको छ।

रंगशाला निर्माण कार्यमा जुटेको पनौती नगरपालिका र शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयले प्रक्रिया नपुर्‍याई टेन्डर आह्वान गरेको भन्दै सम्बन्धित जग्गा धनीले विरोध जनाएपछि पुनरावेदन अदालत पाटनले समेत कानुनबमोजिम जग्गा प्राप्त नभएसम्म उक्त १७ रोपनी १४ आना २ पैसा जग्गाको हदसम्म निर्माणकार्य नगर्नू/नगराउनू भनी अन्तरिम आदेश दिएको थियो। यसपछि पुनः सर्वोच्चमा परेको मुद्दामा पनि अदालतले जग्गा धनीको पक्षमा फैसला गरेको थियो।

स्थानिय बासिन्दाको बाटो नै बन्द गरेर नक्सा बनाउन हुँदैन, सार्वजनिक बाटो उपयोग गर्न पाउनु उनीहरूको अधिकार हो भन्दै पनौती नपा-७ का वडा अध्यक्ष रामचन्द्र नास्नानीले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'कँडेल परिवारको घरजग्गामा जाने बाटो बन्द गर्ने बारे पनौती नगरपालिकाका मेयरले मसँग कुनै सल्लाह गर्नुभएको छैन।' आफ्नो वडाका बासिन्दाहरूको पीरमर्कालाई मैले संबोधन गर्नुपर्छ भन्दै उहाँले बाटो बन्द गर्ने मेयरको एकलौटी निर्णय भएको बताउनुभएको थियो।

पनौती नगरपालिकामा यसअघि भएको छलफलमा कँडेल परिवारले रंगशाला निर्माणका लागि आफ्नो स्वामित्वमा रहेको खाल्टो र बोट-विरुवा भएको भागबाहेक चौरपटिको भाग नगरपालिकालाई दिने र नगरपालिकाले रोक्का गरिएको कँडेल परिवारको घरजग्गा फुकुवा गर्ने र जग्गासम्म जानका लागि बाटोको व्यवस्था मिलाइदिने सहमति भएको थियो। रङ्गशाला निर्माणको गुरुयोजनामा परेको कँडेलको १ सय ३२ कित्ता नम्बर रहेको १७ रोपनी १४ आना २ पैसा जग्गा २०३३ सालमा नापी भएको हो।

कँडेल परिवारका सदस्य सुदीपराज कँडेलका अनुसार पनौती नगरपालिकाका मेयरले ५० लाख रुपियाँमा सबै जग्गा दिए नगरपालिका लिन तयार भएको र घरसम्म जाने पिच बाटो पनि बनाइदिने भन्दै अन्यथा अहिले प्रयोग गरिरहेको बाटो पनि बन्द गरिदिने धम्की दिएका छन्। सार्वजनिक संरचना बनाउँदा निजी जग्गा लिनुपरे सम्बन्धित जग्गाधनीको सहमति लिनुपर्ने अथवा जग्गा प्राप्ति ऐनअनुसार अगाडि बढ्नुपर्ने हुन्छ। साथै दर्ता खारेजीको प्रक्रियामा जाँदा जालसाजी गरी जग्गा हडपेको प्रमाणित हुनुपर्छ।

# शिक्षाको विकासमा निजी क्षेत्रको भूमिका

**नेपाल समाचारपत्र**
बुटवल

निजी क्षेत्रले शिक्षामा पुराएको योगदानलाई राज्यले कदर गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। नेपालको शैक्षिक क्षेत्रलाई बलियो र प्रभावकारी बनाउन निजी क्षेत्रको मुख्य भूमिका महत्त्वपूर्ण रहेको उनीहरूले औंल्याएका छन्।

निजी तथा आवासिय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) प्रदेश नम्बर ५ ले बुधबार बुटवलमा आयोजना गरेको शैक्षिक अन्तरक्रियामा बोल्ने वक्ताहरूले शिक्षामा राज्यले गर्ने गरेको विभेदको अन्त्य जरुरी रहेको बताएका छन्। विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिनुपर्ने र त्यसका लागि सरकारी र निजी क्षेत्रबाट सञ्चालित शिक्षामा देखिएको विभेदको अन्त्य गर्नुपर्ने बताएका हुन्। निजी क्षेत्रले शिक्षामा पुराएको योगदानलाई कदर गरी शिक्षालाई व्यवस्थित र मर्यादित बनाउनुपर्नेमा उनिहरूको जोड रहेको छ।

शिक्षाको पहुँचलाई निम्नवर्ग तथा समुदायसम्म पुराउन सरकार गम्भीर हुनुपर्ने उनीहरूको भनाइ छ। सोही कार्यक्रममा बोल्दै नेकपा एमालेका उप-महासचिव घनश्याम भुसालले निजी क्षेत्रसँग मिलेर राज्यले गुणस्तरीय शिक्षा दिनुपर्ने बताउनुभयो। उहाँले समयको मागअनुसार शिक्षालाई गुणस्तरीय र सर्वसुलभ बनाउन सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताउनुभयो। गुणस्तरीय शिक्षा दिने दायित्वबाट कोही पनि पछि हट्न नहुने उहाँले बताउनुभयो।

उहाँले समग्र देशको विकासमा शिक्षाको विकास आवश्यक रहेको उल्लेख गर्दै राज्यले चाहेर पनि निजी क्षेत्रको शिक्षालाई रोक्न नसक्ने बताउनुभयो। निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाहरूलाई राज्यले नियमन गर्न सके पनि बन्द गर्न नसक्ने दाबी गर्नुभयो। उहाँले सामुदायिक र संस्थागत विद्यालयको शिक्षामा राज्य विभेदकारी हुने उल्लेख गर्दै नेता भुसालले राज्य विभेदकारी हुँदैमा प्याब्सन डराउन नहुने बताउनुभयो। प्याब्सन नेपालका केन्द्रीय महासचिव तथा सञ्चारकर्मी राजेन्द्र बानियाले निजी क्षेत्रले शिक्षामा पुराएको योगदानलाई सरकारले बुझ्न नसकेको बताउनुभयो।

सरकारले निजी शिक्षालयको योगदानलाई सम्मान गर्नुपर्ने बताउँदै सरकारसँग प्याब्सन सहकार्य गरेर अघि बढ्न चाहेको बताउनुभयो। उहाँले शिक्षाको समग्र विकास गर्न प्याब्सन र सरकार राज्यको सहयोगी बन्न सक्नुपर्ने बताउनुभयो। निजी क्षेत्रले गुणस्तरीय शिक्षा दिँदा पनि सरकारले मूल्यांकन नगरेको उल्लेख गर्दै शिक्षाको विकासमा निजी क्षेत्रको भूमिका प्रमुख रहेको बताउनुभयो। निजी क्षेत्रको लागानीबाट सञ्चालित शिक्षालयहरूले राज्यलाई सबैभन्दा धेरै कर तिरे पनि निजी क्षेत्रलाई अपमान गरिएको गुनासो उहाँले गर्नुभयो। शिक्षा ऐन बनाउन स्थानीय जनप्रतिनिधिहरूलाई आग्रह गर्दै अहिलेसम्म शिक्षा नियमावली बनाउनमा खेलवाड गरिएको दाबी गर्नुभयो।

महासचिव बानियाँले निःशुल्क शिक्षाको नाममा निजी विद्यालयहरूलाई अपमान गरिएको बताउँदै शिक्षा निःशुल्क हुन नसक्ने बताउनुभयो।

# असारे कामको चटारोसँगै रुकुमेलीलाई पूर्ण सरसफाइको चटारो उत्तिकै

**धनवीर दाहाल, रुकुम**

यतिबेला असारे कामले जतिजति चाप दिइरहेको छ त्यति नै रुकुमलाई अर्को एउटा कामले निकै चाप दिएको छ। जुन काम हो रुकुमलाई पूर्ण सरसफाइ जिल्ला बनाउने। सन् २०२० भित्र रुकुम जिल्लालाई पूर्ण सरसफाइयुक्त जिल्ला निमार्णको अभियानमा यतिबेला रुकुमका सरोकारवाला निकायहरू निकै तम्सिएका छन्। स्थानीयहरूले पनि विभिन्न समूह निमार्ण गरेर सरसफाइ अभियान चलाइरहेका छन्। आफ्नो व्यक्तिगत सरसफाइसँगै वातावरणीय सरसफाइमा आफूहरूले ध्यान दिएको स्थानीयको भनाइ छ।

पूर्ण सरसफाइका विषयमा केही देखिएका चुनौतीलाई पनि रुकुमका सरोकारवालाहरू डटेर सामाना गर्ने भएका छन्। केही चुनौतीहरू केन्द्रीय स्तरका भएकोले केन्द्रबाटै समाधानको बाटो खोजिने भए पनि जिल्ला स्तरबाट पनि जिल्ला स्तरका चुनौतीलाई सामाना गर्दै तोकिएको समयमा विभिन्न टोल, वडा तथा गाउँपालिका र जिल्लालाई पूर्ण सरसफाइयुक्त बनाएरै छाडिने प्रतिबद्धता जनाएका छन्। जिल्ला खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समितिका सदस्य सचिव एवं जिल्ला खानेपानी सरसफाइ डिभिजन कार्यालय रुकुमका प्रमुख विकेश बधानथाछेले जिल्लालाई तोकिएकै समयमा पूर्ण सरसफाइयुक्त बनाउनका लागि कार्ययोजनाअनुसार सबै लाग्नुपर्ने बताउनुभयो।

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति फन्डबोर्डको सहयोगमा नियो नेपाल, आरबीडीपी, जनजागरण मञ्च रुकुम तथा एसएनभी र पहल कार्यक्रमको सहयोगमा रुकुमेली समाज विकास केन्द्रलगायतका निकायले पनि समन्वय गर्दै पूर्ण सरसफाइको अभियानलाई तिब्र बनाएका छन्। जिल्ला स्तरको अनुगमन टोलीले र गाउँपालिका स्तरको अनुगमन टोलीले अनुगमन गरेका केही गाउँपालिका र वडाहरूमा सरसफाइका सबै सूचक पूरा गर्नुपर्ने भएकाले सहयोगी निकाय फन्डबोर्ड, एसएनभी, पहललगायतको निकायलाई कार्यक्रम अझै थप गर्न अनुरोधसमेत गरेको छ। जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रुकुमले जनप्रतिनिधिहरूलाई पनि पूर्ण सरसफाइको तालिम गर्ने भएको छ। कार्यालय प्रमुख बधानथाछेका अनुसार केही सदस्यहरूलाई तालिम दिइसकिएको छ। अब साउन भदौतिर प्रमुख उपप्रमुखलाई पनि तालिमको व्यवस्था गरिएको उहाँको भनाइ छ। यसै गरी खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रुकुमले होटल व्यवसायीदेखि गाडी चालकसम्मलाई सरसफाइको तालिम सम्पन्न गरिसकेको छ।

# कार्यपालिकालाई पूर्णता

पाल्पा, (नेस)

पूर्वी पाल्पाको रामपुर नगरपालिकाको नगरकार्यपालिकाले पूर्णता पाएको छ। रामपुर नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरूले मतदान प्रक्रियामार्फत ५ जना निर्वाचित महिला सदस्य, २ जना दलित र एक पीछडिएको सदस्य थपेसंगै कार्यपालिकाले पूर्णता पाएको हो। नगरप्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्य गरी ५२ जना जनप्रतिनीधि रहेको रामपुरमा नेपाली कांग्रेसको ३० जना, नेकपा एमाले, माओवादी केन्द्र र राष्ट्रिय जनमोर्चाको २२ जना जना निर्वाचित प्रतिनिधि रहेका थिए।

नगरमा कांग्रेसको पक्षमा बहुमत भएपछि नगर कार्यपालिकाका मनोनित र थप सदस्यहरू कांग्रेसबाट निर्वाचित भएका छन्। नगरकार्यपालिका सदस्य छनौटका लागि नेपाली कांग्रेस र नेकपा एमाले दुबैले उम्मेदवारी दिए पनि मतदान प्रक्रियामा भने नेकपा एमालेले सहभागिता जनाएनन्। मतदान प्रक्रियाबाट नगर कार्यपालिकाको महिला सदस्यमा निर्वाचित वडा सदस्यबाट दुर्गादेवी भण्डारी, बालकुमारी थापा, सीमादेवी राना, सावित्रा गौतम र गीता क्षेत्रीलाई चयन गरिएको छ। नगरकार्यपालिकाको महिला सदस्यका लागि ५ जनाको उम्मेदवारी परेको थियो।

त्यस्तै मनोनित थप सदस्यका लागि ४ जनाको नाम दर्ता भएकोमा नेपाली कांग्रेसका सविता पुलामी मगर कुमाल, देवबहादुर दर्जी र खेमबहादुर नेपाली चयन भएको छ। यससँगै रामपुर नगरकार्यपालिकामा २० जना सदस्य भएको छ। नगरकार्यपालिकाका नवनिर्वाचित सदस्यहरूलाई सोमबार नै प्रमाणपत्र प्रदान गरिएको छ।

# विपद् व्यवस्थापनका लागि कार्यदल गठन

**नेपाल समाचारपत्र**
महोत्तरी

महोत्तरीमा विपद् व्यवस्थापनका लागि ३ वटा गाउँ विकास समितिमा १ सय ८ महिला तथा पुरुषहरूलाई तालिम प्रदान गरेर कार्यदल गठन गरिएको छ।



विपद् व्यवस्थापनका लागि कार्यदल गठन हुनेमा जिल्लाको तत्कालीन पिगौना, सिमरदही र धिरापुर गाउँ विकास समिति रहेको छ।

नेपाल सरकार तथा बेलायत सरकारको सहयोगमा सञ्चालित सामुदायिक विकास कार्यक्रम (सीडीपी)महोत्तरीले जिल्लामा विपद् न्यूनिकरण, सुशासन, साना तिना भौतिक संरचनाहरूको निर्माण कार्य जस्ता विभिन्न पिछडिएका समुदायहरूमा कामहरू गर्दै आइरहेको छ।

सीडीपी महोत्तरीका जिल्ला संयोजक विशाल तिमल्सेनाले सो तालिममा विपद् व्यवस्थापनका लागि प्राथमिक उपचार, पूर्वसूचना प्रणाली र हल्का खोज तथा उद्धार गरी ३ विषयको तालिम नेपाल रेडक्रस सोसाइटी महोत्तरीको प्राविधिक सहजिकरणमा सम्पन्न भएको बताउँदै उक्त गाविसहरूको स्थानीय विपद् व्यवस्थापन योजना बनाउन सहयोग गर्ने जानकारी दिए।

यसै गरी सीडीपी महोत्तरीका इन्जिनियर प्रकाश खड्काले कार्यदलका सदस्यहरूलाई तालिमअर्न्तगत ३६ जनालाई प्राथमिक उपचार, ३६ जनालाई पूर्वसूचना प्रणाली र ३६ जनालाई हल्का खोज तथा उद्धार विषयमा आधारभूत स्तरको सैद्धान्तिक तथा प्रयोगात्मक तालिम दिएको बताउँदै आवश्यक परेको खण्डमा समुदायस्तरमा उक्त कार्यदलले प्रभावकारी ढंगले काम गर्न सक्ने जानकारी दिए।

तालिमका सहजीकरणमा रेडक्रस महोत्तरीका सभापति दीपक मिश्र, रेडक्रसका प्रशिक्षक अवधेश झा, सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालयका प्रहरी उपरिक्षक प्रकाश श्रेष्ठ, सीडीपीका प्रमुख तिमल्सेनालगायतकाहरूले विपद् व्यवस्थापनका क्रममा बाढी, आगलागि, भूकम्प हुँदा कसरी तिनीहरूलाई उद्धार गर्ने, कसरी व्यवस्थापन गर्ने जस्ता विषयमा सैद्धान्तिक र व्यवहारिक ज्ञान दिएका थिए।

सीडीपी महोत्तरीका तिमल्सेनाले कार्यदल गठन भएपछि उक्त गाविसहरूको अब बन्ने स्थानीय विपद् न्यूनिकरण योजनाले विपद्बाट हुनसक्ने धनजनको क्षतिलाई न्यूनिकरण गर्नका लागि आफ्नो आवश्यकताअनुसारको विपद् व्यवस्थापनका लागि न्यूनतम कार्यहरू गर्न सकिने बताए।

# सडकमा मरेका पशुलाई गाड्ने रणनीति

**नेपाल समाचारपत्र**
बाँके

एक दिनअघि न्यूरोडमा एउटा गधा मर्‍यो। स्थानीयले खबर गरेपछि नेपालगन्ज उपमहानगरपालिकाको टोली पुग्यो। मरेको गधालाई कहाँ लगेर फाल्ने समस्या भयो। नगरपालिकाको टोलीले नजिकै खाली जग्गा खोज्न थाल्यो। स्थानीयले नेपाल बैंक लिमिटेडको पछाडि रहेको खालि जग्गा देखाइदिएपछि त्यही खाल्टो खनेर गाडियो।

नेपालगन्ज उपमहानगरपालिकाले सडकमा मरेका गाई, गधा, कुकुर, बिरालोलाई गाड्ने रणनीति बनाएको धेरै भएको छैन। खासमा फोहोर व्यवस्थापन गर्ने ठाउँको अभावमा छट्पटिरहेको नगरपालिकालाई फोहोरसँगै मरेको पशु फाल्दा नजिकका स्थानीयले चर्को विरोध गरेपछि पशुलाई गाड्ने रणनीति बनाएको सरसफाई शाखाका प्रमुख अशोक केसीले बताउनुभयो।

३२ वर्षदेखि बुलबुलियास्थित व्यक्तिको निजी खाल्टो जग्गामा फोहोर फाल्दै आएको नगरपालिकालाई खाल्टो पुरिएपछि ती व्यक्तिले फोहोर फाल्न रोक लगाइएपछि समस्या भएको छ। केही दिन नजिकैको पप्पु कुरैसीको खाल्टो जग्गामा फोहोर फालेको नगरपालिकालाई स्थानीय व्यक्तिले चर्को विरोध र हात हाल्ने नै स्थिति आएपछि त्यहाँ फोहोर फाल्न बन्द गरिएको छ। फोहोरको गन्धले गर्दा जग्गाधनी राजी भए पनि स्थानीयले फोहोर फाल्न रोक लगाउने गरेका छन्।

कुरैसीको जग्गामा फोहोर फाल्न रोक लागेपछि नगरपालिकाले पछिल्लो तीन दिन औद्योगिक क्षेत्र अगाडिको नालाछेउको खाल्टोमा फोहोर फालेको थियो। आपतकालिन अवस्थामा त्यहाँ फोहोर फालिएको सरसफाइ प्रमुख केसीले



बताउनुभयो। बुधबार भने भवानीयापुरको सम्पतसिंह सरदारको खाल्टो जमिनमा फोहोर फालिएको छ। 'सरदारसँग मौखिक सहमति भएको छ, आज ६ ट्रिप फोहोर त्यही लगेर फालियो, सरसफाइ शाखा प्रमुख केसीले भन्नुभयो, लिखित समझदारी हुने तयारीमा छौं। त्यो भयो भने २/३ वर्ष फोहोर फाल्न ढुक्क हुन्छ।' नेपालगन्ज बजारदेखि ६ किलोमिटर टाढा रहेको भवानीयपुरको यो ठाउँको वरिपरि घरहरू पनि नरहेकाले कसैको विरोध पनि नआउने केसीको भनाइ रहेको छ।

नेपालगन्जमा दैनिक एक वा एकभन्दा बढी छाडा पशु सडकमा मरेका भेटिन्छन्। त्यसलाई पनि फोहोरसँगै लगेर फालिदिंदा दुर्गन्ध बढ्ने गरेको थियो। फोहोर र त्यसमा पनि मरेको पशुको गन्धले गर्दा जहाँसुकैका स्थानीयले फोहोर फाल्नमा रोक लगाउने गरेका थिए। पशु मात्रै होइन, बेवारिसे मानिसको शवलाई समेत नगरपालिकाले फोहोरसँगै लगेर फाल्ने गरेको थियो।

मरेको पशुलाई फोहोरसँगै फाल्दा अझ बढी गन्ध आएर चर्को विरोधका स्वरहरू बढेपछि नगरपालिकाले पछिल्लो दिनमा पशुलाई गाड्ने रणनीति बनाएको हो। 'बर्खामा झन् छाडा पशु मर्ने क्रम बढ्छ, हामीले यसलाई फोहोरसँगै नभइ खालि जग्गाहरू खोजेर गाड्ने गरेका छौं, सरसफाइ प्रमुख केसीले भन्नुभयो।

**नेपाल सोतोकान कराते संघ (SKI) को चुनावी साधारण सभा बारे**
**अत्यन्त जरूरी सूचना**

**नेपाल सोतोकान कराते संघ (SKI) ले २०७४ श्रावण ७ गते शनिबारको दिन चुनावी साधारण सभा गर्न लागेको हुनाले यस संघ अन्तर्गत रहेका सम्पूर्ण जिल्ला प्रतिनिधि तथा पदाधिकारीहरुलाई सम्बन्धित कागजातहरु पठाईसेकेको अवगत गराउन चाहन्छु। कदाचित कसैकोमा ती कागजात नपुगेको भए यसै सूचनालाई आधार मानि काठमाडौं मिनभवनस्थित ईपीएस स्कुलमा उपस्थितिका लागि अनुरोध गर्दछु। उक्त साधारण सभामा नयाँ कार्य समितिको निर्वाचन समेत हुने भएकोले निर्वाचन सम्बन्धी जानकारी लिन संघको कार्यालय वा फोन नं. ४४६४३९२, ९८४१३३९६६१ मा सम्पर्कका लागि अनुरोध गर्दछु।**

**हेमकुमार श्रेष्ठ**
**अध्यक्ष एवं प्रमुख प्रशिक्षक**
**नेपाल सोतोकान कराते संघ (SKI)**
nepalshotokankarate@gmail.com



# विश्व



### प्रहार

सिरियाको इजरायली अधीनस्थ गोलान हाइटको सिमामा पर्ने कुनेइट्र प्रान्तमा सिरियाली राष्ट्रपति बसर अल असदप्रति बफादार बलविरुद्ध मोर्टार प्रहार गर्दै विद्रोही लडाकू। विद्रोहीले रुस र अमेरिकाले युद्धविराम गरेको क्षेत्रमा असद सरकारको विमान खसालेको दाबी गरेको छ।



### निन्दित

लस एन्जलस जेस्मिन एभेन्यु र नेसनल बोलेवार्ड स्थित कम आवादी रहेको एक टापुमा घनले हिर्काएर टाउको फोरेको ढुंगाको बुद्ध मूर्ति। उक्त कार्यको व्यापक निन्दा भएको छ।

## विश्व २ मिनेट

**अमेरिका**

### विमान दुर्घटना टर्‍यो

सानफ्रान्सिस्को, (एजेन्सी)

अमेरिकाको क्यालिफोर्नियास्थित सानफ्रान्सिस्को विमानस्थमा एयर क्यानडाको एउटा विमान अन्य चारवटा विमानसँग ठोक्किन लागेको घटनालाई लिएर अमेरिकाको फेडरल एभिएसन एडमिनिस्ट्रेसन (एफएए)ले छानबिन गरिरहेको छ। गत शुक्रबार टोरन्टोबाट एसी ७५९ उडानको विमान अवतरणका लागि धावनमार्गमा कुनै व्यवधान नभए पनि पाइलटले विमानलाई पहिल्यै उडानको तयारीमा रहेका चारवटा विमान रहेको स्थानमा ल्याएका थिए। त्यसपछि विमान ट्राफिक सक्रिय भएको र पाइलटलाई रोक्नका लागि भनेपछि उक्त एयरबस ३२० विमान सुरक्षित अवतरण भएको थियो।

**कतार**

### गाई आयात

दोहा, (एजेन्सी)

साउदी अरेबियाको नेतृत्वमा लगाइएको नाकाबन्दीबीच कतारले दूध आपूर्ति वृद्धि गर्न गाई आयात गरेको छ। दूध दिने १ सय ६५ होलस्टिन गाईको पहिलो खेप जर्मनीबाट विमानद्वारा मंगलबार कतार पुर्‍याइएको छ। कतारमा संकट शुरू हुनुअगाडि नै यस प्रकारका ४ हजार गाई आयात गर्ने सहमति भएको थियो। तर छिमेकी देशबीच सम्बन्ध तोडिएपछि कतार कठिनाइमा फसेको छ। २७ लाख आवादी रहेको सानो अरब देश आफ्ना प्राय: आवश्यकताका लागि आयातमा निर्भर छ। कतार एयरवेज कार्गो विमानबाट ल्याइएका ती गाईलाई नयाँ डेरीमा लगिएको र यसले देशको ३० प्रतिशत डेरीको माग पूरा हुने जनाइएको छ।

**अस्ट्रेलिया**

### विमानमा बियर

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियाको एक आन्तरिक उडानमा रहेको विमानभित्र एकजना यात्रुले साथमा एउटा क्यान बियर लग्न सफल भएको प्रहरीले जनाएको छ। सञ्चारमाध्यमका अनुसार डिन स्टिन्सन नामक ती पुरुषले आफ्नो एकजना साथीसँग मिलेर यसरी ठट्टा गर्ने योजना बनाएको बताएका छन्। मेलवर्नबाट चार घण्टा लगाएर पर्थ विमानस्थलमा ओर्लेको सो विमानमा उनको ब्यागबाट ट्यागसहितको नखोलिएको क्यान फेला परेको थियो। क्वान्तास एयरलाइनले आफूले अन्य यात्रुहरूलाई यस्तो काम गर्न प्रोत्साहित नगर्ने जनाएको छ। स्टिन्सनले भने शनिबारको सो यात्रा सफल भएकामा आफूलाई खुसी लागेको बताएका छन्।

**चीन**

### कर्मचारी जेलमुक्त

बेइजिङ, (एजेन्सी)

अस्ट्रेलियाली क्यासिनो समूह क्राउन रिसोर्टका दश जना कर्मचारीलाई बुधबार चीनको एउटा कारागारबाट रिहा गरिएको सरकारी समाचार निकाय सिन्हवाले जनाएको छ। जेर्री सआन र पान दान नामक अस्ट्रेलियालीलगायतकाले चीनमा अवैध ढंगले जुवा प्रवर्द्धन गरेको अभियोगमा नौ महिना लामो कारवास सजाय भोगेका थिए। अस्ट्रेलियन क्राउनका कार्यकारी अधिकृत ज्यासन ओ कर्नरलगायत ६ जना अझै चिनियाँ हिरासतमा रहेका छन्। क्राउनको बजार गतिविधिमाथि लक्षित प्रहरी अभियानको दौरान तिनीहरूलाई गत वर्षको अक्टोबरमा गिरफ्तार गरिएको थियो।

# रसियासँग एकसय टनको अन्तरमहादेशीय क्षेप्यास्त्र

मस्को, (एजेन्सी)

रसिया युद्धमा प्रयोग हुने दुईवटा निकै खतरानाक हतियार तयारी स्थितिमा रहेको छ। एकसय टन वजनको उक्त ब्यालेस्टिक क्षेप्यास्त्रले थुप्रै राष्ट्रलाई ध्वस्त बनाउन सक्छ। रसियाको कम्युनिस्ट पार्टीको मुखपत्र प्राभ्दाले रसियाले यस्ता छवटा क्षेप्यास्त्र बोक्न र प्रहार गर्न सक्ने एउटा ट्रेनको पनि निर्माण गर्ने सोच बनाएको जनाएको छ।

रुसी उपप्रधानमन्त्री दिमित्री रोगोजिनले राष्ट्रको हातहतियार योजनाअन्तर्गत तिनीहरूको निर्माण हुन लागेको प्राभ्दालाई बताएका छन्। एकसय टनको आरएस-सार्मात आणविक क्षेप्यास्त्र अर्थात् उत्तर एटलान्टिक



सन्धि संगठन (नेटो) ले 'सटान २' नाम दिइएको यस क्षेप्यास्त्रले १० वटा भन्दा बढी आणविक हतियार बोक्ने र एकै प्रहारमा फ्रान्सजस्तो राष्ट्रलाई सखाप पार्न सक्ने अमेरिकी पत्रिका न्युज विकले जनाएको छ।

सत्तरीको दशकमा रसियाले बनाएको आरएस-३६ एमको यो विकसित संस्करण हो। त्यसलाई नेटोले सटान भन्ने गर्दथ्यो। तर यस क्षेप्यास्त्रको निर्माण कार्य सन् २०१४ देखि स्थगित गर्दै आएको छ। रुसी रक्षा मन्त्रालयले सन् २०१७ को उत्तरार्धसम्म यस क्षेप्यास्त्र परीक्षण नगरिने गत साता जनाएको छ।

सो क्षेप्यास्त्र बोक्ने बार्गुजिन नामक ट्रेन अन्य यात्रुवाहक ट्रेन जस्तै हुनेछ। यसले एक दिनमा १ हजार ५ सय माइल दूरी तय गर्न सक्ने बताइएको छ। रसियाले उक्त आईसीबीएम क्षेप्यास्त्र बागुर्जिन ट्रेनबाट सन् २०१९ मा परीक्षण गर्ने योजना बनाएको छ।

# जिबौटीमा चीनको पहिलो विदेशी सैन्य अड्डा

बेइजिङ, (एजेन्सी)

चीनले पहिलो पटक आफ्नो सेनालाई विदेशी भूमिमा तैनाथ गर्ने तयारी गरेको छ। चीनले आफ्नो सेनाका लागि अफ्रिकी मुलुक जिबौटीमा सैन्य अड्डा खडा गर्ने जनाएको छ। यसअघि जिबौटीमा अमेरिका, जापान र फ्रान्सले आफ्नो सैनिक अड्डा बनाइसकेको छ।

अफ्रिकाको यो सानो देश जिबौटी विदेशी सेनाको केन्द्रमा रहेको छ। चिनियाँ सञ्चारमाध्यमले चिनियाँ सैनिकको टुकडीलाई लिएर केही पानी जहाज जिबौटीतर्फ प्रस्थान गरिसकेको जनाएको छ।

जिबौटी रहेको स्थान सैन्य अखडा बनाउनका लागि अत्यन्त उपयुक्त मानिन्छ। यो अत्यन्त व्यस्त पानीजहाज आवागमन मार्गमा पर्ने देश हो। यहाँको राजनीतिक स्थिति उसको छिमेकी देशको तुलनामा स्थिर रहेको छ।

चीनले आफ्नो सैन्य अखडाको माध्यमबाट अफ्रिका र दक्षिण एसियामा शान्ति तथा मानवता कायम गर्नमा मद्दत गर्ने जनाएको छ। यसबाट सैन्य सहयोग, नौसैनिक अभ्यास र राहत



अभियानको कार्य पनि गरिने चिनियाँ समाचार एजेन्सी सिन्हवाले जनाएको छ।

हालैका दशकमा अफ्रिकामा लगातार लगानी बढाइरहेको छ। विगत केही वर्षमा आफ्नो सेनाको आधुनिकीकरणमा पनि धेरै ध्यान दिइरहेको छ। चीनको दक्षिणी ग्वाङदोङ प्रान्तको शहर झाजियाङबाट चिनियाँ सेना जिबौटीका लागि प्रस्थान गरिसकेको सिन्हवाले जनाएको छ। जिबौटीको सैन्य अखडाको निर्माण चीन र जिबौटीबीच मित्रताको नतिजा भएको समाचारमा उल्लेख छ। यो कदमलाई अफ्रिकी क्षेत्रमा चीनको उपस्थिति स्थापित गर्ने थालनीका रुपमा लिइएको छ।

सन् २०१५ मा अफ्रिकी देशसँग भएको शिखर सम्मेलनमा चीनले अफ्रिकाको विकासका लागि ६० अर्ब डलर लगानी गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो। योसँगै चीन अफ्रिका महाद्वीपको सबैभन्दा ठूलो व्यापार साझेदार बनिसकेको छ। त्यसै गरी अफ्रिकाबाट चीनले पनि थुप्रै प्राकृतिक संसाधन प्राप्त गरिरहेको छ।


## ADVERTISEMENT RATES FOR NEPAL SAMACHARPATRA

### Rates

| | B/W | COLOR |
|---|---|---|
| Inside page per Clm/cm | Rs.1200 | Rs.1500 |
| Third page per Clm/cm | Rs.1800 | Rs.1800 |
| Back page per Clm/cm | Rs.2000 | Rs.2000 |
| Front page per Clm/cm | Rs. 2600 | Rs. 2600 |

### Dispaly Box & Classified Ads

| | |
|---|---|
| Per Display Box | Rs. 1000 /- (1clm/5cm) |
| Passport Display Box | Rs. 1000/- (1clm/5cm) |
| Per Word | Rs. 15/- (Normal) |
| Per Word | Rs. 20/- (Bold) |

### Discounts & Premiums

| | |
|---|---|
| Jacket Page (Front & Second Page) | Rs. 20,00,000 |
| Jacket Page (Front & Back Page) | Rs. 22,00,000 |
| Top Strip (Any Page) | 50 % (Premium) |
| Island/ Irregular Ad | 50% (Premium) |
| Earpanel (FP) | Rs. 20,000 |
| Side PopUp (FP) | Rs. 25,000 |
| **Frequency Discount** | |
| For Four insertions in a month | 7 % |
| For Five or more insertions in a month | 10 % |
| Full Page Discount | 10% |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Width of Column | : | 3.8cm |
| No. of Column | : | 8 columns |
| Height of Column | : | 50 cm |
| Printable Area | : | 33 X 47 cm |
| Overall size | : | 33 X 50 cm |
| Process | : | Web Offset |
| Screen | : | 85DPI/95DPIw |

## ADVERTISEMENT RATES FOR KAMANA/ SADHANA

### Rates

| | RATE |
|---|---|
| Cover Full Page (Outside Back) | Rs. 90,000/- |
| Cover Full Page (Inside Front) | Rs. 75,000/- |
| Cover Full Page (Inside Back) | Rs. 75,000/- |
| Inside Ordinary Full Page | Rs. 60,000/- |
| Double Spread | Rs. 100,000/- |
| Central Spread | Rs. 110,000/- |
| Inside Ordinary Half Page | Rs. 40,000/- |
| Inside Ordinary Quarter Page | Rs. 30,000/- |
| Strip | Rs. 30,000/- |

### Frequency Discount

| | |
|---|---|
| For six insertions in a year | 7% |
| For twelve insertions in a year | 10 % |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Full Page Bleed | - | 21.3 cm by 29.3 cm |
| Full Page Non Bleed | - | 18.5 cm by 27 cm |
| Half Page Horizontal | - | 18.5 cm by 14.5 cm |
| Half Page Vertical | - | 9.5 cm by 27 cm |
| Quarter Page | - | 9.5 cm by 14.5 cm |
| Vertical Strip | - | 6 cm by 27 cm |
| Horizontal Strip | - | 18.5 cm by 6 cm |
| Double Spread Bleed | - | 42.6 cm by 29.3 cm |
| Double Spread Non Bleed | - | 37 cm by 27 cm |
| Cover Double Spread Bleed | - | 41 cm by 29.3 cm |

**Rates effective from Shrawan 1, 2074. PLEASE BE ADVISED THAT THE ADVERTISING RATE MIGHT CHANGE WITH 7 DAYS NOTICE IN *NEPAL SAMACHARPATRA***

**Kamana News Publications Pvt. Ltd.**
Maru Bhimsensthan, Kathmandu, Nepal
Phone no : 4261179, Fax : 4218990
Email : nepalsamacharpatra@gmail.com

बुधबार निर्वाचन आयोगमा दल दर्ता प्रक्रियामा सहभागी भएका राजपाका नेताहरूले बिहीबार अध्यक्ष मण्डलको बैठक बसेर आधिकारिक धारणा सार्वजनिक गर्ने जनाएका छन्।

# राजपा असन्तुष्ट, आज धारणा सार्वजनिक गर्दै

नेपाल समाचारपत्र

काठमाडौं

अहिलेकै अवस्थामा संविधान संशोधन गर्न नसक्ने निष्कर्ष प्रमुख तीन दलले निकालेपछि राष्ट्रिय जनता पार्टी नेपाल असन्तुष्ट भएको छ।

बुधबार निर्वाचन आयोगमा दल दर्ता प्रक्रियामा सहभागी भएका राजपाका नेताहरूले बिहीबार अध्यक्ष मण्डलको बैठक बसेर आधिकारिक धारणा सार्वजनिक गर्ने जनाएका छन्।

राजपा अध्यक्ष मण्डलका सदस्य महेन्द्र यादवले *नेपाल समाचारपत्र*सँग कुराकानी गर्दै भन्नुभयो- 'राष्ट्रिय जनता पार्टीको अडान प्रस्ट छ। संविधान संशोधनविना निर्वाचन सम्भव छैन। हामी यतिका दिनसम्म कुरेका छौं। सत्तारूढ दलले पनि सहमति गरिसकेको छ। अहिलेको अवस्थामा पछि हट्न मिल्दैन।'

प्रमुख दलहरू सहमतिबाट बारम्बार पछि हटेको भन्दै यादवले भन्नुभयो- 'उहाँहरूमाथि विश्वास गर्ने अवस्था छैन। उहाँहरूले पुनः षड्यन्त्र गर्दै हुनुहुन्छ। यस पटक हामी ठगिँदैनौं। संविधान संशोधन भएन भने हामी निर्वाचनमा जान सक्दैनौं।'

यता राजपाका प्रवक्ता कृष्णा सिंहले आफूहरूले पार्टी दर्तासँगै आन्दोलनको पनि तयारी गरिरहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'संविधान संशोधनकै लागि यतिपटक स्थानीय निकायको निर्वाचन सरेको हो। अहिले पुनः संविधान संशोधन गरिएन भने निर्वाचन सर्नेछ। सरकारले बल प्रयोग गरी निर्वाचन गराउने सम्भावनाको आकलन हामीले पनि गरेका छौं। त्यसकारण हामी पनि आन्दोलनको तयारीमा छौं।'

राजपाका महासचिव केशव झाले अहिले पार्टी दर्ताका लागि दौडधुप भइरहेकाले पार्टीको आधिकारिक धारणाका लागि बैठक बस्न नसकेको बताउनुभयो। उहाँले सम्भव भए बिहीबार अध्यक्ष मण्डलको बैठकबाट आधिकारिक धारणा आउने बताउनुभयो।

स्रोतका अनुसार प्रधानमन्त्री शेरबहादुर देउवाले राजपा संयोजक महन्थ ठाकुरसँग टेलिफोन संवादमार्फत निर्वाचनमा सहभागी हुन आग्रह गर्दै आउनुभएको छ। देउवाले संविधान संशोधनका लागि आफूहरूले प्रयास जारी राख्ने र मन्त्रिपरिषद्बाट हुन सक्ने कामहरू गर्ने विश्वास ठाकुरलाई दिलाउन खोज्नुभएको छ। तर ठाकुरले मन्त्रिपरिषद्बाट हुन सक्ने काम पनि नभएको बताउँदै वर्तमान सरकारमाथि विश्वास गर्ने आधार नरहेको बताउनुभयो।

# फेरि सडक अवरुद्ध

चितवन, (नेस)

नारायणगढ-मुग्लिन सडकखण्ड पुनः अवरुद्ध भएको छ। चितवनको चारकिलो भन्ने स्थानमा पहिरो गएका कारण बुधबार दिउँसोदेखि सो सडकखण्ड अवरुद्ध भएको हो। प्रहरीका अनुसार सडक अवरुद्ध भएपछि सयौं सवारीसाधन सडकमै रोकिएका छन्।

निरन्तर पहिरो गएका कारण नारायणगढ-मुग्लिन सडकखण्डमा रातको समयमा सवारी सञ्चालनमा रोक लगाइएको थियो। राती सवारी अवागमनमा रोक लगाएपछि दिउँसोको समयमा सवारीसाधनको अत्याधिक चाप लाग्ने गरेको बताइएको छ।

उक्त सडकखण्डमा पहिरो जाने क्रम रोकिएको छैन भने पहिरो पन्छाउन धेरै समय लाग्ने भएको छ। सडक बन्द भएपछि सयौं यात्रु बिचल्लीमा परेका छन्।

## यसरी खुसी पार्दै कर्मचारी

# परिवारलाई निःशुल्क स्वास्थ्य र शिक्षाबारे छलफल

नेपाल समाचारपत्र

काठमाडौं

व्यवस्थापिका-संसद्को बैठकमा 'कर्मचारी समायोजन विधेयक, २०७४ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथि भएको छलफलमा कर्मचारीका परिवारलाई निःशुल्क शिक्षा र स्वास्थ्य उपचारको व्यवस्था दिनुपर्ने सुझाव दिइएको छ।

उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएपछि छलफलमा सहभागी सांसद महेन्द्र शाहीले कर्मचारीका आश्रित परिवारलाई शिक्षा र स्वास्थ्यमा निःशुल्क गर्न सकिएमा सुशासन र सेवा प्रवाहमा पारदर्शिता आउने बताउनुभयो। उहाँले कर्मचारी आश्रित परिवार समस्यामा भएको खण्डमा कर्मचारी पनि समस्यामा पर्ने बताउँदै सेवासुविधा थप हुनुपर्ने बताउनुभयो।

बुधबारको बैठकमा प्रधानमन्त्री एवं सामान्य प्रशासनमन्त्री शेरबहादुर देउवाका तर्फबाट श्रम तथा रोजगारमन्त्री फरमुल्लाह मन्सुरले सदनमा सो विधेयक प्रस्तुत गर्नुभएको थियो। विधेयकको सैद्धान्तिक पक्षमाथिको छलफलमा भाग लिँदै नेपाली कांग्रेसका सांसद भरतबहादुर खड्काले कर्मचारी समायोजनका नाममा बढुवा प्रक्रिया रोक्न नहुने बताउनुभयो। सेवा प्रवाहलाई चुस्त बनाउने कर्मचारीलाई मात्र स्थानीय तहमा समायोजन गरिए उपयुक्त हुने सुझाव खड्काले दिनुभयो।

नेकपा एमालेका सांसद रेवतीरमण भण्डारीले तोकिएको स्थानमा हाजिर हुन नजाने कर्मचारीलाई के गर्ने भन्ने विषयमा विधेयक मौन बसेको बताउँदै त्यस विषयमा स्पष्ट हुनुपर्ने बताउनुभयो। सोही पार्टीका सांसद रामेश्वर फुयाँलले विधेयकको दायरा साँघुरो भएकाले थप संशोधन गरी सदनमा ल्याउन आग्रह गर्नुभयो।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले कर्मचारीको निवृत्तीभरण र उपदानका विषयमा ध्यान दिन सरकारसँग आग्रह गर्नुभयो। सांसद गोपाल दहितले स्थानीय तहमा ट्रेड युनियन गठनलाई प्रतिबन्ध लगाउन र जिल्लाबासी कर्मचारीलाई सोही जिल्लामा समायोजन गर्न सुझाव दिनुभयो।

यता छलफलमा उठेका प्रश्नको जवाफ दिँदै संघ, प्रदेश र स्थानीय तहमा संविधानअनुसार नै कर्मचारी समायोजन गर्न लागिएको मन्त्री मन्सुरले बताउनुभयो।

# खर्च विवरण बुझाउन आयोगद्वारा ताकेता

काठमाडौं, (नेस)

पहिलो चरणको स्थानीय तह निर्वाचनमा निर्वाचित जनप्रतिनिधिहरूले निर्वाचन खर्च-विवरण बुझाउन अटेरी गरेपछि निर्वाचन आयोगले सूचना निकालेर ताकेता गरेको छ।

आयोगले गत जेठ १८ गते जनप्रतिनिधिलाई ३० दिनको म्याद दिएर चुनाव खर्च माग्ने निर्णय गरेको थियो। यस्तो निर्णयको भोलिपल्टै आयोगले सूचना प्रकाशित गरेको थियो। तर, सबै जनप्रतिनिधिले खर्च विवरण बुझाएका छैनन्। जनप्रतिनिधिले अटेरी गरेपछि आयोगले फेरि सूचना जारी गरेको हो।

आयोगले जिल्ला समन्वय समिति (जिसस) को निर्वाचन उम्मेदवार हुनुअगावै खर्च विवरण पेस गर्न जनप्रतिनिधिलाई भनेको छ। 'निर्वाचनको परिणाम प्रकाशन भएको मितिले ३० दिनभित्र निर्वाचन खर्च विवरण बुझाउनका लागि आयोगको मिति २०७४ जेठ १८ को निर्णयानुसार जेठ १९ गते प्रकाशित गरिएको सूचना स्मरण गराउँदै जिससको प्रमुख, उपप्रमुख वा सदस्यको उम्मेदवार हुनुभन्दा अगावै निर्वाचन खर्च बुझाउन अनुरोध गरिन्छ।' -सूचनामा भनिएको छ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ मा निर्वाचन खर्चको विवरण दल, उम्मेदवार वा तिनका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० भित्र बुझाउनुपर्ने व्यवस्था गरेको छ। आयोगले तोकेको कार्यालयमा गत वैशाख ३१ गते पहिलो चरणमा निर्वाचन सम्पन्न भएका स्थानीय तहका जनप्रतिनिधिले खर्च विवरण बुझाउनुपर्ने भए पनि बुझाएका छैनन्। योसँगै जोडेर जनप्रतिनिधिको पारदर्शितामाथि शुरूमै प्रश्न उठाउन थालिएको छ।

# पाँचै दिनमा मञ्चमा उक्लिए महिला

काभ्रे, (नेस)

पाँच दिनअगाडि सामूहिक रूपमा बोल्दासमेत लजाउने पनौती-१ ग्यालेका महिलाहरू उद्घोषण तालिमपछि मञ्चमा उभिएर भाषण गर्न सक्ने भएका छन्।

साविक गाविसको लक्षित वर्षको रकममार्फत महिला विकास समितिले आयोजना गरेको महिला उद्घोषण तालिममा सहभागी ५० भन्दा धेरै महिलाहरूले अगाडि उभिएर भाषण गर्नसक्ने भएको बताएका छन्। सहभागीमध्येकी एक अनिता न्यासुरले बोल्ने कलाको सिपले आफूलाई जीवनमा नयाँ अनुभूति भएको बताइन्। 'के के न होलाजस्तो हुन्थ्यो, अनुहार रातो पिरो भएर पसिना छुट्थ्यो, तालिमले सबै कुरा बिर्सायो।' -न्यासुरले भनिन्।

साविकको ग्याले गाउँ विकास समितिको सहयोगमा महिला विकास समिति ग्यालेको आयोजनामा शनिबारदेखि शुरू भएको उद्घोषण तालिमसम्पन्न भएको छ। नगरपालिकाका प्रमुख भीम न्यौपानेको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा पत्रकार महासंघ काभ्रेका अध्यक्ष मोतीराम तिमल्सिनालगायतको सहभागिता रहेको थियो।

तालिमको समापन कार्यक्रममा बोल्दै प्रमुख न्यौपानेले तालिम र अभिमुखिकरणमार्फत सचेत भएका नागरिकहरूले मात्रै नगर विकासमा थप योगदान पुर्‍याउने भएकाले महिलाहरूलाई सशक्तीकरण गराउन आगामी परिषद्बाट यस्ता कार्यक्रमलाई प्रश्रय दिएको बताए। कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष मोतीराम तिमल्सिनाले उद्घोषण तालिमले महिलाहरूको क्षमता अभिवृद्धि गरी व्यक्तिगत जीवनमासमेत परिवर्तन हुने भएकाले यसलाई व्यवहारमै उतार्नुपर्ने बताए। कार्यक्रममा न्यु राइजिङ विद्यालयका प्रिन्सिपल कुलप्रसाद सापकोटा, नेकपा माओवादी केन्द्रका सन्तबहादुर तामाङ, सहभागीहरू अनिता न्यासुर र चन्द्रावती श्रेष्ठलगायतले तालिमले महत्त्वपूर्ण उपलब्धि दिएको बताएका थिए।

अध्यक्ष लक्ष्मी तिमल्सिनाको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य सचिव प्रतिमा श्रेष्ठले राखेकी थिइन् भने सञ्चालन सदस्य माधुरी सापकोटाले गरेकी थिइन्। २०६४ बाट शुरु भएको उक्त समितिले महिलाहरूको आयआर्जनका लागि बाख्रा साटासाट, सिलाइ बुनाइ तालिम, उद्घोषण तालिमजस्ता सीपमूलक कार्यक्रम आयोजना गर्दै आएको छ।

## राजधानीमा...

सवारीसाधन बढेसँगै सडक सञ्जालको व्यवस्थापन चुस्त गतिमा नहुँदा समस्या निम्तिएको उहाँको बुझाइ छ।

उपत्यकामा सवारी चापलाई न्यूनीकरण गर्न भन्दै उपत्यकाका विभिन्न सडकहरूमा एकतर्फी मात्रै सवारी गुडाउनुपर्ने, दायाँ मोड्न निषेध, एउटै मात्र बसपार्कको व्यवस्था गरी लामो दूरीका सार्वजनिक यात्रुवाहक सवारीको आगमन र प्रस्थान सोही बसपार्कसम्म मात्र सीमित पार्ने, चक्रपथको हरियाली क्षेत्रमा सवारी पार्किङमा निषेध गर्ने र मालवाहक सवारीहरू ट्रक, मिनिट्रक र ट्रिपरलाई कार्यालय समयमा उपत्यका निषेधलगायतका नियम लगाउने निर्णय गरेको केही हप्ता मात्रै भएको छ।

तर उपत्यकामा सवारी चापका कारण सडक जाममा कमी आएको छैन। विशेष गरी कार्यालय समयमा मात्रै जाम हुने उपत्यकाका मुख्य सडकहरू केही समययता भने दिनभरि जाम भइरहेको छ।

चक्रपथका मुख्य/मुख्य चोकसहित उपत्यकाका भित्री मुख्य सडकका चोकहरू कुपण्डोल, थापाथली, त्रिपुरेश्वर, माइतीघर, सिंहदरबार, केशरमहल, दरबारमार्गलगायतका सडकहरू हुँदै चल्ने सवारीसाधन जाममा पर्ने गरेका छन्। त्यो जाम २० मिनेटदेखि घण्टौंसम्म रहिरहँदा आम मानिस हैरानीमा छन्। र काम विशेषले हिँडेका आम मानिसहरू निर्धारित समयमै तोकिएको स्थानमा जान नपाउँदा चिन्तित छन्।

एक साताअघि गरेको केही निर्णयहरू 'एक्टिभ' भइसकेको भन्दै महाशाखा प्रमुख लामाले भन्नुभयो- 'चक्रपथको हरियाली क्षेत्रमा सवारी पार्किङ गर्न नपाउने नियम २५ गतेदेखि लागू भइसकेको छ।'

एकतर्फी गुडाउनुपर्ने र दायाँ मोड्न नपाउने नियम भने सडक विभागले संकेत बोर्डहरू राखेको १ हप्तामा लागू गर्ने बताउँदै उहाँले भन्नुभयो- 'बोर्ड राखेको १ हप्तासम्म सम्झाइबुझाई हुन्छ। त्यो बेला कारबाही हुँदैन। हप्ता दिनपछि भने कारबाही गर्छौं।' यी नियमहरू पूर्णरूपमा लागू भएपछि उपत्यकाको सवारी चापले गर्दा देखिने सडक जाममा न्यूनीकरण हुने उहाँले दाबी गर्नुभयो।

उपत्यकामा मात्रै दैनिक साना ठूला गरी १० लाखको हाराहारीमा सवारी साधन गुड्छन्। ट्राफिक व्यवस्थापन गर्न भन्दै उपत्यकामा मात्रै १ हजार २ सय ट्राफिक प्रहरी परिचालित छन् भने फुटपाथको व्यवस्थापनका लागि ७ वटा घोडासहितको ट्राफिक प्रहरी परिचालन भएको महाशाखाले जनाएको छ।

उपत्यकामा ५० लाख जना बसोबास गरेको अनुमान गरिएको छ भने झन्डै १५ देखि २५ लाखको हाराहारीमा मानिस दैनिक रूपमा काठमाडौंमा काम विशेषले आवतजावत गर्छन्।

## देउवा ...

भागवण्डा र गुटबन्दीमै रमाउने कांग्रेसका शीर्ष नेताहरू आउँदो निर्वाचनमा नयाँ ढंगले एकीकृत भएर अघि बढ्छन् भन्नेमा आम कार्यकर्ताहरू विश्वस्त हुन सकेका छैनन्।

स्थानीय तहको पहिलो र दोस्रो चरणमा भएको कुल ६ सय १६ स्थानीय तहमध्ये कांग्रेस २ सय २६ स्थानमा प्रमुख पदमा विजयी भएको छ। नेकपा एमालेले भने २ सय ७६ स्थानमा विजय हासिल गरेको छ।

मत परिणाम आउन बाँकी भरतपुर महानगरपालिकामा पनि एमाले नै अग्रस्थानमा छ। पहिलो र दोस्रो चरणको निर्वाचन परिणामले तेस्रो चरणमा हुने प्रदेश नम्बर २ को निर्वाचन मात्र होइन निकट भविष्यमा हुने भनिएको प्रदेश र केन्द्रीय तहको निर्वाचनमा पनि असर पर्ने अनुमान गरिएको छ।

यसअघि पार्टीभित्र संस्थापन पक्षसँग ४० प्रतिशतको भागवण्डा लिएर अघि बढ्दै आउनुभएका देउवा १३औं महाधिवेशनबाट सभापति भएर आफै संस्थापन पक्ष बन्नुभएको छ। संसदीय दलको नेतासमेत रहनुभएका देउवा अहिले प्रधानमन्त्री हुनुहुन्छ। सभापति भएलगत्तै पार्टीलाई एकढिक्का बनाएर लैजान, लामो समयदेखि महाधिवेशन हुन नसकेको भ्रातृ संगठनहरूको महाधिवेशन गराएर चलायमान गराउने तथा निर्वाचनमा कांग्रेसलाई पहिलो पार्टी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएका देउवाले अहिले भने ती प्रतिबद्धतातर्फ ध्यान नदिएको भन्दै पार्टीभित्रैबाट आलोचना भइरहेको छ। कांग्रेसकै एक नेताले भने- 'चुनावको तयारी केही पनि गरिएको थिएन। र, पनि पार्टीले यति सिट जित्दा आश्चर्य मान्नुपर्ने अवस्था छ। हामीले त सुतेरै यति सिट ल्यायौं। एमालेको जति खटिएको भए त दुई तिहाइ आउने रहेछ।'

प्रधानमन्त्रीसमेत रहनुभएका कांग्रेस सभापति देउवाको यही ताल हो भने आउँदो निर्वाचनमा कांग्रेसले अहिलेको भन्दा धेरै पराजय भोग्नुपर्ने छ भन्दै कांग्रेसका पौडेल पक्षका नेताहरू कार्यकर्ता माझ भन्न थालेका छन्। 'स्थानीय निर्वाचनमा पराजित भएपछि समीक्षा गर्न अहिलेसम्म केन्द्रीय बैठक बसेको छैन', कांग्रेस नेता धनराज गुरुङले भन्नुभयो- 'टिकट वितरणदेखि नै बेथिति भएको कांग्रेसभित्र अन्तर्घात पनि धेरै भयो। अन्तर्घातीहरूलाई कारबाही नगरे कांग्रेसले सधैं पराजय भोग्नुपर्नेछ। टिकट वितरण गर्दा पनि नेतृत्व चुक्यो।'

कांग्रेस सभापति देउवाले आफू पार्टी सभापति भएपछि लामो समयसम्म हुन नसकेको महिला संघ, नेविसंघ, तरुण दललगायत भ्रातृसंस्थाहरूको महाधिवेशन गरे पनि यी भ्रातृ संस्थाहरूलाई चलायमान बनाउन सक्नुभएन। कांग्रेसका भ्रातृसंस्थाहरू पार्टीको नीति तथा कार्यक्रम आम मतदाताकोमा पुर्‍याउन सक्रिय हुन सकेनन्। निर्वाचनमा धेरै आशा राखिएको तरुण दल निस्क्रियजस्तै भयो।

गत कात्तिकमा भएको तरुण महाधिवेशनमा तरुण प्रतिनिधिहरूको चर्को विरोधका बाबजुद पनि नेतृत्वले भागवण्डाको आधारमा अध्यक्ष, उपाध्यक्ष, महासचिव र कोषाध्यक्ष सर्वसम्मत चयन गर्नेवाहेक कार्यसमितिलाई पूर्णता दिन र चलायमान बनाउन सकेको छैन।

'कांग्रेसको १३औं महाधिवेशनबाट आएको नेतृत्वले धेरै वर्षसम्म हुन नसकेको भ्रातृ संस्थाहरूको महाधिवेशन गरे पनि त्यसलाई चलायमान बनाउन सकेन', डडेल्धुरा कांग्रेस जिल्ला सभापति कर्ण मल्ल भन्नुहुन्छ- 'यी भ्रातृ संस्थाहरूलाई चलायमान बनाइएको थियो भने स्थानीय निर्वाचनमा कांग्रेसले अनपेक्षित हार बेहोर्नुपर्दैन थियो। साथै, नेतृत्वले समयमै सही उम्मेदवार छनोट गर्न नसक्नु र अन्तिम अवस्थामा भागवण्डामा उम्मेदवार छनौट गर्नु अर्को कमजोरी देखियो।'

केन्द्रीय सदस्य तथा पदाधिकारीलगायत विभिन्न केन्द्रीय विभागहरू समयमै गठन गरी पार्टीलाई चुस्त दुरुस्त नबनाइनुका साथै निर्वाचनमा कति क्षति भयो भन्ने बारेमा समीक्षासमेत नभएको जनाउँदै मल्ल भन्नुहुन्छ- 'केन्द्रीय समितिसहित सबै जिल्ला सभापतिहरूको संयुक्त छलफल गरी स्थानीय तहको पहिलो र दोस्रो चरणमा हार बेहोर्नुको कारणबारेमा समीक्षा गरेर स्थानीय तहको तेस्रो चरणको निर्वाचन र प्रदेश तथा केन्द्रीय तहको निर्वाचनको लागि रणनीति बनाउन अब ढिला गर्नु हुन्न।'

## काष्ठमण्डप ...

काठमाडौं महानगरपालिकाका प्रवक्ता ज्ञानेन्द्र कार्कीले कामपाकै सम्पत्ति भएकाले चाँडै नै कामपा आफैले पुनर्निर्माण गर्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'केही विवाद देखिएको छ, तत्काल निर्णय गरी कामपा आफैले बनाउनेछ।'

प्राधिकरणको कार्यालयमा भएको समझदारीमा प्राधिकरणका तर्फबाट सहसचिव यमलाल भुसाल, पुरातत्त्व विभागका तर्फबाट महानिर्देशक भेषनारायण दाहाल, काठमाडौं महानगरपालिकाका तर्फबाट कार्यकारी अधिकृत ईश्वरराज पौडेल र काष्ठमण्डप पुनर्निर्माण अभियानका तर्फबाट अध्यक्ष वीरेन्द्रभक्त श्रेष्ठले हस्ताक्षर गर्नुभएको थियो। अहिले त्यो समझदारी कामपालाई टोक्नु न बोक्नु भएको छ। २०७४ वैशाख २९ गते जारी भएको १४ बुँदे समझदारीअनुसार अभियानले दुई वर्षभित्र काष्ठमण्डपको पुनर्निर्माणको काम गरिसक्नुपर्नेछ। प्राचीन स्मारक संरक्षण ऐन संशोधनसहित २०१३ र सोको नियमावली २०४६, भूकम्पपश्चात् सम्पदा पुनर्निर्माण गर्नेसम्बन्धी कार्य निर्देशिका २०७२ र प्रचलित मापदण्डबमोमिज काष्ठमण्डप पुनर्निर्माण गरिनुपर्नेछ।

पुनर्निर्माणका सम्बन्धमा विद्यमान मापदण्ड र नियमावलीअनुसार भए/नभएको अध्ययन अनुगमन भने पुरातत्त्व विभागले गर्ने उल्लेख गरीएको छ। परियोजना सञ्चालन गर्ने सम्बन्धमा पुरातत्त्व विभाग र काठमाडौं महानगरपालिकाले विद्यमान राष्ट्रिय नीति, ऐन, नियम, भवन संहिता, कार्यविधि, निर्देशिका आदिको पालना गर्न गराउनका लागि समय समयमा प्राविधिक निरीक्षण, अवलोकन, सरसल्लाह, सुझाव तथा त्यस सम्बन्धमा दिएको निर्देशन काष्ठमण्डप पुनर्निर्माण अभियानले पालना गर्नुपर्ने भनिए पनि कहिलेदेखि पुनर्निर्माण गर्ने भन्ने विषयमा कुनै कुरा उल्लेख गरिएको छैन।

अभियानले संकलन गरेको वा यस प्रयोजनका लागि प्राप्त रकम वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नुपर्ने र चन्दा दाताको पहिचानसहितको विवरण राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई समेत जानकारी दिने गरी व्यवस्थापन गर्नुपर्नेछ। संकलित रकमको सरोकारवाला सबै पक्षको सहमतिबाट कार्यविधि बनाई खर्च गर्नुपर्नेछ।

पुनर्निर्माणका लागि आवश्यक काठलगायतका जिन्सी सामान काठमाडौं महानगरपालिकाले उपलब्ध गराउने जनाइएको छ। समझदारीपत्रमा सम्बन्धित क्षेत्रका सांसद, स्थानीय तहका प्रतिनिधि र समुदायका प्रतिनिधिकरुको राय सुझाव र सिफारिसअनुसार पुनर्निर्माण गर्ने उल्लेख गरिएको छ। समझदारी भएको करिब दुई महिनापछि स्थानीय मरु त्वाः पुचःले विरोध जनाएको छ। सबै मिलेर नेपालकै सानलाई पुनर्निर्माण गर्न छाडेर विरोधमा उत्रिएको पुचःले विश्वसम्पदा सूचीमा सूचीकृत काष्ठमण्डप राज्यस्तरमै बनाउनुपर्नेमा त्यसको लागि हालै मात्र स्थापना भएको संस्थालाई बनाउने जिम्मा दिनु कतिको उचित भएको थियो र सो संस्थाले हाल आएर विभिन्न निकायबाट आर्थिक संकलन गरिरहेको सूचना प्राप्त भएकाले त्यस संस्थाप्रति शंका उत्पन्न भएको जनाएको छ। पुचःले कथंकदाचित बनाउने जिम्मा दिएको खण्डमा स्थानीय मुकदर्शक भएर बस्न नसक्ने चेतावनीसमेत दिएको छ।

संस्थाका अध्यक्ष वसन्त श्रेष्ठले राज्यले नै काष्ठममण्डप पुनर्निर्माण गर्नुपर्ने बताउँदै संस्थालाई दिने जिम्मेवारी आफूहरूलाई स्वीकार्य नहुने धारणा राख्नुभयो। उहाँले भन्नुभयो- 'चाँडै सम्पदा बन्नुपर्छ, हामी यसैको पक्षमा रहेका छौं।' सो संस्थाले कामपा १९ र २० वडा कार्यालय तथा हनुमानढोका दरबारक्षेत्र संरक्षण कार्यक्रम कार्यालयलाई पत्र पठाएको छ।

अभियानका संयोजक श्रेष्ठले जनसमुदायबाटै काष्ठमण्डप बनाउनुपर्ने धारणा राख्दै केही विरोध भए पनि नबुझेर हुनसक्ने बताउनुभयो। अभियान आफैले बनाउने भनेको होइन, हामीले ठेक्काप्रथाको विरोध जनाएका हौं, ठेक्कामा हामी कुनैपनि हालतमा पुनर्निर्माण गर्न दिँदैनौं। समझदारीअनुसार अब काष्ठमण्डपको पुनर्निर्माण अभियानले नै गर्ने जानकारी गराउँदै त्यसका लागि छलफल भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'जनप्रतिनिधिकै सहभागितामा सबैलाई अपनत्व हुने गरी दुई वर्षभित्रमै काष्ठमण्डप पुनर्निर्माण गर्नेछौं। हामी आफैले ४ लाख रुपियाँ उठाएर संरक्षण गरिरहेका छौं, अभियानकै साथीहरूले रकम दिएका हुन्। वरिपरि घेराबार गर्न नेपाल रेडक्रसले जस्ता दिने भनेको थियो, विवादको कारण हालसम्म पाएका छैनौं।' 'अहिले त कर्मचारीलाई सोध्यो प्रक्रियामा छ भन्छन्। कामपालाई सोध्यो छलफल गर्नुपर्छ भन्ने गरेको छ अहिले यस्तै यस्तै कुराले गर्दा समस्या परेको छ।' -उहाँले भन्नुभयो। अभियानले देशविदेशमा रहेका नेपालीसँग स्वेच्छाले रकम संकलन गर्ने तयारी गर्दा विवाद भएपछि हालसम्म रकम संकलन नगरेको उहाँले स्पष्ट पार्नुभयो। 'टेन्डरमा १९ करोडमा पुनर्निर्माण गर्ने भनिएको छ, हामी बढीमा ७ करोड रुपियाँमा सम्पूर्ण तयारी गर्नेछौं। यहीँबाट बुझिन्छ, ठेक्का ठीक कि बेठीक?' -उहाँले ७ करोडभन्दा बढी लागे ८ करोड रुपियाँसम्ममा पुनर्निर्माण सकिने बताउनुभयो।

पुरातत्त्व विभागका सिनियर इन्जिनियर सम्पत घिमिरेले ड्रइङ डिजाइन तयार गरी कामपालाई दिइसकेको, प्राधिकरणले अभियानसँग समझदारी गरिसकेको, अब पुरातत्त्व विभागले के गर्छ भन्ने विषयमा थाहा नभएको बताउनुभयो। 'कामपाले पुनर्निर्माण गर्ने भनेपछि नक्सा दिएका हौं, प्राधिकरणले अभियानलाई काम गर्न भनिसकेको छ अब विभागले मापदण्डअनुसार पुनर्निर्माण भए नभएको अनुगमन गर्ने काम मात्र गर्नेछ।' -उहाँले भन्नुभयो। कामपा सम्पदा महाशाखाका प्रमुख श्रेष्ठले महानगरपालिकाले यो विषयमा पुनः अध्ययन गरिहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'मेयरले यस विषयमा सबैसँग छलफल गरिरहनुभएको छ।' यस्तै, मरु त्वा पुचःका सल्लाहकार विष्णुराज श्रेष्ठले काष्ठमण्डपको निर्माण सरकारी निकायले गर्नुपर्ने बताउँदै यसलाई कसैले पनि मागीखाने भाँडो बनाउन नहुने बताउनुभयो।

अभियानका अध्यक्ष श्रेष्ठका अनुसार जग जोगाउन टेन्ट हाल्ने क्रममा स्थानीय बासिन्दासँग विवाद भएको थियो। 'उत्खननका क्रममा खनिएको जग माटोले पुरिएको छ। त्यही जगलाई बर्खाको पानीले नबिगारोस् भनेर टेन्ट हाल्न लागिएको थियो, त्यसपछि विरोध भएर तालाबन्दी भएको हो।' तत्काल पुनर्निर्माण गर्ने आदेश दिनासाथ जनताको आफ्नै रकमले पुनर्निर्माण गर्ने उहाँको भनाइ थियो। २०७२ सालको शक्तिशाली भूकम्पबाट हनुमानढोकाका करिब ४० वटा सम्पदा पूर्णरुपमा ध्वस्त भएका थिए। तीमध्ये हालसम्म करिब एक दर्जन पनि बन्न सकेका छैनन्। पाटन र भक्तपुरको तुलनामा हनुमानढोका दरबार क्षेत्रको सम्पदा पुनर्निर्माण कछुवाको गतिमा अघि बढिरहेको छ।

## नेपाल ...

सीमा विवादपछि गत गत महिना चीनले आफ्नो भू-भागतर्फको नाथुला पास भारतीय पर्यटकका लागि बन्द गरेपछि भारतीयले नेपाली बाटो रोजेको हुनसक्ने कार्कीको अनुमान छ।

भारतीय, नेपाली र अन्यत्रका तीर्थालु/पर्यटक काठमाडौं-नेपालगन्ज, नेपालगन्ज-हुम्लाको हवाईयात्राबाट सिमिकोट पुग्ने गर्छन् भने त्यहाँबाट चार्टर गरिएका हेलिकप्टरमार्फत नेपाल-चीन सीमा क्षेत्रसम्म पुग्ने गर्छन्। सीमा क्षेत्रबाट भने चिनियाँ गाडी चढेर गन्तव्यमा पुग्न सकिने टच कैलाश ट्राभल्स एन्ड टुर्सका पथप्रदर्शक विष्णु राउतले जानकारी दिनुभयो।

उहाँका अनुसार सिमिकोट हुँदै सो गन्तव्यमा पुग्ने तीर्थालुमध्ये ९५ प्रतिशतका हाराहारीमा भारतीय, त्यसपछि नेपाली र केही संख्यामा गैरआवासीय नेपाली र बाँकी अन्य मुलुकका छन्। करिब २ दर्जन नेपाली कम्पनीले कैलाश यात्रा केन्द्रित सेवा सञ्चालन गर्दै आएका छन्। यसपटक नेपाल हुँदै मानसरोवर जाने भारतीय तीर्थालुको संख्या बढ्ने मुख्य कारण चिनियाँ प्रभाव भए पनि प्रस्ट रूपमा भारतीयले चीनियाँ कारण बताउन नचाहेको व्यवसायी बताउँछन्।

भारत-चीनको पछिल्लो सम्बन्धपछि केही भारतीय तीर्थयात्रीले बुकिङ गरेको प्याकेज रद्द गराउन चाहेको एक व्यवसायीले बताए। 'तिब्बत पुगेपछि आफूहरूसँग चिनियाँहरूले गर्ने व्यवहार के कस्तो होला भन्दै भारतीयले सोध्ने र बुझ्ने गरिरहेका छन्, केहीले पहिला बुक गरेको प्याकेज रद्द पनि गराएका छन्।' -ती व्यवसायीले भने।

भुटान र चीनको सीमा क्षेत्र दोकलाङमा चीनले आफ्नो भू-भाग हुँदै सडक विस्तार गरेपछि गत महिनादेखि चीन र भारतबीचको विवाद प्रस्टरूपमा बाहिरिएको छ। भुटान र चीनको सीमाक्षेत्र भारत र भुटानमा दोक्लाम भनेर चिनिएको छ भने चिनियाँहरू दोङलाङ भनेर बुझ्ने गर्छन्।

सन् १८९० मा तत्कालीन तिब्बत र भुटानबीच भएको सीमा सम्झौताअनुसार दोङलाङ सीमा क्षेत्रसम्मको भू-भाग आफ्नो मुलुकको भएको चीनको दाबी छ। त्यसैले भारतीय सीमाले प्रस्टरूपमा नछोएको क्षेत्रमा भारतीय हस्तक्षेप अस्वीकार्य हुने चीनको तर्क छ।

भुटानको रक्षा र परराष्ट्र नीतिमा भारतीय प्रभाव रहँदै आएकाले अहिले भारतले सो क्षेत्रमा आफ्नो प्रभाव देखाएको कूटनीतिक मामिलाका जानकारहरू बताउँछन्।

दुवै मुलुकबीचको पछिल्लो सीमा विवादको विषयमा नेपालले अनावश्यक चासो लिन नहुने उप-प्रधान एवं परराष्ट्रमन्त्री कृष्णबहादुर महराले बताउनुभएको छ। बुधबार सञ्चारकर्मीहरूसँगको भेटवार्तामा मन्त्री महराले भन्नुभयो- 'नेपाल सरोकारवाला भएर सो विषयमा बोल्नु उचित हुँदैन, तर शान्तिपूर्ण संवादमार्फत निकास निकाल्न दुवै मुलुकलाई हाम्रो आग्रह छ।'

अहिले भारत-चीनबीचको वाक युद्ध सतहमा आएपछि दुवैतर्फबाट सीमा क्षेत्रमा सैन्य बल बढाइएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। सो क्षेत्रमा थप अप्रिय घटना हुने संकेत देखिएमा नेपाल तटस्थ रहेर वार्तामार्फत समस्या समाधानका लागि दुवै मुलुकलाई अपिल गर्नुपर्ने पूर्व राजदूत हिरण्यलाल श्रेष्ठ बताउनुहुन्छ।

उहाँले *नेपाल समाचारपत्र*सँग कुरा गर्दै भन्नुभयो- 'चीन-भारतबीच सन् १९६२ को युद्धको समयमा पनि नेपाल मौन थियो, तटस्थ थियो, यदि अहिले अप्रिय परिस्थिति सृजना भयो भने नेपालले शान्तिपूर्ण वार्तामार्फत निकासका लागि छिमेकीलाई अपिल गर्नुपर्छ।'

# अर्थ

2017, JULY
Thursday
13

प्रस्तावित नयाँ पाँचतारे होटलमा काठमाडौंमा थपिने सिटी होटल, कालीमाटी, होटल क्राउन ईम्पेरियल, रविभवन, एभरेस्ट हस्पिटालिटि, नक्साल, जगदम्बा हस्पिटालिटि, नक्साल, अकला होटल, धुम्बाराही र होटल ले शेर्पा रहेका छन्। त्यस्तै काठमाडौं बाहिर रारा परियोजना, होटल टाईगरवान, रूपन्देही, होटल पवन प्यालेस, लुम्बिनी, भेगास सीटी ईन्टरटेन्मेन्ट, होटल मेची क्राउन, झापा रहेका छन्।

ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

RHINO GUARANTEED DUCTILITY Fe 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

NS:191 IS:1786

Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa (01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

नेपालको नं. 1 मारुती सिमेन्ट

हामी बनाउँदैछौं नेपाललाई...

# पाँचतारे होटलहरू थपिंदै

दीपेन्द्र थापा, काठमाडौं

पर्यटन उद्योगमा आएको सुधारसंगै देशभर २८ वटा नयाँ तारे होटल थपिनेछन्।

नेपालभरि १० वटा पाँच तारे, ७ वटा चार तारे र ११ वटा तीन तारे गरी कूल २८ ओटा नयाँ होटल संचालन हुन लागेको पर्यटन विभागले जनाएको छ। विभागका अनुसार काठमाडौंमा मात्र ६ ओटा होटल थपिनेछन्। नयाँ होटल थपिनु समग्र पर्यटन क्षेत्रका लागि सकारात्मक कुरो हो।' पर्यटन विभागका होटल शाखा निर्देशक विष्णुप्रसाद रेग्मीले भन्नुभयो।

थपिएका होटल चाँडै नै सञ्चालनमा आउने विभागका नायव सुब्बा राजेश लम्सालले बताउनुभयो। लम्सालले भन्नुभयो- 'ती होटलमध्ये कुनै सञ्चालन अनुमतिका लागि आएका छन् भने कुनै प्रारम्भिक वातावरण परीक्षण गर्ने क्रममा रहेका छन्।'

यसैबीच होटल संघ नेपाल (हान)ले अनुसार नयाँ होटल थपिँदा होटल क्षेत्र कूल ३३ अर्ब रुपियाँ थपिने जनाएको छ। हानका पूर्वअध्यक्ष योगेन्द्र शाक्यले शुक्रबार कार्य पत्र प्रस्तुत गर्दै नेपालमा होटलमा कूल लगानी करिब २ खर्ब ५० अर्ब रहेको जानकारी दिनुभयो।

सन् २०२० सम्म ४ हजार बेड थपिंदै छन्। त्यसमा २ हजार कोठा काठमाडौं थपिँदै छन्। एक जना पर्यटक आउँदा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा १२ जनालाई रोजगारी प्राप्त हुने हानले जनाएको छ। हानका अनुसार होटल क्षेत्रमा ५ लाखले प्रत्यक्ष रोजगारी पाउँदै आएका छन्।

सरकारले आगामी ३ वर्षमा ८३ अर्ब रुपैँया लगानी गर्न लक्ष्य राखेकोमा ८ अर्ब सरकारले र बाँकी निजी क्षेत्रले लगानी गर्ने अपेक्षा राखिएको छ।

४ हजार बेड थपिँदा नेपालमा कूल बेड क्षमता ४२ हजार पुग्नेछ। हानका अनुसार ४ हजार बेडमध्ये २ हजार काठमाडौंमा थपिने भएका हुन्। बेड संख्यामा वृद्धिपछि नेपालको कूल पर्यटक क्षमता २० लाख पुग्ने अनुमान छ।

प्रस्तावित नयाँ पाँचतारे होटलमा काठमाडौंमा थपिने सिटी होटल, कालीमाटी, होटल क्राउन ईम्पेरियल, रविभवन, एभरेस्ट हस्पिटालिटि, नक्साल, जगदम्बा हस्पिटालिटि, नक्साल, अकला होटल, धुम्बाराही र होटल ले शेर्पा रहेका छन्। त्यस्तै काठमाडौं बाहिर रारा परियोजना, होटल टाईगरवान, रूपन्देही, होटल पवन प्यालेस, लुम्बिनी, भेगास सीटी ईन्टरटेन्मेन्ट, होटल मेची क्राउन, झापा रहेका छन्।

अघिल्लो वर्ष पनि खुलेका होटलमध्ये अधिकांश काठमाडौं उपत्यकाभित्र रहेका थिए। पर्यटकको सुविधाका लागि वर्ष २०७३ मा ४४ वटा सुविधा सम्पन्न नयाँ होटल सञ्चालनमा आएका थिए। तीमध्ये चारतारे १, तीनतारेको ५, दुईतारे २, एकतारे ६ र पर्यटनस्तरीय ३० होटल थिए।

यसैबीच भूकम्प र नाकाबन्दीका कारण सुस्ताएको नेपालको पर्यटन क्षेत्र विस्तारै पुर्नजीवित हुँदै गएपछि लगानीकर्ता आकर्षित देखिएको विभागका निर्देशक दुर्गादत्त ढकालको भनाइ छ। उहाँका अनुसार नयाँ खुलेका पर्यटकीय होटलका कारण पनि नेपालको पर्यटन क्षेत्रमा आर्कषण रहेको पुष्टि गर्छ। ढकालले भन्नुभयो-'भूकम्पपछि होटल खुल्ने क्रम बढेको छ।' उहाँले भूकम्प र नाकाबन्दीका कारण पर्यटक आउने संख्यामा वृद्धि हुँदै जानुले पनि भोलिका दिन राम्रो हुने देखेर लगानी कर्ता उत्साहित भएको बताउनुभयो।

हालसम्म पर्यटन विभागमा दर्ता भएका होटलको संख्या ५ सय ८५ रहेको छ। विभागमा पाँचतारे १०, चारतारे ३, तीनतारे ३१, दुईतारे ४३, एकतारे ३३ र पर्यटनस्तरीय ४ सय ६५ को संख्यामा होटल दर्ता भएका छन्। त्यस्तै २ सय २७ वटा होमस्टेले सञ्चालनका लागि स्वीकृति पाइसकेर सञ्चालनमा रहेको पर्यटन विभागले जनाएको छ।

सन् २०१६ मा ७ लाख २९ हजार ५ सय ५० पर्यटकले नेपाल भ्रमण गरेको अध्यागमन विभाग तथ्यांकमा उल्लेख छ। सरकारले सन् २०१८ लाई नेपाल भ्रमण वर्षका रूपमा मनाउने घोषणा गरेको हुँदा पनि पर्यटन क्षेत्रमा लगानीको आकर्षण बढेको सरोकारवालाको भनाइ छ।

## लुम्बिनी विकासको चन्द्रावतीमा शाखा



काठमाडौं, (नेस)

लुम्बिनी बिकास बैंक लिमिटेडले तनहुँ जिल्लाको भानु नगरपालिका, वडा नं. १३ चन्द्रावतीमा आफ्नो ५०औं शाखा कार्यालय स्थापना गरेको छ।

'ग्रामीण क्षेत्र बैंकिङ अबको प्राथमिकता'अन्तर्गत बहुसंख्यक जनता (ग्राहक) लाई बैंकिङ सेवा पुऱ्याउने घोषित नीतिअनुरूप मिति सो शाखा स्थापना गरिएको हो।

सो शाखाको उद्घाटन नेपाल राष्ट्र बैंकका निर्देशक राजेन्द्र पण्डितले गर्नुभयो। सुशील पराजुलीको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत झलकप्रसाद खनालले स-साना निक्षेप परिचालन तथा कृषि एवं साना व्यवसायमा कर्जा लगानी गरी त्यस भेगका बासिन्दाहरूमा बैंकिङ सेवाको पहुँच अभिवृद्धि शाखा सञ्चालनमा ल्याएको बताउनुभयो। बैंकको केन्द्रीय कार्यालय काठमाडौंमा रही देशका विभिन्न भागमा रहेका यस शाखासहित कूल ५० वटा शाखा सञ्जालहरू रहेका छन्।

## शनिबार पनि बैंक खोल्न निर्देशन

काठमाडौं, (नेस)

बैंक तथा वित्तीय संस्थालाई आगामी शनिबार पनि खुल्लै राख्न नेपाल राष्ट्र बैंकले निर्देशन दिएको छ।

असार ३१ गते चालू आर्थिक वर्ष समाप्तिको अन्तिम दिन भएको र सो दिन शनिबार पर्न गएकाले राजश्व दाखिलाका लागि पुरै दिन केन्द्रीय बैंकले निर्देशन दिएको हो।

चालू आर्थिक वर्षको हिसाब मिलान गर्ने प्रयोजनार्थ कोष तथा लेखा नियन्त्रक कार्यालयको निर्देशन बमोजिम आइपीएसमार्फत भुक्तानी गर्ने तथा पूरै दिन ४ बजेसम्म राजश्व रकम बुझन केन्द्रीय बैंकले निर्देशन दिएको हो।

राष्ट्र बैंकले राजश्व दाखिलासम्बन्धी चेकसमेत शनिबार पनि सेटलमेन्ट हुने गरी क्लियरिङमार्फत राजश्व जम्मा गर्न पनि निर्देशन दिएको छ।

## सटही सुविधा राहत मिल्यो : होटल व्यवसायी

### 'मनिएक्सचेन्च व्यवसायमा असर पर्ने'

काठमाडौं, (नेस)

होटलहरूले आफ्ना ग्राहकलाई ३ सय अमेरिकी डलरसम्मको सटही सुविधा दिन पाउने व्यवस्थाप्रति सरोकारवालाको मिश्रित प्रतिक्रिया रहेको पाइएको छ।

नेपाल राष्ट्र बैंकले हालै ल्याएको मौद्रिक नीतिले सो व्यवस्था गरेको हो। होटलहरूले ग्राहकलाई सटही सुविधा नदिए पनि बिल तिर्दा भने डलरमै तिर्न पाउने सुबिधा दिँदै आएको सन्दर्भमा यो नीति ल्याइएको हो। यो नीतिले अब होटलमा बसेका ग्राहकलाई थोरै डलर भएपनि बैंक वा मनी एक्सचेन्जमै गएर साट्नुपर्ने बाध्यता हटेको छ।

सो नीतिले होटललाई सेवा सम्पादनमा सहज हुने होटल सञ्चालकहरूले बताएका छन्। त्यस्तै मनि एक्सचेन्ज कम्पनी सञ्चालक भने नयाँ नीतिले आफ्नो व्यवसायमा प्रतिकूल असर पर्ने बताउँछन्।

होटल संघ नेपालका अध्यक्ष अमरेशमान शाक्यका अनुसार राष्ट्र बैंकले यो नयाँ नीतिले होटल व्यवसायीलाई थोरै भएपनि मिलेको छ। तर पर्यटकलाई यतिको सटहीले खासै ठूलो प्रभाब नराख्ने पनि उहाँको भनाइ रहेको छ। अध्यक्ष शाक्यले भन्नुभयो- 'रकमको आधारमा हेर्दा यो निकै थोरै देखिए पनि यो राम्रो शुरुआत हो।

यस्तै नेपाल मनिएक्चेन्ज कम्पनी संघका अध्यक्षय केशव बस्नेतले नयाँ मौद्रिक नीतिले आफ्नो व्यवसायलाई असर पर्ने बताउनुभयो। उहाँले केन्द्रीय बैंकले नयाँ नीति लिएर आएकोले अब सटहीको कार्यविधि कस्तो हुन्छ भन्नेमा आफूहरू पर्ख र हेरको स्थितिमा रहेको बताउनुभयो।

यता नेपाल राष्ट्र बैंकका प्रवक्ता नारायणप्रसाद पौडेले पर्यटकलाई व्यावहारिक सेवा सुविधा दिने हिसाबले सो नीति ल्याइएको बताउनुभयो। उहाँले भनुभयो- 'यो त्यति ठूलो रकम होइन। राष्ट्र बैंकले तोकेको कार्यविधि पुरा गरेर मुद्रा खरिद हुनेछ। त्यो रकम तोकिएको अवधिमा बैंकमा दाखिला गर्नुपर्ने हुन्छ।'

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ असार २९ जुलाई १३ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।०४ | १०३।६४ |
| युरो १ का रु. | ११७।४८ | ११८।१६ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३२।८८ | १३३।६५ |
| स्विस फ्रन्क १ का रु. | १०६।८९ | १०७।५१ |
| अस्ट्रेलियन डलर १ का रु. | ७८।३८ | ७८।८३ |
| क्यानाडियन डलर १ का रु. | ८०।०३ | ८०।४९ |
| सिङ्गापुर डलर १ का रु. | ७४।५६ | ७४।९९ |
| जापानी यन १० का रु. | ९।०५ | ९।१० |
| चिनियाँ युआन १ का रु. | १५।१४ | १५।२३ |
| साउदी अरब रियाल १ का रु. | २७।४८ | २७।६४ |
| कतारी रियाल १ का रु. | २८।३० | २८।४६ |
| थाई भाट १ का रु. | ३।०२ | ३।०४ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।०५ | २८।२२ |
| मलसियन रिङ्गिट १ का रु. | २३।९७ | २४।११ |
| दक्षिण कारियन वन १०० का रु. | ८।९३ | ८।९८ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।२३ |
| डनिस क्रानर १ का रु. | १५।८० |
| हङकङ डलर १ का रु. | १३।१९ |

नोट: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## शिघ्र सम्पर्क गर्नका लागि सूचना

यस उद्योग सँग कारोवार गर्नु भएका तल उल्लेखित नाम तथा ठेगानाका फर्महरुलाई बांकी बक्यौता रकम फर्स्योटका लागि निजहरुको सम्बन्धित घर ठेगानामा पटक पटक फोन तथा पत्राचार गर्दा पनि भेट नभई हाल सम्म हामीलाई सम्पर्क पनि गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तल उल्लेखित ठेगानामा सम्पर्क गरि फरक फारक हिसाब मिलान गरि चुक्ता गर्नुहुन सूचित गरिन्छ :

विवरण

| फर्मको नाम | मु.अ.क.नं. | ठेगाना | बक्यौता रकम |
|---|---|---|---|
| हामा ट्रेडर्स | 304583935 | नयाँ नैकाप, नयाँ नैकाप नगरपालिका | 545,700.62 |
| प्रिसिजन कन्स्ट्रक्सन प्रा. लि. | 601052253 | वाफल, काठमाण्डौ महानगरपालिका | 579,999.66 |
| आर. एण्ड सी. विल्डर्स | 302751985 | नयाँ बस्ती, गोकर्णेश्वर नगरपालिका | 186,900.71 |
| सुनकेशरी निर्माण सेवा प्रा. लि. | 304575668 | रामकोट, नागार्जुन नगरपालिका | 642,449.95 |
| तिन पिपले निर्माण सामग्री सप्लायर्स प्रा.लि. | 600799061 | लोकन्थली, मध्यपुर ठिमी नगरपालिका | 328,550.00 |
| नैकाप बालकुमारी हार्डवेयर | 304587760 | नयाँ नैकाप, नयाँ नैकाप नगरपालिका | 493,007.00 |
| डु. के. के. अन्नपूर्ण जे. भि. | 303633226 | बैरेनी, बैरेनी गाविस | 109,396.26 |
| जे. बि. ट्रेडर्स | 601547948 | ढोढरी, गाविस | 122,999.97 |
| श्री जयलक्ष्मी हार्डवेयर सेन्टर | 304913714 | स्वयम्भू, काठमाण्डौ महानगरपालिका | 106,400.14 |
| लक्की हार्डवेयर ट्रेडर्स | 300730115 | टोखारोड, टोखा नगरपालिका | 551,403.00 |
| विश्वास इन्टरप्राइजेज | 305266794 | इमाडोल, गाविस | 957,400.46 |
| न्यु जानकी हार्डवेयर | 304536849 | जनकपुर, जनकपुर उपमहानगरपालिका | 132,501.72 |

सम्पर्क ठेगाना : गोयनका सिमेन्ट प्रा. लि. नक्साल, काठमाडौं, फोन नं ४४१४८१२/४४१४८१४

## हुन्डाइको जोयफुल जुलाइ अफर

काठमाडौं, (नेस)

नेपालको हुन्डाइ गाडीको आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले हुन्डाइ जोयफुल जुलाइ अफर ल्याएको छ। अफरमार्फत ग्राहकले हुन्डाइ गाडीको खरिदमा आकर्षक छुट प्याकेजका साथै थप सुविधा प्राप्त गर्ने अवसर पाउने कम्पनीले बताएको छ।

[HYUNDAI JOYFUL JULY]

योजनाअन्तर्गत ग्राहकले हरेक हुन्डाइ गाडीको खरिदमा आकर्षक नगद छुट, नि:शुल्क इन्स्योरेन्स तथा २ वर्षको सडक कर र स्क्र्याच कुपनमार्फत १ लाख रुपियाँसम्मको थप नगद छुट प्राप्त गर्न सक्न बताइएको छ। साथै हरेक हुन्डाइ गाडीको खरिदमा ४ वर्षसम्म नि:शुल्क सर्भिस र ३ वर्षको वारेन्टी पनि प्राप्त गर्न सकिने कम्पनीको दाबी छ।

विशेष गरी चाडपर्वको समयमा मात्रै ग्राहकहरूलाई यस्तो आकर्षक योजना प्रदान गरिने नेपाली गाडी उद्योगमा, चाडपर्व अगावै नै सार्वजनिक गरिएको यो योजना नौलो रहेको कम्पनीको दावी छ।

## SHARE MARKET

12 JULY WEDNESDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 8794.00 | 440.00 | 432.00 | 432.00 | -3.00 |
| 2 | Api Power Company Ltd. | 1363.00 | 570.00 | 555.00 | 557.00 | -11.00 |
| 3 | Arun Finance Limited | 3130.00 | 213.00 | 195.00 | 213.00 | 19.00 |
| 4 | Arun Kabeli Power Ltd. | 3492.00 | 414.00 | 410.00 | 410.00 | -7.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 3725.00 | 285.00 | 276.00 | 278.00 | -3.00 |
| 6 | Asian Life Insurance Co. Limited | 1930.00 | 1470.00 | 1460.00 | 1460.00 | -10.00 |
| 7 | Bank of Kathmandu Ltd. | 9652.00 | 468.00 | 462.00 | 462.00 | 0.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 190.00 | 256.00 | 251.00 | 252.00 | -3.00 |
| 9 | Butwal Power Company Limited | 619.00 | 653.00 | 626.00 | 626.00 | -3.00 |
| 10 | Central Finance Co. Ltd. | 3331.00 | 193.00 | 188.00 | 190.00 | 0.00 |
| 11 | Century Commercial Bank Ltd. | 5330.00 | 295.00 | 290.00 | 293.00 | 0.00 |
| 12 | Chhimek Laghubitta Bikas Bank Limited | 3549.00 | 1541.00 | 1516.00 | 1536.00 | 0.00 |
| 13 | Chilime Hydropower Company Limited | 15624.00 | 801.00 | 793.00 | 793.00 | -4.00 |
| 14 | Citizen Bank International Limited | 10786.00 | 404.00 | 392.00 | 404.00 | 4.00 |
| 15 | Citizen Investment Trust | 4740.00 | 4098.00 | 3900.00 | 3927.00 | -172.00 |
| 16 | Civil Bank Ltd | 17112.00 | 245.00 | 240.00 | 244.00 | 3.00 |
| 17 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 510.00 | 1315.00 | 1286.00 | 1315.00 | 10.00 |
| 18 | Deprosc Development Bank Limited | 2471.00 | 1310.00 | 1290.00 | 1300.00 | 1.00 |
| 19 | Deva Bikas Bank Limited | 22376.00 | 269.00 | 262.00 | 262.00 | -6.00 |
| 20 | Dibyashwori Hydropower Ltd. | 235.00 | 210.00 | 204.00 | 207.00 | -1.00 |
| 21 | Everest Bank Limited | 5915.00 | 1360.00 | 1350.00 | 1358.00 | 2.00 |
| 22 | Everest Insurance Co. Ltd. | 6345.00 | 2530.00 | 2486.00 | 2500.00 | 7.00 |
| 23 | Excel Development Bank Ltd. | 1869.00 | 630.00 | 617.00 | 620.00 | -2.00 |
| 24 | First Micro Finance Dev. Bank Ltd. | 12907.00 | 1033.00 | 1000.00 | 1015.00 | -16.00 |
| 25 | Forward Com. Mic. Bittiya San. Ltd. | 3230.00 | 3128.00 | 2900.00 | 3128.00 | 284.00 |
| 26 | Garima Bikas Bank Limited | 13166.00 | 299.00 | 290.00 | 298.00 | 1.00 |
| 27 | Global IME Bank Limited | 9254.00 | 392.00 | 380.00 | 389.00 | 4.00 |
| 28 | Goodwill Finance Co. Ltd. | 1446.00 | 209.00 | 206.00 | 206.00 | 1.00 |
| 29 | Green Development Bank Ltd. | 610.00 | 649.00 | 620.00 | 640.00 | 15.00 |
| 30 | Guheshowori Mer.Bank & Fin. Co. Ltd. | 15541.00 | 270.00 | 265.00 | 265.00 | -3.00 |
| 31 | Gurans Life Insurance Company Ltd. | 810.00 | 1045.00 | 1030.00 | 1042.00 | -1.00 |
| 32 | Gurkhas Finance Ltd. | 1523.00 | 187.00 | 184.00 | 184.00 | -2.00 |
| 33 | Hamro Bikas Bank Ltd. | 50.00 | 231.00 | 231.00 | 231.00 | -4.00 |
| 34 | Himalayan Bank Limited | 998.00 | 904.00 | 895.00 | 904.00 | 4.00 |
| 35 | Himalayan General Insurance Co. Ltd | 5354.00 | 778.00 | 750.00 | 756.00 | -9.00 |
| 36 | ICFC Finance Limited | 2905.00 | 295.00 | 285.00 | 295.00 | 9.00 |
| 37 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 8745.00 | 195.00 | 191.00 | 193.00 | -4.00 |
| 38 | Janaki Finance Ltd. | 500.00 | 266.00 | 266.00 | 266.00 | 5.00 |
| 39 | Janata Bank Nepal Ltd. | 68663.00 | 286.00 | 278.00 | 284.00 | 9.00 |
| 40 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 100.00 | 3085.00 | 3065.00 | 3085.00 | -36.00 |
| 41 | Jebils Finance Ltd. | 322.00 | 259.00 | 247.00 | 259.00 | 16.00 |
| 42 | Jyoti Bikas Bank Limited | 7484.00 | 212.00 | 206.00 | 210.00 | 6.00 |
| 43 | Kabeli Bikas Bank Limited | 517.00 | 535.00 | 525.00 | 530.00 | -15.00 |
| 44 | Kailash Bikas Bank Ltd. | 4407.00 | 332.00 | 330.00 | 332.00 | 2.00 |
| 45 | Kalika Microcredit Development Bank Ltd. | 400.00 | 1740.00 | 1730.00 | 1740.00 | 25.00 |
| 46 | Kanchan Development Bank Limited | 200.00 | 277.00 | 277.00 | 277.00 | -5.00 |
| 47 | Kankai Bikas Bank Ltd. | 1325.00 | 236.00 | 229.00 | 236.00 | 5.00 |
| 48 | Karnali Development Bank Limited | 2983.00 | 316.00 | 293.00 | 316.00 | 28.00 |
| 49 | Khanikhola Hydropower Co. Ltd. | 1446.00 | 208.00 | 203.00 | 208.00 | 0.00 |
| 50 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 101.00 | 2773.00 | 2773.00 | 2773.00 | -56.00 |
| 51 | Kuber Merchant Finance Limited | 60.00 | 125.00 | 116.00 | 125.00 | 11.00 |
| 52 | Kumari Bank Limited | 19565.00 | 331.00 | 325.00 | 327.00 | -1.00 |
| 53 | Lalitpur Finance Ltd. | 3988.00 | 187.00 | 178.00 | 178.00 | -3.00 |
| 54 | Laxmi Bank Limited | 6524.00 | 394.00 | 387.00 | 388.00 | -2.00 |
| 55 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 78.00 | 1890.00 | 1880.00 | 1880.00 | 0.00 |
| 56 | Laxmi Value Fund-1 | 73000.00 | 12.40 | 12.20 | 12.25 | 0.01 |
| 57 | Life Insurance Co. Nepal | 272.00 | 2140.00 | 2100.00 | 2140.00 | 20.00 |
| 58 | Lumbini General Insurance Co. Ltd. | 1126.00 | 948.00 | 930.00 | 940.00 | 5.00 |
| 59 | Machhapuchhre Bank Limited | 10644.00 | 365.00 | 353.00 | 359.00 | -1.00 |
| 60 | Mahila Sah. Mic. Bittiya Sanstha Ltd. | 133.00 | 1200.00 | 1176.00 | 1176.00 | -23.00 |
| 61 | Manjushree Finance Ltd. | 12641.00 | 164.00 | 155.00 | 160.00 | 1.00 |
| 62 | Mero Microfinance Bittiya Sanstha Ltd. | 689.00 | 2245.00 | 2210.00 | 2224.00 | 11.00 |
| 63 | Mirmire Microfinance Dev. Bank Ltd. | 316.00 | 2325.00 | 2201.00 | 2201.00 | -81.00 |
| 64 | Miteri Development Bank Limited | 770.00 | 530.00 | 524.00 | 530.00 | 6.00 |
| 65 | Mithila LaghuBitta Bikas Bank Ltd. | 10.00 | 1364.00 | 1364.00 | 1364.00 | -27.00 |
| 66 | Muktinath Bikas Bank Ltd. | 8082.00 | 985.00 | 966.00 | 971.00 | 4.00 |
| 67 | Muktinath Bikas Bank Ltd. Pro. Share | 77200.00 | 481.00 | 481.00 | 481.00 | -9.00 |
| 68 | Nabil Balance Fund 1 | 44522.00 | 19.75 | 19.49 | 19.49 | 0.04 |
| 69 | Nabil Bank Limited | 2244.00 | 1520.00 | 1510.00 | 1519.00 | 13.00 |
| 70 | NABIL Bank Limited Promotor Share | 7263.00 | 1125.00 | 1112.00 | 1114.00 | -10.00 |
| 71 | Nabil Equity Fund | 68571.00 | 10.00 | 9.86 | 9.95 | 0.15 |
| 72 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 352.00 | 3160.00 | 3137.00 | 3150.00 | 0.00 |
| 73 | National Hydro Power Co. Limited | 33983.00 | 142.00 | 128.00 | 130.00 | -5.00 |
| 74 | National Life Insurance Co. Ltd. | 7792.00 | 2346.00 | 2275.00 | 2295.00 | -5.00 |
| 75 | National Microfinance Bittiya Sanstha Ltd. | 30.00 | 1571.00 | 1541.00 | 1571.00 | 60.00 |
| 76 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 310.00 | 2395.00 | 2360.00 | 2395.00 | 46.00 |
| 77 | NB Insurance Co. Ltd. | 986.00 | 1009.00 | 990.00 | 990.00 | 0.00 |
| 78 | Neco Insurance Co. Ltd. | 4563.00 | 999.00 | 980.00 | 990.00 | 3.00 |
| 79 | Nepal Bangladesh Bank Limited | 14766.00 | 412.00 | 400.00 | 412.00 | 4.00 |
| 80 | Nepal Bank Limited | 7790.00 | 364.00 | 359.00 | 363.00 | 3.00 |
| 81 | Nepal Community Dev. Bank Ltd. | 1652.00 | 318.00 | 307.00 | 307.00 | 2.00 |
| 82 | Nepal Credit And Com. Bank Limited | 63459.00 | 405.00 | 385.00 | 388.00 | -10.00 |
| 83 | Nepal Doorsanchar Comapany Limited | 1830.00 | 664.00 | 661.00 | 664.00 | 2.00 |
| 84 | Nepal Grameen Bikas Bank Ltd. | 244.00 | 785.00 | 768.00 | 768.00 | 15.00 |
| 85 | Nepal Insurance Co. Ltd. | 1950.00 | 1415.00 | 1390.00 | 1400.00 | -10.00 |
| 86 | Nepal Investment Bank Limited | 13583.00 | 774.00 | 764.00 | 771.00 | 5.00 |
| 87 | Nepal Investment Bank Ltd. Pro. Share | 8851.00 | 680.00 | 669.00 | 670.00 | 0.00 |
| 88 | Nepal Life Insurance Co. Ltd. | 12770.00 | 2176.00 | 2140.00 | 2164.00 | 4.00 |
| 89 | Nepal SBI Bank Limited | 2885.00 | 935.00 | 920.00 | 920.00 | 0.00 |
| 90 | Nerude Laghubita Bikas Bank Limited | 2440.00 | 1310.00 | 1280.00 | 1288.00 | -22.00 |
| 91 | Ngadi Group Power Ltd. | 380.00 | 267.00 | 260.00 | 263.00 | -2.00 |
| 92 | NIBL Pragati Fund | 9686.00 | 10.13 | 9.80 | 10.13 | 0.30 |
| 93 | NIBL Samriddhi Fund 1 | 74556.00 | 11.92 | 11.85 | 11.85 | -0.07 |
| 94 | NIC Asia Bank Ltd. | 8340.00 | 452.00 | 445.00 | 450.00 | 4.00 |
| 95 | Nirdhan Utthan Bank Limited | 848.00 | 2000.00 | 1951.00 | 1985.00 | -10.00 |
| 96 | NLG Insurance Company Ltd. | 1177.00 | 1486.00 | 1470.00 | 1470.00 | -5.00 |
| 97 | NMB Microfinance Bittiya Sanstha Ltd. | 875.00 | 2856.00 | 2793.00 | 2810.00 | 10.00 |
| 98 | NMB Bank Limited | 5741.00 | 552.00 | 546.00 | 550.00 | -2.00 |
| 99 | NMB Bank Limited Promoter Share | 35678.00 | 265.00 | 265.00 | 265.00 | 0.00 |
| 100 | NMB Hybrid Fund L-1 | 17069.00 | 9.95 | 9.90 | 9.95 | -0.05 |
| 101 | NMB Sulav Investment Fund-1 | 381890.00 | 12.60 | 12.42 | 12.60 | 0.05 |
| 102 | Oriental Hotels Limited | 382.00 | 680.00 | 670.00 | 670.00 | -7.00 |
| 103 | Pokhara Finance Ltd. | 200.00 | 251.00 | 250.00 | 251.00 | 5.00 |
| 104 | Prabhu Bank Limited | 45685.00 | 411.00 | 404.00 | 410.00 | 3.00 |
| 105 | Prabhu Bank Limited Promoter Share | 43713.00 | 190.00 | 190.00 | 190.00 | 0.00 |
| 106 | Prabhu Insurance Ltd. | 7018.00 | 1035.00 | 1001.00 | 1016.00 | 1.00 |
| 107 | Premier Insurance Co. Ltd. | 570.00 | 1700.00 | 1670.00 | 1700.00 | 0.00 |
| 108 | Prime Commercial Bank Ltd. | 12014.00 | 426.00 | 419.00 | 425.00 | 7.00 |
| 109 | Prime Life Insurance Company Limited | 2745.00 | 2583.00 | 2525.00 | 2557.00 | -8.00 |
| 110 | ProgressiveFinance Limited | 10.00 | 196.00 | 196.00 | 196.00 | -2.00 |
| 111 | Prudential Insurance Co. Ltd. | 340.00 | 1420.00 | 1391.00 | 1420.00 | 16.00 |
| 112 | Purnima Bikas Bank Ltd. | 250.00 | 312.00 | 312.00 | 312.00 | 6.00 |
| 113 | Rastriya Beema Company Limited | 124.00 | 13490.00 | 13450.00 | 13490.00 | 230.00 |
| 114 | Rastriya Beema Company Ltd Pro. Share | 110.00 | 12000.00 | 11845.00 | 12000.00 | 387.00 |
| 115 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 137.00 | 1938.00 | 1899.00 | 1900.00 | 0.00 |
| 116 | Reliance Finance Ltd. | 437.00 | 220.00 | 220.00 | 220.00 | 1.00 |
| 117 | Ridi Hydropower Dev. Company Ltd. | 91394.00 | 208.00 | 195.00 | 207.00 | 7.00 |
| 118 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 993.00 | 2980.00 | 2950.00 | 2975.00 | -5.00 |
| 119 | Rural Microfinance Dev. Centre Ltd. | 6201.00 | 783.00 | 758.00 | 782.00 | 4.00 |
| 120 | Sagarmatha Insurance Co. Ltd. | 1377.00 | 1455.00 | 1417.00 | 1455.00 | 27.00 |
| 121 | Sahayogi Bikas Bank Limited | 1154.00 | 365.00 | 360.00 | 360.00 | 6.00 |
| 122 | Sana Kisan Bikas Bank Ltd | 1516.00 | 1528.00 | 1500.00 | 1519.00 | -1.00 |
| 123 | Sanima Bank Limited | 42722.00 | 438.00 | 432.00 | 432.00 | -3.00 |
| 124 | Sanima Mai Hydropower Ltd. | 10162.00 | 1195.00 | 1161.00 | 1179.00 | 7.00 |
| 125 | Saptakoshi Development Bank Ltd. | 263.00 | 200.00 | 197.00 | 200.00 | 0.00 |
| 126 | Shangrila Development Bank Ltd. | 4969.00 | 400.00 | 390.00 | 400.00 | 6.00 |
| 127 | Shikhar Insurance Co. Ltd. | 1672.00 | 1975.00 | 1940.00 | 1955.00 | -12.00 |
| 128 | Shine Resunga Development Bank Ltd. | 310.00 | 422.00 | 418.00 | 422.00 | 4.00 |
| 129 | Shree Investment Finance Co. Ltd. | 3038.00 | 400.00 | 391.00 | 391.00 | 3.00 |
| 130 | Shrijana Finance (Bittaya Sanstha) | 510.00 | 441.00 | 433.00 | 433.00 | -8.00 |
| 131 | Siddhartha Bank Limited | 7093.00 | 492.00 | 480.00 | 485.00 | -5.00 |
| 132 | Siddhartha Equity Orineted Scheme | 5200.00 | 12.00 | 11.81 | 11.81 | -0.12 |
| 133 | Siddhartha Insurance Ltd. | 954.00 | 1500.00 | 1480.00 | 1491.00 | -9.00 |
| 134 | Siddhartha Investment Gro. Scheme-1 | 12400.00 | 23.25 | 22.74 | 22.74 | -0.51 |
| 135 | Sindhu Bikash Bank Ltd | 993.00 | 371.00 | 364.00 | 366.00 | 2.00 |
| 136 | Soaltee Hotel Limited | 209173.00 | 366.00 | 357.00 | 366.00 | -1.00 |
| 137 | Standard Chartered Bank Limited | 8054.00 | 2305.00 | 2265.00 | 2304.00 | 4.00 |
| 138 | Summit Micro Finance Dev. Bank Ltd. | 10.00 | 3100.00 | 3100.00 | 3100.00 | 26.00 |
| 139 | Sunrise Bank Limited | 8163.00 | 399.00 | 392.00 | 397.00 | -3.00 |
| 140 | Surya Life Insurance Company Limited | 12480.00 | 1122.00 | 1055.00 | 1122.00 | 27.00 |
| 141 | Swabalamban Bikas Bank Limited | 788.00 | 1820.00 | 1806.00 | 1820.00 | 20.00 |
| 142 | Swarojgar Laghu Bitta Bikas Bank Ltd. | 2330.00 | 1785.00 | 1740.00 | 1740.00 | 18.00 |

Total Amount Rs. 640,244,988 Total Quantity 1,914,659 Total No of Transactions5,448

भारत सरकारले अगस्ट १ तारिखबाट जीएसटी समावेश नभएका माल सामान नेपाल भित्रिन नदिन सबै छिमेकी देशका भन्सार कार्यालयले आग्रह गरेको छ।




# पुरानो बिल प्रयोगमा छुट

काठमाडौं, (नेस)

भारतमा कार्यान्वयनमा ल्याइएको नयाँ तथा एकीकृत कर प्रणालीका कारण नेपाल प्रवेश गर्ने नाकामा उत्पन्न भएको तनाव हटेको छ।

भारत सरकारले अगस्ट महिनासम्म पुरानो बिल प्रयोगमा छुट दिएको छ। आयातकर्ताले पुरानै बिल प्रयोग गर्दा पनि नेपाली भन्सार कार्यालयमा कुनै अवरोध नभएको पाइएको छ। सबै प्रकारका बिलबाट राजश्व उठाउने गरिएकोले नेपाल भित्रिने मालसामान तथा ट्रक कन्टेनरले प्रक्रियागत झन्झट खेप्नु परेको छैन।

नयाँ बिलकै कारण भन्सार कार्यालयले कुनै अवरोध सिर्जना नगरेको वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी सन्तोष यादवले बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै यादवले भन्नुभयो- 'भारतीय पक्षले दुबै खाले बिल प्रयोगको समय बढाएपछि भन्सार कार्यालयले पुरानै बिलका आधारमा राजश्व उठाउने गरेको छ।'

भारत सरकारले अगस्ट १ तारिखबाट जीएसटी समावेश नभएका माल सामान नेपाल भित्रिन नदिन सबै छिमेकी देशका भन्सार कार्यालयले आग्रह गरेको छ। भारत सरकारले अगस्ट १ सम्म पुरानो बिल प्रयोगमा छुट दिएकाले हाल आयातकर्ताले पुरानै बिल प्रयोग गरी नेपाली भन्सार कार्यालयमा राजश्व तिर्न पाएका हुन्। 'सो अवधिसम्म कुनै अवरोध आउँदैन तर त्यसपछि भने भन्सार कार्यालयले जीएटी समावेश नगरिएका माल सामान नेपाल भित्रिन पाउने छैनन्।'

हाल भारतबाट वीरगन्ज भन्सार हुँदै नेपाल भित्रिने क्रममा आयतकर्ताले जीएसटी भएको र नभएको दुबै प्रकारका रसिद आउने गरेका छन्। सुचना अधिकारी यादवका अनुसार जीएसटी कार्यान्वयनले राजश्व संकलनमा कुनै समस्या आएको छैन। उहाँले भन्नुभयो- 'अहिलेसम्म राजश्व संकलन नियमित नै छ। यसमा उल्लेखनीय रूपमा गिरावट आएको छैन।'

यसैबीच निजी क्षेत्रले अहिले भन्सार बिन्दुमा समस्या नआएको बताएका छन्। जिएसटीका कारण नेपाली व्यापारीलाई भारतमा मात्र समस्या रहेकाले सरकारलाई यो समस्या चाँडै हल गर्न पहल गर्नसमेत आग्रह गरेका छन्।

# भ्यु टावरको सम्झौता रद्द गर्ने तयारीमा

**नेपाल समाचारपत्र**

काठमाडौं

सम्झौता भएको एक वर्ष बितिसक्दासम्म काम अघि नबढाएको भन्दै काठमाडौं महानगरपालिकाले काठमाडौं भ्यू टावर निर्माता कम्पनीसँगको बोलपत्र रद्द गर्ने भएको छ।

काठमाडौं महानगरपालिकाले काठमाडौं भ्यू टावर निर्माता कम्पनी जलेश्वर विकोइ स्वच्छन्दले सम्झौता भएको एकवर्ष पूरा भइसक्दा पनि लक्ष्यअनुसारको प्रगति नगरेको र के भइरहेको छ भनी प्रगति विवरणसमेत नदेखाएपछि ठेक्का रद्द गर्न लागिएका हो।

दुई महिनाअघि हालसम्म गरेको कामको प्रगति विवरणसहित कामनपाले विवरण बुझाउन आग्रह गरे पनि ठेकेदार कम्पनीले अहिलेसम्म विवरण पेश नगरेकाले ठेक्का रद्द गर्ने तयारी गरेको महानगरपालिकाका प्रवक्ता ज्ञानेन्द्र कार्कीले जानकारी दिनुभयो।

अनुमानित लागत साढे तीन अर्ब लाग्ने भन्दै पछिल्लो समयमा भएको सम्झौताअनुरूप कम्पनीले बनाउन लागेको १२ तले काठमाडौं भ्यू टावरको निर्माण सुरु गरेको १८ महिनामा सक्नुपर्ने थियो। टावर निर्माणका लागि दुई पक्षबीच अघिल्लो फागुन २२ गते अन्तिम हस्ताक्षर भएको थियो।

'काम गर्छु भनेर सम्झौता भएको एक वर्ष बितिसक्दासम्म एक प्रतिशत पनि काम भएको छैन, यसरी बस्न सकिँदैन, समयमा काम गर्ने संस्था खोज्नुपर्छ। कम्पनीलाई हालसम्म गरेको कामको क्षतिपूर्ति दिएर ठेक्का रद्द गरिनेछ', कार्कीले भन्नुभयो।

लामो समयदेखि निर्माण कार्य रोकिएको भन्दै महानगरपालिकाले हरि कुँवरको नेतृत्वमा प्रगति विवरण बुझाउन गत महिना ठेकेदार कम्पनीलाई पत्राचार गरेको थियो। कम्पनीलाई कामको अवस्था, लाग्ने समयबारे विवरण बुझाउन पत्राचार गरेको थियो। हालसम्म न प्रगति विवरण न ठेकेदारले सम्पर्क गर्न नै आएको छ। बारम्बार जानकारी गराउँदा पनि कम्पनीले निर्माण कार्यलाई निरन्तरता नदिएको महानगरपालिकाको आरोप छ।

सार्वजनिक खरिद ऐनले गर्दा कम्पनीसँग सिधै ठेक्का रद्द गर्न मिल्दैन, सम्झौता भएको हुनाले रद्द गर्ने समयमा पनि कम्पनीसँग प्रक्रिया पुऱ्याएर मात्र ठेक्का रद्द गर्नुपर्ने भएकाले केही समय लाग्नेछ। ठेकेदार कम्पनीले केही समयअघि नै केही राजश्वसमेत तिरिसकेको छ।

कामनपाले यसअघि पनि नियमित काम गर्नका लागि चेतावनी दिएको थियो। महानगर र निर्माण कम्पनीबीच दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने सम्झौता भएको थियो। तर हालसम्म एक प्रतिशत पनि प्रगति नभएको कार्कीले जानकारी दिनुभयो।

विसं २०७२ को शुरूदेखि टावरको निर्माण प्रारम्भ हुने भनिए पनि भूकम्पका कारण काम रोकिएको थियो। पहिले २५ तले बनाउने सम्झौता भएकोमा भूकम्पपछि टावर १२ तलाको बनाउने निर्णय गरिएको थियो। त्यसपछि नाकाबन्दीले गर्दा काम शुरू हुन सकेको थिएन।

# अब मोबाइलबाटै सुगर जाँच्न सकिने

**नेपाल समाचारपत्र**

काठमाडौं

ओटो फोन्सले मानिसको शरीरमा भएको सुगरको मात्रा पत्ता लगाउने मोबाइल बजारमा ल्याएको छ। बायोल्यान्ड टेक्नोलोजीबाट सहनिर्माण गरिएको सो फोनको नाम ओटो चेकर रहेको छ। नयाँ फोन ओटो फोन्सका लागि आधिकारिक बिक्रेता जयमा इन्टरकन्टिनेन्टल प्रालिले नेपाली बजारमा भित्र्याएको हो।




ओटो चेकर ओटो फोनमा रहेको विशेष डिजाइनमा बनेको ग्लुको मिटरले शरीरमा रहेको ग्लुकोजको मात्रा पत्ता लगाउन मद्दत गर्ने बताइएको छ। चेकरको यो काम अमेरिकाको खाद्य तथा औषधि संघद्वारा प्रमाणित गरिएको छ।

चेकरमा ल्यान्सिङ यन्त्र, ल्यान्सेन्ट, ग्लुकोज टेस्ट स्ट्राइप तथा प्रयोग गर्ने विधिको बारेमा जानकारी दिइएको छ। त्यस्तै फोनमा रहेको पेडोमिटरले पैदल यात्रा गर्दा कति दूरी कति पाइलामा पार गऱ्यो भन्ने जानकारी गराउन मद्दत गर्ने कम्पनीले जनाएको छ।

फेसबुक चलाउने उपभोक्तालाई लक्षित गरी डेडिकेटेड फेसबुक एपलिकेसन सुविधा रहेको मोबाइलमा रेडियो र संगीतका निम्ति थप डेडिकेटेड के-पाओर एम्प्लिफायर चिपसेट समेत रहेको छ। ओटो फोन तीन विभिन्न रङमा उपलब्ध छ भने यसको तौल जम्मा ११९ ग्राम रहेको कम्पनीले बताएको छ। यस मोबाइलको मूल्य ३ हजार ४ सय ९६ रुपियाँ रहेको बताइएको छ।

# टुबोर्ग क्लासिक विथ स्कच माल्टस् इटहरीमा




काठमाडौं, (नेस)

गोर्खा ब्रुअरीले प्रिमियम स्ट्रोङ बियर इटहरीको बजारमा भित्र्याएको छ।

उपभोक्ताको बदलिँदो चाहनालाई मध्यनजर गर्दै कम्पनीले टुबोर्ग क्लासिक विथ स्कच माल्टस् इटहरी बजारमा भित्र्याएको हो। मंगलबार कम्पनीका साझेदार, बितरक, विक्रेता तथा मिडिया प्रतिनिधि सहभागी एक विशेष कार्यक्रममाझ गोर्खा ब्रुअरीले सो बियर सार्वजनिक गरेको हो।

गोर्खा ब्रुअरीले नेपाली बजारमा ल्याएको टुबोर्ग बियर नेपालमा भित्रने पहिलो अन्तर्राष्ट्रिय ब्रान्ड हो। सन् १८८० देखि नै विश्व बजारमा छाएको टुबोर्ग सन् १९९० मा नेपाल भित्रिएको थियो।

यो इनोभेसनले बजार नेतृत्वलाई थप बढावा र निरन्तरता दिनेमा कम्पनी आशावादी रहेको गोर्खा ब्रुअरीका प्रबन्ध निर्देशक अरूण अधिकारीले बताउनुभयो। कार्यक्रममा बोल्दै उहाँले भन्नुभयो- 'हाम्रो उद्देश्य उपभोक्तालाई विश्वस्तरको स्वाद छनौट गर्ने अवसर प्रदान गर्नु हो। त्यसैले हामीले सबै सहकर्मीसँग सहकार्य गरी एक विशेष रेसिपि तयार पारेका हौं। यसले नेपाली उपभोक्तामाझ विशेष तथा उत्कृष्ट स्वाद छनौट गर्न मद्दत गर्दछ।'

'स्ट्रोङ्गर एन्ड स्मुदर' ट्यागलाईनलाई सार्थक पार्दै टुबोर्ग क्लासिकमा रहेको स्कच माल्टस् र उत्कृष्ट हप्स्ले बियरका पारखीहरूलाई ताजा र भिन्न पिउने अनुभव प्रदान गर्ने कम्पनीको दाबी छ। ६ दशमलब ५ प्रतिशत अल्कोहलको मात्रा रहेको यस बियरको ६ सय ५० मिलि बोतलको बजार मूल्य ३ सय १० रुपियाँ तोकिएको कम्पनीले जनाएको छ।

## यस संस्थाको गैर वित्तीय अचल सम्पत्ति लिलाम बिक्रि सम्बन्धि गोप्य बोलपत्र (शिल्ड टेण्डर) आह्वान

(नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा तेस्रो पटक सूचना प्रकाशित मिति २०७४/३/२९ गते बिहीबार)

यस संस्थाको नाममा दर्ता कायम रहेका तपशिलमा उल्लेखित अचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बढाबढ मुल्यमा बिक्री गर्न आवश्यक भएको हुनाले उक्त जग्गा खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले (१५) पन्ध्र दिन भित्र कार्यालय समय भित्र यस संस्थाको केन्द्रिय कार्यालयमा आईपुग्ने गरी के कति दररेटमा उक्त जग्गा लिन कबुल गरेको हो सो खुलाई शर्त बन्देजहरुको अधिनमा रही सो सम्बन्धि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन इच्छुक सबैमा पुन आह्वान गरिन्छ। उक्त अबधि भित्र पर्न आएका बोलपत्रहरु बोलपत्रदाता वा बोलपत्रदाताको आधिकारिक प्रतिनीधिहरुको रोहवरमा देहायको मिति, समय र स्थानमा खोलिने छ।

**तपशिल**

**सम्पतिको विवरण :**

यस संस्थाको नामको मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौं मा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं १० स्थित कि. नं. १९२ को क्षेत्रफल क्रमस : ०-५-०-० घर जग्गा तथा सम्पुर्ण लिगलिगापात समेत।

**टेण्डर खोलिने मिति :**

टेण्डर खोलिने मिति: २०७४/४/१३ गते समय: ४:०० बजे

स्थान: केन्द्रीय कार्यालय जावलाखेल, ललितपुर

**शर्त बन्देजहरू:**

१. बोलपत्र आवेदन फारम यस संस्थाका कार्यालयहरुबाट रु. ३००।- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफुले बोलकबुल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जे जस्तो अवस्था, स्थिति र परिणाममा छ सोही अवस्था, स्थिति र परिमाणका लागि मात्र बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्र साथ आफूले कबुल गरेको रकमको कम्तीमा १० प्रतिशत रकम संस्थामा जम्मा गरेको रसिदको प्रतिलिपि पेश गर्नु पर्ने छ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फर्म, कम्पनी वा संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।
७. माथि उल्लेखित अचल सम्पत्ति निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र यस संस्थामा सम्पर्क राखि जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिनेछ।
८. बोलपत्र स्वीकृती भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी दिनु लिनु छ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत हुनेछ।
९. स्वीकृती भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रशन दस्तुर, कर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै बेहोर्नु पर्ने छ।
१०. बोलपत्र दाखिल भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङगो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन। अस्वीकृत धरौटी रकमको ब्याज दिईने छैन।
११. कुनै शर्त राखि पेश गरिएको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा नै सुरक्षीत हुनेछ।

**कल्याण उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**
**KALYAN UPAKAR SAVING & CREDIT CO-OPERATIVE LTD.**
**केन्द्रीय कार्यालय:** जावलाखेल-१३, ललितपुर, फोन : ५५५५६४६, ५५५५९१५, फ्याक्स नं.५५५४०००
**सेवा केन्द्रहरु :** » गोंगबु-२९ काठमाडौं » नयाँ बानेश्वर-३४ काठमाडौं » कमलविनायक -४ भक्तपुर
साविक कल्याण से.ए.क्रे.को-अप.लि., ललितपुर र उपकार से.ए.क्रे. को-अप. लि., काठमाडौं एकिकरण भएको संस्था




आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आएनि आफैं बाँडीचुँडी खानी।
मेलम्ची र सडक विस्तारलाई बहाना बनाई खाल्डैखाल्डो भयो शहर
धुलो र धूवाँ, खाल्डो र हिलो देशकै रोग भयो जनताको कहर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने जो नै आए नि सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो रोएजस्तो कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुट्यो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ कति सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् भयो जनता झुक्याउने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
फेरि नि अहिले देऊ प्रधानमन्त्री मलाई अर्कोपालि तिम्रै भो कुर्सी
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति।
देश विकास भन्दाभन्दै आमा भइन् बूढी
सत्ताको बाँडफाँडले सधैं उही लुछाचुँडी।
स्थानीय तह निर्वाचन कसैलाई मस्ती नै मस्ती
भाग नपाउनेलाई बहाना भो फेरि खेल्न कुस्ती।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको सधैं यही धोको।
व्यंग्य लेखक, कार्टुनिस्ट टुप्पी कसी बस
जनतामारा फटाहालाई जति सक्छौ घोच।
छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्य चित्र
यही साउन एक म्याद यसको पठाऊँ यहीभित्र।
हरेक साल उत्कृष्ट छ परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

**कामना न्यूज पब्लिकेसन्स्**
**कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं**
**पो. ब. नं. २०४५**
**ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com**




# क्वेरीसँग मुरे स्तब्ध

लन्डन, (एजेन्सी)

लन्डनमा जारी विम्बल्डन टेनिस प्रतियोगिताअन्तर्गत मेन्स सिंगल्सतर्फ अमेरिकाका साम क्वेरीले विश्व नम्बर एक एन्डी मुरेलाई स्तब्ध तुल्याएका छन्।

बुधबार सेन्टर कोर्टमा भएको क्वाटरफाइनल खेलमा क्वेरीले पाँच सेटको संघर्षमा मुरेलाई पराजित गरेर अन्तिम चारमा स्थान समेत बनाए। क्वेरीले पहिलो सेट हारे पनि दोस्रो सेट जिते भने तेस्रो सेट टाइब्रेकमा गुमाए। तर २-१ सेटले अग्रता लिए पनि मुरेले घरेलु दर्शकका अगाडि बाँकी दुई सेट सहजै गुमाएर विम्बल्डनको क्वाटरफाइनलबाटै बाहिरिनुपर्‍यो। सो खेल क्वेरीले ३-६, ६-४, ६-७, ६-१, ६-१ को सेटले जितेका थिए।

क्वेरी ८ वर्षपछि विम्बल्डनको सेमिफाइनलमा पुग्ने पहिलो पुरुष अमेरिकी खेलाडी बनेका छन्। यसअघि सन् २००९ विम्बल्डन सेमिफाइनलमा एन्डी रोडिक पुगेका थिए। २४औं वरियताका क्वेरीसँग हारेपछि मुरेले विश्व नम्बर एक स्थान पनि गुमाउने भएका छन्। सर्बियाका नोभाक जोकोभिच सेमिफाइनलमा पुगेमा विश्व नम्बर एकमा पुन उक्लिने संभावना बनेको छ।



जितको खुशीमा साम क्वेरी।

## टाइम्स क्वाटरफाइनलमा

काठमाडौं, (नेस)

टाइम्स इन्टरनेसनल कलेज प्रथम यु-१८ एन्जल्स हर्ट कप बास्केटबल प्रतियोगिताको ब्वाइजतर्फ बुधबार क्वाटरफाइनलमा प्रवेश गरेको छ।

एन्जल्स हर्ट मावि र एन्जल्स हर्ट इन्टरनेसनल कलेजद्वारा संयुक्त आयोजित प्रतियोगितामा टाइम्सले आयोजक एन्जल्स हर्टलाई ५६-३३ ले पराजित गर्दै क्वाटरफाइनल पुग्ने पहिलो टोली बन्यो। टाइम्सका आकाश मगरले १८ अंक जोडे।

ब्वाइजको अन्य लिग खेलमा जुविलियन्ट, सीसीआरसी र जेभियर इन्टरनेसनल कलेजले जित हात पारे। जुविलियन्टले ज्ञान निकेतनलाई ६७-४८ ले हरायो। विजेताका प्रवीण राईले २५ अंक जोडे भने ज्ञान निकेतनका संकट भूमिले २६ स्कोर गरे।

त्यस्तै सीसीआरसीले ह्वाइटहाउसलाई ६३-४४ ले पाखा लगायो। सीसीआरसीको जितमा आशिष बस्नेतले १७ अंक योगदान गरे। मोर्गन विरुद्धको खेलमा जेभियर इन्टरनेसनल ५१-४२ ले विजयी भयो। जेभियरका अमृत कोइरालाले १७ स्कोर गरे। गर्ल्सको राउन्ड रोविन लिगमा नासाले जेभियरमाथि २४-१५ को जित निकाल्यो। नासाकी साधना घिसिङले १९ अंक जोडिन्।

## ४४ वर्षीय भण्डारी लड्दै

काठमाडौं, (नेस)

तेक्वान्दोका ४४ वर्षीय प्रेम भण्डारीले दक्षिण कोरियामा हुने ११औं वर्ल्ड तेक्वान्दो कल्चरल एक्स्पोमा फाइटतर्फ प्रतिस्पर्धा गर्ने भएका छन्। दक्षिण कोरियाको मुजु शहरमा जुलाई १३-१५ सम्म हुने फाइटतर्फको ८० केजीमुनि तौलसमुहमा प्रतिस्पर्धा गर्ने भएका छन्। सिन्धुपाल्चोक तेक्वान्दो कार्यसमितिका सचिवसमेत रहेका भण्डारीले सिओलमा हुने हाङ्मदाङ तेक्वान्दो च्याम्पियनसिपमा ब्रेकिङ र ग्रुप फाइटमा समेत प्रतिस्पर्धा गर्नेछन्।

त्यस्तै २७ जुलाईदेखि १ अगस्टसम्म हुने च्याम्पियनसिपमा भण्डारीले ब्रेकिङतर्फ भेट्रान्समा प्रतिस्पर्धा गर्न लागेका हुन्। मुजुमा तेक्वान्दोका अर्का प्रशिक्षक नोर्बु लामाले ४० वर्षमाथिको पुम्सेमा प्रतिस्पर्धा गर्नेछन्। उनीहरूले बुधबार राति कोरियाप्रस्थान गर्दै छन्।

## धरहरा

### ओली र जिब्रो



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पछिल्लो समय हाइहाइ भइरहेको कुरा स्थानीय तहको हालैको चुनावको परिणामले पनि देखाइसकेको छ। उहाँको अडानमा एकरूपता छ भन्ने कुरामा सबै सहमत पाइन्छन्। नेतृत्व तहमा हुनुपर्ने गुण भनेको आवश्यक अडान र आवश्यकताअनुसारको लचकता पनि हो भनिन्छ। त्यो उहाँमा थोरबहुत भएको देखिन्छ।

तर, गएको मंगलबार राजधानीको एउटा कार्यक्रममा बोल्दै उहाँले एमालेले चुनाव जित्यो भनेर राष्ट्रपतिको गाडीको कुरा उठाएको भनेर भन्नुभएको समेत सुनियो। एमाले र राष्ट्रपतिलाई अहिले जोड्न उपयुक्त हो र भन्या ? राष्ट्रपतिलाई अझै कमरेडले एमाले नै ठान्नु हुन्छ कि के हो ? यो चाहिं अलि मिलेन कि जस्तो लाग्यो है। राष्ट्रपतिको पृष्ठभूमि जेसुकै भए पनि उहाँ अब सबै नेपाल र नेपालीको राष्ट्रपति हो। स्थानीय तहमा १ नम्बर पार्टी भइसकेको पार्टीका अध्यक्षले नै यसरी राष्ट्रपतिलाई एउटा दायरामा मात्रै सीमित गर्न खोज्नु अलि कुरा मिलेन कि ? उहाँलाई स्वतन्त्र ढंगले प्रतिवाद गर्न दिऔं न होऊ।

अझ राष्ट्रपति सेरेमोनियल हुने हुँदा उहाँ विवादमा आउनु भनेको सरकार विवादमा आउनु हो। प्रधानमन्त्रीले पो प्रतिवाद गर्नुपर्छ। ठूला पदलाई जहिले पनि राजनीतिसँग नमुछ्दा राम्रो हुन्छ कि ? ओली कमरेडलाई धरहराले यस्ता कुरा सिकाइ रहनुपर्ने त होइन। तर, उहाँको हाड नभएको जिब्रो लटपटिएको हो कि भनेर धरहराले यसो संझाएको है, अन्यथा नमानियोस्।

## कुराँसलाई सहयोग

काठमाडौं, (नेस)। कुराँस खेलाडीको क्षमता अभिवृद्धि गर्न माउन्टेन मल्टिपल कन्सल्टेन्सी प्रालि. ले नेपाल कुराँस संघलाई बुधबार आर्थिक सहयोग उपलब्ध गराएको छ।

माउन्टेनका निर्देशक प्रवीणकुमार बलले कुराँस संघका अध्यक्ष दानबहादुर घिसिङ र महासचिव ध्रुवराज न्यौपानेलाई ५० हजार रुपियाँको चेक हस्तान्तरण गरे।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

बैक तथा नगद काउण्टर खुला रहने सम्बन्धी सूचना

मिति २०७४ असार ३१ गते शनिवारका दिन करदाताहरुको सुविधाको लागि आन्तरिक राजस्व विभाग अर्न्तगतका कार्यालयका नगद काउण्टर एवं राजस्व संकलनको अनुमति पाएका बैंकका शाखा तथा काउण्टरहरुबाट दिनको ५ बजेसम्म राजस्व बुझ्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

गौंरवका साथ तिरौं कर,
समृद्ध राष्ट्र हाम्रो रहर।










कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ